



● वर्ष १५ ● अंक १० ● काठमाडौं, शुक्रबार, साउन २, २०६६ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, July 17 , 2009 पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु.१०/-

# 4-D फिल्म हल नेपालमा


बिदुर खतिवडा

अधिकांश दर्शकहरू पर्दाको चलचित्र हेरेर त्यसमै हराउँछन्। दर्शकहरू चलचित्रमा मनपर्ने कलाकारकको दुःखमा रुन्छन् भने उनीहरूको सफलतामा हौसिंदै चलचित्रको सिक्वेन्स अनुसार 'मुड' बनाउँछन्। यस्ता दर्शकहरू आफैं चलचित्रमा अभिनय गर्न पाए के गर्दा हुन् ? चलचित्र हेर्न हलभित्र छिरेर आफैं अभिनय गर्दै चलचित्र हेर्न सकिने फोर डाइमेन्सनल '4-D फिल्म' हल नेपालमा पनि भित्रिएको छ।

क्रेजी एम्युजमेन्ट प्रालीले नेपालमा भित्र्याएको फोर डाइमेन्सनल '4-D फिल्म' का लागि विशेष किसिमको हल चाहिन्छ। फोर डाइमेन्सनल चलचित्र चलिरहँदा पानी परे हलमा पनि पानी पर्छ। आगो लाग्दा तातो हुन्छ भने हावा लाग्दा हलमा पनि हावा लाग्छ। त्यस्तै आँधीबेहरी आउँदा आँधीबेहरी आउँछ भने सर्पले टोक्दा खुट्टामा सर्पले टोकेको जस्तो अनुभूति हुन्छ। यसका साथै चलचित्रको दृश्यअनुसार दर्शकको सिट पनि चलायमान हुन्छ। गत साता हास्यकलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले उद्घाटन गरेको सिने ब्लास्ट नेपाल सिनेमा हलमा एक पटकमा २२ जना दर्शकले मात्र चलचित्र हेर्न सक्छन्।

फोर डाइमेन्सनल फिल्म अन्तर्गत अहिले सिने ब्लास्टले कमलपोखरीस्थित सिटी सेन्टरमा १५ मिनेटको 'म्याजिमाइन' र 'इन्सेक्टोपिया' प्रदर्शन गरिरहेको छ। डरलाग्दो साँघुरो भूमिगत रेलयात्रामा आधारित म्याजिमाइन हेर्दा दर्शकले अलौकिक यात्रा गरेको अनुभुती गर्छन्। भूमिगत बाटोमा आउने थुप्रै डरलाग्दा घटना आफैंले भोगिरहेजस्तो लाग्छ। एकदमै तीव्र गतिमा दौडने रेल पटक-पटक दुर्घटनामा पर्छ, त्यसबेला दुर्घटनाको सिकार पनि आफैं भएजस्तो हुन्छ।

अर्को चलचित्र इन्सेक्टोपियामा जंगलयात्राका क्रममा कीराहरूको संसारमा प्रवेश गरिन्छ। यात्राका क्रममा भेटिने ठूला जातका माकुरा, मौरी, अरिंगाल, एनाकोण्डा तथा बिच्छीले लगातार आक्रमण गर्छन्। यस्ता कीराले झम्टँदा दर्शकहरू तर्सन बाध्य हुन्छन्, किनभने कीराहरू सानो भए पनि आँखाअगाडि तिनीहरू ठूलो स्वरूपमा देखिन्छन्। आक्रमणका क्रममा कीराहरू टाउकामा प्रवेश गरेको, खुट्टालाई बेरेजस्तो लाग्छ। त्यतिमात्र होइन, कीराको मुखबाट पानी निस्किँदा दर्शक आफैं भिज्छन्। किशोर तथा युवा वर्गलाई लक्षित गरेर सञ्चालनमा ल्याइएको '4-D फिल्म' हेर्न ३ सय रुपैयाँ शुल्क लाग्छ। तीन वर्षमुनिका शिशु, गर्भवती महिला तथा हृदयरोगका बिरामीलाई यस्ता चलचित्र हेर्न वर्जित गरिएको छ।

बाँकी पृष्ठ २१ मा



साप्ताहिक झल्को

मध्यपृष्ठमा

ब्रिटिसा अधिकारी



## ● रंगमञ्च ●

### गुरुकुलमा इडिपस रेक्स

यसअघि आरोहणले राजधानीमा दुई पटक मञ्चन गरिसकेको ऐतिहासिक नाटक 'इडिपस रेक्स' अहिले पुनः दर्शकमाझ प्रस्तुत भएको छ। करिब २ हजार ५ सय वर्षअघि पहिलो पटक प्रदर्शनमा आएको यो नाटक सोफोक्लेजले लेखेका हुन्। यो विश्वप्रसिद्ध ट्र्याजडी नाटकको नियमित प्रदर्शन गत शनिबार प्रारम्भ भएको छ। पुरानो बानेश्वरस्थित गुरुकुलमा मञ्चन भैरहेको यो नाटकको नेपालीमा अनुवाद तथा निर्देशन सुनिल पोखरेलले गरेका हुन्। नाटकमा घुँघरिलो केश पालेका सौगात मल्ल अभागी राजा 'इडिपस'को भूमिकामा प्रभावशाली देखिएका छन्। सौगातका अतिरिक्त शंकाको घेरामा पर्ने मन्त्रीको भूमिकामा प्रवीण खतिवडा, दुःखी रानीको भूमिकामा अरुणा कार्की तथा ज्योतिषको भूमिकामा राजकुमार पुडासैनीले अभिनय गरेका छन्। सरिता गिरी, कमलमणि नेपाल, पशुपति राई, रविन्द्रसिहं बानियाँ, सजन थापामगर, बिपिन कार्की, सरस्वती चौधरी तथा विष्णुभक्त फुयाँलले पनि नाटकमा विभिन्न भूमिका निर्वाह गरेका छन्। 'इडिपस रेक्स' त्रिभुवन विश्वविद्यालय स्नातक तहको अंग्रेजी पाठ्यक्रममा पनि पढाइ हुन्छ।

## ● ग्यालरी ●

### माई प्वाइन्ट अफ भ्यू

पन्ध्र वर्षीय फोटोग्राफर विभास महर्जन सुवालद्वारा खिचिएका तस्बिरहरूको प्रदर्शन गत सोमबारदेखि राजधानीको न्युरोड गेट तथा मैतीदेवीमा हालै सञ्चालनमा आएको १८२७ ग्यालरीमा भैरहेको छ। कक्षा १० का छात्र सुवालले शैक्षिक तथा पारिवारिक भ्रमणमा जाँदा खिचेका नाम्चेबजार क्षेत्र, खुम्बु, काठमाडौं तथा भारतका तस्बिर प्रदर्शनीमा राखेका छन्। यो प्रदर्शनी एक महिनासम्म चल्नेछ।

### फोटो र चलचित्र प्रदर्शनी

नेपालमा माओवादी विद्रोहका कारण सर्वसाधारण जनतामा परेको प्रभावका बारेमा नयाँदिल्लीमा एउटा फोटो प्रदर्शनी प्रारम्भ भएको छ। गत असार ३१ गतेदेखि इन्डिया इन्टरनेशनल सेन्टर (आईआईसी) मा सुरु भएको प्रदर्शनी आगामी मंगलबार साउन ६ गतेसम्म चल्नेछ। प्रदर्शनीमा चर्चित फोटो पुस्तक 'लडाइँमा जनता'बाट छानिएका तस्बिर राखिएका छन्। यसअघि उक्त फोटोको प्रदर्शनी यात्रा नेपालका द्वन्द्वप्रभावित ३२ जिल्लामा सम्पन्न भैसकेको छ जसलाई ३ लाख ५० हजार दर्शकले अवलोकन गरिसकेका छन्। सोही प्रदर्शनी यात्राको सेरोफेरोमा रहेर निर्माण भएको वृत्तचित्र 'युद्धचित्र' पनि हिजो साउन १ गते इन्डिया इन्टरनेसनल सेन्टर (आई.आई.सी.) मा प्रदर्शन गरिएको थियो।

### क्यानभासमा दुर्व्यसन अनुभूति

पुनःस्थापित दुर्व्यसनीहरूले आफ्नो अनुभूतिलाई रंग तथा ब्रसको माध्यमबाट क्यानभासमा उतारेका छन्। राजधानीको छाउनीस्थित संगति एक्सटेन्ड केयर सेन्टरमा आयोजित ड्रग रिह्याब पेन्टिङ वर्कसपमा विभिन्न केन्द्रका करिब एक दर्जन युवा-युवतीले आ-आफ्ना भावना चित्रमा उतारेका छन्। तिनै चित्रका साथै ललितकला क्याम्पसका विद्यार्थीहरूद्वारा तयार पारिएका चित्रलाई आइतबारदेखि प्रदर्शनीमा ल्याइएको छ। हास्यजोडी मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यले प्रदर्शनीको उद्घाटन गरेका थिए। बबरमहलस्थित नेपाल कला परिषद्मा भैरहेको यो प्रदर्शनीको शीर्षक 'पुनर्स्थापित दुर्व्यसनी चित्रकला कार्यशाला तथा अन्तरकलेज कला प्रदर्शनी' राखिएको छ। इस्टेसी डी आर्ट ग्रुप तथा लकस पुचःद्वारा संयुक्त रूपमा आयोजित उक्त प्रदर्शनी आगामी आइतबारसम्म जारी रहनेछ। प्रदर्शनीमा समसामयिक विषय प्रतिविम्बित गरिएका १ सय २० वटा चित्र समावेश छन्।

### कर्णाली फोटो यात्रा

कर्णालीको जनजीवन, प्राकृतिक सौन्दर्य, कला, संस्कृति तथा प्रसिद्ध पर्यटकीय स्थल झल्कने आकर्षक तस्बिरहरूको प्रदर्शनी राजधानीमा सम्पन्न भएको छ। राजधानीको पर्यटन बोर्डमा आयोजित प्रदर्शनी 'कर्णाली फोटो यात्रा' मा दर्शक सहभागिता बढिरहेको छ। अघिल्लो सोमबार प्रारम्भ भएको उक्त प्रदर्शनीमा राखिएका तस्बिरको मूल्य ३५ सयदेखि ७ हजारसम्म छ। तस्बिर बिक्रीबाट उठेको पैसा जुम्लामा खस संग्रहालय स्थापनाको सहयोगका लागि प्रदान गरिने आयोजकहरूले बताएका छन्। प्रदर्शनीमा हिङश्याप टासी लामा, गोरख विष्ट, जनक नेपाल, दिलीप थापा मगर तथा राजु कार्कीले खिचेका तस्बिर समावेश छन्।

## ● पुस्तक ●

### खस-ब्यासी-थपाल्याको नलेखिएको इतिहास

कर्णाली क्षेत्रमा बसोबास गर्ने खस-ब्यासी-थपाल्या समुदायको इतिहास कोट्याउने पुस्तक हो- खस-ब्यासी-थपाल्याको नलेखिएको इतिहास। दीपेन्द्र रोकायाद्वारा लेखिएको यो पुस्तकमा उक्त समुदायको उत्पत्ति, विकास र वर्तमान अवस्थालाई चित्रण गर्दै कर्णाली क्षेत्रका यी लोपोन्मुख जातिको सांस्कृतिक, धार्मिक एवं परम्परागत पक्षलाई समाजशास्त्रीय दृष्टिकोण विश्लेषण गरिएको छ।


### जापानतिर बरालिंदा

लेखक क्रान्ति श्रेष्ठले जापान बसाइका क्रममा भोगेका अनुभूतिलाई आत्मपरक निबन्धका रूपमा प्रस्तुत गरेका छन्। यात्रा संस्मरणको परम्परागत शैलीमा लेखिएको यो पुस्तकमा जापानको विभिन्न स्थानको उल्लेख गर्दा लेखकले नेपाली सन्दर्भ पनि जोडेका छन्।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## यो साताको पञ्चाङ्ग

साउन २ गते : एकादशी, ५ गते : घण्टाकर्ण चतुर्दशी, ७ गते : सूर्यग्रहण, ८ गते : गुँलाधर्म प्रारम्भ ।

### मेष

पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। व्यवसायमा सफलता हात लाग्नेछ। विवाद बढ्ने हुँदा संयमित रहनुहोला। घरेलु समस्याले सताउन सक्छ, तसर्थ घरबाहिरै रहनु उचित हुन्छ। विश्वास गरेकाहरूले धोका दिन सक्ने हुँदा गोपनियता अपनाउनुपर्ने बेला छ।

### मिथुन

धन आर्जन गर्ने अवसर मिल्नेछ। अरूबाट सहयोग पनि पाउनुहोला। मान-सम्मान प्राप्त हुनेछ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। यात्रा रमाइलो होला। ठूला व्यक्तिले प्रशंसा गर्नेछन्। बोल्दा विचार पुऱ्याउनुहोला। धनमाल हराउन सक्छ। अरूको विश्वास गरिहाल्नु उचित हुँदैन।

### सिंह

नैराश्यता एवं उदासीनता बढ्न सक्छ। काममा अवरोध आउनेछ। शनिबारदेखि मानसम्मान मिल्ने, काममा सुधार आउने तथा धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने देखिन्छ। बुधबार तथा बिहीबार खर्च एवं विवादले सताउन सक्छ।

### तुला

यात्रा गर्ने अवसर प्राप्त होला। भेटघाटमा रमाउन पाइनेछ। शनिबारदेखि मंगलबारसम्म स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा मन चिन्तित रहने योग छ। शरीरमा चोटपटक लाग्न सक्छ। बुधबार तथा बिहीबार मान-सम्मान पाइने एवं काममा सफलता मिल्ने देखिन्छ।

### धनु

गलत विचार बढेका कारण काममा सफलता पाउन गाह्रो पर्ला। स्वास्थ्य गडबड रहनेछ भने कुरा काट्नेहरू सक्रिय हुनेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। शनिबारदेखि मंगलबारसम्म काममा सफलता हात लाग्नेछ। धन आर्जन गर्नेअवसर जुट्नुका साथै रमाइलो यात्रा हुनसक्छ।

### कुम्भ

पराक्रम बढ्नेछ भने अधुरा काम बन्नुका साथै नयाँ काम पाइने योग छ। शनिबारदेखि मंगलबारसम्म घरेलु समस्याले सताउने, काममा अवरोध आउने तथा गलत विचार बढ्ने देखिन्छ। प्रतिस्पर्धीहरू सक्रिय रहनेछन्। बुधबार तथा बिहीबार काममा सफलता मिल्ने एवं धन आर्जन हुने योग छ।

### वृष

खर्च तथा विवादका साथै दुविधा बढ्न सक्छ। काममा सफलता पाउन गाह्रो पर्ला। कुरा काट्नेहरू सक्रिय रहनेछन्। धनमाल हराउन सक्छ। शनिबार, आइतबार, बुधबार र बिहीबार मान-सम्मान एवं काममा सफलता मिल्नेछ। धन आर्जन पनि हुनसक्छ। अरूबाट प्रशंसा पाउनुहोला।

### कर्कट

प्रशंसा पाइने योग छ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। धन आर्जन हुनसक्छ। सभा-सम्मेलनमा सहभागी हुने अवसर मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। सोमबार तथा मंगलबार खर्च एवं विवाद बढ्नेछ। काममा अवरोध आउनुका साथै मन चिन्तित रहन सक्छ।

### कन्या

स्वास्थ्य कमजोर रहनेछ भने मन चिन्तित रहनेछ। सानोतिनो काम गर्न पनि आँट आउनेछैन। विश्वास गरेकाहरूले धोका दिन सक्छन् भने शत्रुले दुःख दिनेछन्। सोमबारदेखि मान-सम्मान तथा काममा सफलता मिल्नेछ। पराक्रम बढ्ने तथा अधुरा काम बन्ने योग छ। नयाँ काम पाइनुका साथै धन आर्जन हुने देखिन्छ।

### वृश्चिक

धन आर्जन गर्ने अवसर मिल्नेछ। काममा पनि सफलता पाउनुहोला। व्यवसाय लाभप्रद रहनेछ। यात्रा रमाइलो हुनेछ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। अरूबाट प्रशंसा पाइन सक्छ। सोमबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।


### मकर

घरेलु समस्याले सताउने तथा काममा अवरोध आउने देखिन्छ। मन दुविधाग्रस्त रहनेछ। गलत विचार पनि बढ्न सक्छ। समयमा निर्णय नहुँदा आफ्ना काममा अरूले अधिकार जमाउनेछन्। सोमबारदेखि परिश्रम गर्दा काममा सफलता तथा धन आर्जन गर्ने अवसर मिल्नेछ। यात्रा पनि हुनसक्छ।

### मीन

विवाद बढ्नेछ भने काममा अवरोध आउन सक्छ। घरेलु समस्याले सताउनुका साथै चिन्ता बढ्ने योग छ। प्रतिस्पर्धीहरू सक्रिय रहनेछन्। गलत विचारले सताउन सक्छ। अरूबाट हुने आलोचनाले मनोबल घटाउला। पराक्रम बढ्ने, अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ।





# सूर्यग्रहणमा इलाम

*इलामे सहर चियाबारी राम्रो*
*त्यहीं पऱ्यो घर हाम्रो*
*कसकी हौ छोरी पातली*
*मोरी लैजाने आँट हाम्रो ।*

यस वर्ष इलाममा जुगमै नभएको घटना हुन लागेको छ। पर्यटकीय महत्त्व बोकेको इलाममा नयाँ किसिमका पर्यटक भित्र्याउन त्यहाँका पर्यटन व्यवसायीहरू तम्तयार छन्। इलामको फिक्कलबाट साउन ७ गते बुधबार ३ मिनेटभन्दा बढी समयसम्म देख्न पाइने भएकाले पर्यटन व्यवसायीहरू त्यहाँ देशविदेशका पर्यटक ल्याउन जुटेका छन्। इलामको फिक्कल क्याम्पसको संयोजकत्वमा काठमाडौंबाट ज्योतिष तथा खगोलविज्ञहरूको टोली त्यस दिनको ग्रहण अवलोकन गर्न फिक्कल जानेको भएको छ।

यस पटक करिब साढे छ मिनेटसम्म सूर्यमा कालो दाग लागेको देख्न पाइनेछ। भारतबाट सुरु हुने सूर्यग्रहण नेपाल, बंगालादेश, भुटान तथा चीनबाट अवलोकन गर्न सकिनेछ।

यस वर्ष इलामबाट ३ मिनेट ८ सेकेन्डसम्म सूर्यमा कालो दाग लागेको देख्न पाइनेछ। त्यहाँ बिहान ५ बजेर ४५ मिनेटमा ग्रहण सुरु हुनेछ। त्यसैगरी विराटनगरमा ३ मिनेटसम्म पूरा ग्रहण लाग्नेछ। त्यहाँ पनि बिहान ५ बजेर ४५ मिनेटकै हाराहारीमा ग्रहण लाग्नेछ। जनकपुरमा भने २५ सेकेन्डसम्म पूरा ग्रहण लाग्नेछ।

देशका अन्य भागबाट भने पूरा ग्रहण लागेको देख्न पाइनेछैन। राजधानी उपत्यकामा बिहान ५ बजेर ४६ मिनेटमा सुरु हुने आंशिक ग्रहण बिहान ७ बजेर ४५ मिनेटसम्म लाग्नेछ। भैरहवामा बिहान ५ बजेर ४६ मिनेटदेखि बिहान ७ बजेर ४३ मिनेटसम्म ग्रहण लाग्नेछ। नेपालगन्जमा बिहान ५ बजेर ४७ मिनेट जाँदा सुरु हुने ग्रहण बिहान ७ बजेर ४२ मिनेटमा हट्नेछ। महेन्द्रनगरमा भने बिहान ५ बजेर ४८ मिनेटमा सुरु हुने ग्रहण ७ बजेर ४१ मिनेटसम्म लाग्नेछ।

**इलामका बारेमा**

दार्जीलिङसँग जोडिएको इलाम जिल्लालाई नेपाल सरकारले सूचीकृत गरेको हिल स्टेसनमा समावेश गरिएको छ। त्यसैले इलाम डाँडाकाँडा हेर्न चाहनेहरूका लागि उपयुक्त गन्तव्य हो।

समुद्री सतहभन्दा १ हजार ७ मिटरको उचाइमा स्थित अन्तु डाँडा यहाँको महत्त्वपूर्ण पर्यटकीय गन्तव्य हो। यहाँबाट सगरमाथा र कञ्चनजंघा हिमाल छर्लङ्गै देख्न सकिन्छ। सूर्योदय र सूर्यास्त हेर्न आउने मानिसहरूको यहाँ बाक्लो उपस्थित हुने गरेको छ। सूर्यग्रहणको दिन भने त्यहाँ अझ बढी मानिस उपस्थित हुनेछन्। इलामको छिपीटारबाट अन्तुडाँडा पुग्न ३ घण्टा पैदल हिँड्नुपर्छ।

२ हजार ५ सय मिटर उचाइमा रहेको माईपोखरी पनि ग्रहण हेर्न उपयुक्त गन्तव्य हो। यो ठाउँ इलाम बजारबाट १४ किलोमिटर उत्तरमा छ। ग्रहणको अघिल्लो रात माईपोखरी पुग्न सके ग्रहण हुन लागेको सूर्य हेर्ने अवसर मिल्छ।

इलाममा साना र मझौला स्तरका होटल र लजहरू सञ्चालनमा छन्। माईपोखरी वा अन्तुडाँडामा क्याम्प फायर गरी सूर्योदयको स्वागत गरेर सूर्य ग्रहणको मज्जा लिन चाहनेहरूका लागि स्थानीयवासीहरूले बासको व्यवस्था मिलाएका छन्।

**कसरी जाने ?**

काठमाडौंको गोङ्गबु बसपार्कबाट इलामसम्म जाने बसहरू पाइन्छ। यहाँबाट ७ सय किलोमिटर यात्रा गरेपछि इलाम पुगिन्छ। काठमाडौंबाट विराटनगर र भद्रपुरसम्म हवाईसेवा उपलब्ध छन्। यी ठाउँबाट बिर्तामोड हुँदै इलाम पुग्न सकिन्छ। दार्जीलिङका पर्यटकहरू भने पशुपति नाका हुँदै इलाम आउन सक्छन्। पशुपतिनगर र दार्जीलिङ दुई घण्टा बस यात्राको दूरीमा छन्।

**खानपिन र बास**

स्थानीय परिकारको स्वाद सबैजसो होटल र लजमा उपलब्ध छन्। लोकल कुखुराको मासु यहाँको विशेषता हो। कहीं-कहीं होमस्टेको पनि व्यवस्था छ। होमस्टेमा सरदर दुई सय रुपैयाँमा बास बस्न पाइन्छ।

**ग्रहण हेरेपछि**

माईपोखरीबाट खोर्सानीटार हुँदै पाँच घण्टाको पैदलयात्रापछि ३ हजार ७ सय मिटरको उचाइमा रहेको सन्दकपुर पुग्न सकिन्छ। यहाँबाट हिमाली दृश्यावलोकन गर्न सकिन्छ। यहाँका वनजंगलमा मृग, डाँफे तथा रेड पाण्डाहरू पाइन्छन्। इलामबाट तीन घण्टाको पदयात्रापछि सिद्धी थुम्का पुग्न सकिन्छ। ११ थरीका गुराँस पाइने छिनाटापु डाँडा पनि इलामबजारबाट तीन घण्टाको पैदल दूरीमा छ।




● सम्पादकीय ●

# दुर्भाग्यपूर्ण लाचारी

मध्यपश्चिमका जाजरकोटलगायत केही जिल्लामा फैलिएको झाडापखालाबाट अहिलेसम्म सयौं नागरिकले अकाल मृत्युवरण गरिसकेका छन्। २१ औं शताब्दीको प्रविधिको युगमा पनि दुर्गम क्षेत्रका नेपाली जनताले झाडापखालाजस्तो सामान्य रोगका कारण ज्यान गुमाउनुपर्ने बाध्यता कायमै रहनु भनेको मुलुककै लागि लज्जास्पद स्थिति हो। प्रभावित क्षेत्रमा महामारीकै रूपमा फैलिएको झाडापखालाबाट पीडित नागरिकका लागि स्थानीय स्तरमा समयमै स्वास्थ्यसेवा र औषधीमूलो उपलब्ध नहुनुमा सरकार, स्थानीय प्रशासन वा स्वास्थ्यसेवा विभाग, कुन पक्ष जिम्मेवार छ ? यो प्रश्नको छिनोफानो हुँदासम्म महामारी फैलिएको क्षेत्रमा थप नागरिकले ज्यान गुमाइसकेका हुनेछन्। गरिबी र अभावमा रहेका एवं राज्यबाट सधैं दोस्रो दर्जाको व्यवहार खेप्न बाध्य मध्यपश्चिमका पहाडी जिल्लाहरू यसअघि पनि दादुरा, निमोनियाँजस्ता सरुवा रोगबाट पीडित हुँदै आएका थिए।

बर्डफ्लु, स्वाइनफ्लु, एड्सजस्ता विश्वव्यापी चर्चामा रहने रोगहरूले नेपालमा खासै प्रभाव नपार्दा पनि ती रोगविरुद्ध जनचेतना अभियान सञ्चालन गर्न करोडौं रुपैयाँ खर्च गर्ने सरकारले झाडापखालाजस्तो मौसमी र सामान्य औषधीमूलोबाट उपचार सम्भव भएको रोगको नियन्त्रण तथा उपचारमा देखाएको हेलचक्राइँलाई सामान्य मान्ने अवस्था छैन। स्वास्थ्य शिक्षा, सरसफाइ, स्वच्छ खानेपानी र पर्याप्त औषधीमूलो आदिको समयमै व्यवस्था गर्न सकियो भने पनि झाडापखाला नियन्त्रण गर्न सकिन्छ। यसका लागि सरकारले हरेक वर्ष ठूलो रकम छुट्याएको पनि हुन्छ। यस्तो अवस्थामा पनि ग्रामीण क्षेत्रका विपन्न नेपालीहरू झाडापखालाको प्रकोपमा पर्छन् भने त्यसलाई सरकारको व्यवस्थापनसम्बन्धी नालायकी नै भन्नुपर्छ।

विश्व स्वास्थ्य संगठनलगायत अन्य स्वास्थ्य निकायहरूले झाडापखालालाई सामान्य रोगको श्रेणीमा राखे पनि एक तथ्यांकअनुसार बर्सेनि सयौं नेपाली यही रोगका कारण ज्यान गुमाउन बाध्य छन्। यसरी ज्यान गुमाउनेहरूमध्ये बालबालिकाको संख्या धेरै छ। यस्तो अवस्थामा पनि सरकारले झाडापखाला नियन्त्रणका लागि कुनै ठोस कार्यक्रम सञ्चालन गर्न नसक्नु र झाडापखालाको प्रकोप फैलिसकेपछि औषधी तथा अन्य राहत वितरण गर्नुले नेपालको स्वास्थ्यसेवालाई नै अविश्वनीय बनाएको छ। स्वास्थ्यसेवाको क्षेत्रमा प्राप्त उपलब्धि एवं स्वास्थ्यकर्मीहरू सहरमुखी हुनु पनि हाम्रा लागि यस्तो अविश्वनीय स्वास्थ्यसेवाको कारण हुन पुगेको छ। मध्यपश्चिममा फैलिएको झाडापखालालाई एउटा नसिहतका रूपमा लिएर सरकारले यसलाई अबका दिनमा फेरि दोहोरिन नदिन ठोस र व्यावहारिक नीति अवलम्बन गर्नेछ भन्ने आशा गरौं।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

● चिठीपत्र ●



## आधुनिकतातर्फको यात्रा

नागरिक सर्वोच्चता र सत्ता गठबन्धनका नाममा देशमा पुनः राजनैतिक ध्रुवीकरण भएको छ। नेपालको आन्तरिक मामिलामा अन्तर्राष्ट्रिय समुदायको समेत चासो रहेको कुरा विभिन्न राजदूत तथा कूटनैतिक नियोगका प्रतिनिधिहरूबाट भएका सार्वजनिक दृष्टिकोण एवं व्यवहारबाट पुष्टि हुन्छ। ठूल्ठूला राजनैतिक परिवर्तन हुँदा समेत यहाँको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनैतिक जीवनमा खासै परिवर्तन नभएको कुरा विभिन्न समयमा प्रकाशित मानव विकास सूचकांकका तथ्यहरूबाट स्पष्ट हुन्छ।

आज एकाइसौं शताब्दीमा पनि नेपाली जनताको जीवनस्तर अत्यन्तै विपन्न छ। यसको ठोस कारण सामाजिक संरचना, परिवर्तनप्रति उदासीनता, परम्परागत रुढीवादिता, जमिन्दारी प्रथा, केन्द्रीय राजनीतिमा पुरातनवादी सोचले ग्रस्त वर्गको वर्चस्व तथा दलित तथा महिलाहरूमा विभेद नै प्रमुख रूपमा देखिन्छ। पञ्चायतकालीन अवस्थादेखि नै एउटै वर्ग एवं नेतृत्वले विभिन्न रूप र आवरणमा विभिन्न दलमार्फत् राजनीति गरिरहेको छ, पटक-पटक सत्तामा पुगेको छ भने कसरी नयाँ दिनको आशा गर्ने ? हिंजो पञ्चायतकालमा डाडु-पन्यूँ लिनेहरू नै आज लोकतन्त्रका ऐजेरू बनेर केन्द्रमा हावी भएका छन्। जसका कारण रूपान्तरणको प्रक्रिया र राष्ट्रका समस्या ज्यूँका त्यूँ छन्। नेपालीहरूको राजनैतिक, आर्थिक, सामाजिक एवं शैक्षिक जीवनस्तरमा कुनै उल्लेख्य प्रभाव पर्न सकेको छैन मात्र वहस र द्वन्द्वमा समय खेर गएको छ।

नेपालको भौगोलिक अवस्था एवं प्राकृतिक स्रोत-साधनको सम्पन्नतालाई हेर्ने हो भने बिजुली, खानेपानीजस्ता सेवा र सुविधाका हिसाबले अत्यन्तै सुलभ मान्न सकिन्छ तर नेपालका अधिकांश जनता न्यूनतम मानवीय आवश्यकताभन्दा पर छन्। नेपालका आदिवासी तथा दलित समुदायका लाखौं मानिस आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानीबाट समेत वञ्चित छन्। त्यति मात्र नभै गाँस, बास र कपासकै अभाव खड्किएको छ। नेपालका अधिंकाश भूभागको बसोबास आदिम युगको जस्तै छ। शिक्षा/स्वास्थ्यप्रतिको चेतना पनि शून्यप्राय छ। महिला शिक्षा तथा सशक्तीकरण अत्यन्तै न्यून छ। जातीय भेदभाव, रुढीवाद/अन्धविश्वास, अशिक्षा आदि जस्ता कुरीतिले यहाँको जनजीवन निकै कष्टकर छ। जति शिक्षित र सम्पन्न छन् ती पनि निम्नवर्गीय तथा बहुसंख्यक नभई जमिन्दार एवं सम्पन्न वर्गबाट आएका छन् र राजनीतिमा समेत त्यही वर्गको वर्चस्व छ।

नेपालका राजनैतिक दलका नेताहरूले जनता भन्ने शब्दको दुरुपयोग गरेर यसलाई राजनीतिको माध्यम बनाएका छन्। जनतालाई केवल भोटबैंकका रूपमा मात्र प्रयोग गरिरहेका छन्। आज मुलुकमा सत्ता ग्रहण गर्ने दाउ मात्र छ तर जिम्मेबारी बहन गर्नेहरूको काम भाषणमा भन्दा बाहेक कहीं पाउन सकिंदैन। हाम्रा राजनीतिज्ञहरू गरिबीलाई आधार बनाएर वर्षौंदेखि सत्ताको मह चाटिरहेका छन्। सामुदायिक सशक्तीकरणका लागि केही नयाँ कार्यक्रम आउने संकेत मिल्दा पनि विभिन्न बहानामा अवरोध तेर्स्याइन्छ। हामी नेपाली न्यूनतम मानवीय आवश्यकताबाट समेत वञ्चित रहेकोमा कसैको ध्यान गएको देखिंदैन।

हामी आफैले आफैलाई उपेक्षा गर्न खोजेको त होइन ? हामीलाई थाहा छ- हामी नेपाली जनता आफ्ना नैसर्गिक हक-अधिकारबाट वञ्चित छौं। हामीमाथि राज्यबाट वर्षौंदेखि भेदभाव तथा अन्याय छ। देशका ९० प्रतिशतभन्दा बढी जनताले आर्थिक/सामाजिक, शैक्षिक विपन्नता झेलिरहेका छन्। हामी शिक्षा/स्वास्थ्य जस्ता आधारभूत मानवीय आवश्यकताबाट कोशौं टाढा छौं। जनताको चेतनास्तर अझै पनि न्यून छ। राज्यका प्रमुख निकायहरूमा सबै वर्गको प्रतिनिधित्व हुन सकेको छैन। हामीले बुझ्नुपर्ने तथ्य के हो भने राष्ट्रलाई नेतृत्व गर्ने कथित नेताहरूले अहिलेसम्म किन नेपाली जनताको जीवनस्तर विकासका निम्ति कुनै उल्लेखनीय कार्य गर्न सकेनन् ? आधुनिक युगमा पनि किन उनीहरूलाई शिक्षा, स्वास्थ्यप्रतिको चेतना आदिजस्ता कार्यमा अग्रसर गराउने प्रयास गर्न सकेनन् ? आजसम्म पनि किन नेपालीहरू परम्परागत रुढीवादिताबाट मुक्त भै आधुनिक समाजसँग समाहित हुन सकिरहेका छैनन् ?

**-वासुदेव देवकोटा, गोरखा**

● तीतो सत्य ●

-भित्री चाहना हुनुपर्छ मानिसले गर्न नसक्ने केही छैन।

-भूल सबैबाट हुन्छ तर त्यसलाई फेरि नदोहोऱ्याऊ।

-भौतिक सन्तुष्टिभन्दा आत्मिक सन्तुष्टि नै उत्तम हुन्छ।

-निरन्तरतालाई आत्मसाथ गर्नु नै सफलता हात पार्नु हो।

-असफलता नै सफलताको पहिलो खुड्कलो हो।

**उमेश वान्तवा राई, पाँचथर**

-बितेको समयलाई मनन नगरी भविष्यको कल्पना गर्न सकिंदैन।

-चाप्लुसी गर्ने मानिस कहिल्यै आफ्नो कर्तव्य पालन गर्दैन।

**बाबु खिउँज्**

-जति बूढो भए पनि दुष्ट, दुष्ट नै हुन्छ, जति पाके पनि तीतो फल तीतै रहन्छ।

-मानिसलाई घृणा गर्नु मुसाबाट छुट्कारा पाउन आफ्नै घर सल्काउनु जस्तै हो।

-कुराकानी प्रिय होस्, बनावटी नहोस्, स्वच्छन्द होस् तर अश्लील नहोस्, विद्वतापूर्ण नहोस्, अनौठो होस् तर असत्य नहोस् त्यो मानिस नै सच्चा मानिस हो।

bhai_bibekpearl@yahoo.com

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*-सम्पादक*

● सहर चर्चा ●

## पाइलट चलचित्र निर्देशनतिर

मनाङ एयरकी हेलिकप्टर चालक सरिना गुरुङ चलचित्र निर्देशनतर्फ लहसिएकी छिन्। नेपालकी एक मात्र हेलिकप्टर चालकका रूपमा चर्चा कमाएपछि उनी चलचित्र निर्देशनतर्फ हान्निएको बताउँछिन्। २०६१ सालमा किराँत संस्कृतिमा आधारित 'सिरिम' चलचित्र बनाएकी सरिना अहिले आफ्नै जातिको वृत्तचित्र निर्माणको तयारीमा छन्। अधिकांश समय आकाशमै बिताउने सरिनाले आफ्नो सौख पूरा गर्न चलचित्र क्षेत्रमा आएको बताइन्। 'अरू बिदा मनाउन देश-विदेश घुम्छन्, म चलचित्रमा व्यस्त हुन्छु।' केही लोकगीतको निर्देशनसमेत गरेकी गुरुङले भनिन्- 'म नेपाली चलचित्रको पहिलो महिला निर्देशकको उपाधि पाउन चलचित्रमा छिरेकी हुँ। पहिलो महिला निर्देशकका रूपमा सुचित्रा श्रेष्ठको नाम आएपछि आफू चलचित्र क्षेत्रमै अर्को कुनै कीर्तिमान राख्ने प्रयासमा भएको सरिनाले बताइन्।



## म्युजिक भिडियोकी जेनिसा

गायिका सीता केसीको एउटा गीत म्युजिक भिडियोका कारण लोकप्रिय बन्यो। 'आगो हो नसल्काऊ...' गीतको भिडियोमा आकर्षक नृत्य तथा कामुक हाउभाउका कारण मोडल जेनिसा चन्द पनि चर्चित बनिन्। जेनिसाले त्यसअघि पनि थुप्रै म्युजिक भिडियोमा अभिनय गरिसकेकी थिइन् तर 'आगो...' को सफलताले उनलाई व्यस्त बनाएको छ। उनले पहिलो पटक बनेपाको सांगीतिक समूह ग्लुमीगाइजको 'पिरतीको तालमा...' को म्युजिक भिडियोमा अभिनय गरेकी थिइन्। धनगढीकी स्थायी बासिन्दा जेनिसाले मोडलिङ गर्न थालेका दुई वर्ष भयो। २३ वर्षीया जेनिसाले एक दर्जनभन्दा बढी भिडियोमा अभिनय गरिसकेकी छिन्। भिडियोकै कारण उनलाई केही निर्माताले चलचित्रमा अभिनय गर्ने प्रस्ताव पनि गरिरहेका छन्। 'म मोडलिङमै ठीक छु, उनी भन्छिन्- 'चलचित्रमा धेरै समय दिनुपर्ने भएकाले त्यसप्रति खासै रुचि छैन।' नृत्यमा समेत पारंगत ५ फिट ४ इन्च अग्ली जेनिसाका आकर्षक तस्बिर इन्टरनेपाल डटकममा हेर्न सकिन्छ।

● मोडल वाच ●



● मुखाले ●

जनविद्रोह गर्ने बेला भएको छैन। शान्तिपूर्णरूपमा संविधान बन्न नदिए स्वतः जनविद्रोह हुन्छ।

**पुष्पकमल दाहाल**

वर्तमान सरकार नै राष्ट्रिय सरकार हो।

**गिरिजाप्रसाद कोइराला**

राष्ट्रिय सरकार यही हो, माओवादी आए यो अझ विस्तारित हुन्छ।

**ईश्वर पोखरेल**

यो संयुक्त सरकार हो, सहमतिको संस्कृति अनुसार चल्नुपर्छ।

**डा.प्रकाशशरण महत**

हामीले अहिले हतियार बोक्नै पर्दैन, जे चाह्यो त्यही ल्याउने तागत छ, हामीसँग।

**सीपी गजुरेल**

असंवैधानिक तरिकाले बनेको यो सरकारलाई हामीले मान्यता दिएकै छैनौं।

**डा. बाबुराम भट्टराई**

नेपालमा जनगणतन्त्र आउनै सक्दैन।

**सीपी मैनाली**

उग्रवामपन्थी व्यवहारका कारण शिविरमा रहेका माओवादी लडाकु विचलित भएर आपराधिक क्रियाकलापमा लाग्न थालेका छन्।

**झलनाथ खनाल**

मधेशी नेताहरूले मधेशलाई मागि खाने भाँडो बनाएका छन।

**भरत साह**

नेपालमा विदेशी चलचित्र देखाउनु हुँदैन।

**युवराज लामा**

# प्लस टु : अवस्था, सम्भावना र चुनौती







१ डा. विद्यानाथ कोइराला
२ डा. तीर्थ खनियाँ
३ डा. नारायण कोइराला
४ ऋषि तिवारी
५ लोकबहादुर भण्डारी

त्रिभुवन विश्वविद्यालयले प्रत्येक वर्ष प्रवीणता प्रमाणपत्र तह विस्थापन गर्ने निर्णयका लागि प्रस्ताव गर्छ, तर धेरैको विरोधका कारण यो प्रक्रिया त्यत्तिकै रहन्छ। यो प्रस्तावको विरोध गर्नेहरू पनि सिद्धान्ततः प्रमाणपत्र तह विस्थापन गर्ने पक्षमा रहेको पाइन्छ, तर उच्च माध्यमिक शिक्षालाई व्यवस्थित नगरी यो निर्णय लिनु हुँदैन भन्ने उनीहरूको मान्यता रहिआएको छ। उच्च माध्यमिक तह सबैको आकर्षणको केन्द्रविन्दुमा रहँदारहँदै पनि यसमा पनि प्रशस्त कमी-कमजोरी पाइन्छ। यसै सन्दर्भमा उच्च माध्यमिक शिक्षाको सेरोफेरोमा केन्द्रित रही साप्ताहिकले यो क्षेत्रमा संलग्न व्यक्तित्वहरूसँग छलफल कार्यक्रमको आयोजना गर्‍यो। शिक्षाविद् डा. विद्यानाथ कोइराला, उच्च माध्यमिक विद्यालय संघ (हिसान) का सचिव तथा जेभियर इन्टरनेसनल कलेजका प्रमुख लोकबहादर भण्डारी, पिनाकल एकेडेमीका प्रिन्सिपल ऋषि तिवारी, शिक्षाविद् तीर्थ खनियाँ तथा उच्च माध्यमिक शिक्षा परिषद्का सहसचिव डा. नारायणप्रसाद कोइराला यो छलफलमा सहभागी हुनुभयो।

**प्रमाणपत्र तह हटाउने नै हो भने सबै विद्यार्थीको भार थेग्न उच्च माध्यमिक शिक्षा सक्षम होला ?**

अहिलेकै अवस्थामा सक्दैन, तर यसका लागि तीनवटा विकल्पलाई अघि बढाउनुपर्छ। पहिलो– अब शुन्य प्लस टुको अवधारणामा उच्च शिक्षा सञ्चालन गर्नुपर्छ। यसको अर्थ विशुद्ध ११ र १२ कक्षा मात्र सञ्चालन गर्ने कलेजहरूलाई पनि स्वीकृति प्रदान गरिनुपर्छ। यसो हुँदा प्राइभेट कलेजहरू पनि प्रोत्साहित हुन्छन्। दोस्रो– पब्लिक स्कुलहरूलाई ११ र १२ कक्षा सञ्चालन गर्न प्रोत्साहित गर्नुपर्छ। सामुदायिक स्कुलका लागि धरौटी राख्नुपर्ने व्यवस्थालाई हटाउनुपर्छ र कमसेकम दुई शिक्षक राहतस्वरूप उपलब्ध गराउनुपर्छ। तेस्रो– सरकारले समुदायको सहयोगमा सामुदायिक कलेजहरू सञ्चालन गर्नुपर्छ। यो अवस्थामा स्थानीय आवश्यकता अनुसारका कोर्सहरू सञ्चालन गर्न सकिन्छ। कति शुल्क लिने र कस्तो प्रकारको शैक्षिक कार्यक्रम सञ्चालन गर्नेभन्ने विषयमा स्थानीय रूपमैछलफल गर्नसकिन्छ।

**शिक्षाविद् डा. विद्यानाथ कोइराला**

नसक्ने भन्ने प्रश्नै आउँदैन। अहिले उच्च माध्यमिक शिक्षा परिषद्ले सम्बन्धन दिएका १ हजार ९ सय ७६ विद्यालय छन्, जुन थपिने क्रम जारी छ। एउटा स्कुलले ३ सय विद्यार्थीलाई थेग्न सक्ने आधारमा यो वर्ष एसएलसी उत्तीर्ण विद्यार्थीहरू पनि सजिलै उच्च माध्यमिक शिक्षाको पहुँचमा पुग्न सक्छन्। सरकारले त्रिभुवन विश्वविद्यालयमा गरेको लगानी पनि यता दिनुपर्छ।

**सहसचिव डा. नारायण कोइराला**

भार थेग्न सक्ने सामर्थ्यका आधारमा नै कुनै पनि प्लस टुहरूले शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका

**बाँकी पृष्ठ १० मा**


**के तपाईंमा यौन सम्बन्धी समस्या छ?**

**पुरुषहरूमा देखिने**

शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु।

**महिलाहरूमा देखिने**

सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु।

**सुन्दरता** अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेतो दुबी, साथै अन्य चर्मरोगहरु।

**महिला वा पुरुषहरुमा हुने बांझोपन (नि:सन्तान) को गोपनियताका साथ उपचार**

सम्पर्क स्थान: **माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक**

पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५

**शाखा कार्यालय**

पोखरा - ०६१-५३९१९४ बुटवल - ०७१-५४८८९३
भरतपुर - ०५६-५२०९६८ इटहरी - ०२५-५८४०८८
दाङ - ९८४७८७७११४, ९८०६२०९८००
हेटौंडा - ०५७-५२६०४६ सप्तरी, फत्तेपुर - ०३१-५५०११२





# प्रतिस्पर्धा र गुणस्तरीय शिक्षाको क्षेत्रमा त्रिभुवन विश्वविद्यालय

२०१६ सालमा स्थापित त्रिभुवन विश्वविद्यालयअन्तर्गत चारवटा संकाय, पाँचवटा अध्ययन संस्थान र चारवटा अनुसन्धान केन्द्र तथा ६१ वटा आङ्गिक क्याम्पस, ३२ वटा केन्द्रीय विभाग र लगभग २ सय सम्बन्धनप्राप्त क्याम्पस छन् ।

त्रिभुवन विश्वविद्यालय अरू विश्वविद्यालयको तुलनामा ज्यादै सस्तो र स्तरीय भएको टिप्पणी शिक्षा क्षेत्रसँग सम्बन्धित विज्ञहरूको छ ।

त्रिभुवन विश्वविद्यालययमा आमसञ्चार तथा पत्रकारिता, ग्रामीण विकास, वातावरण विज्ञान, बुद्धिज्म, लैङ्गिक विकासजस्ता विषयमा केन्द्रीय विभागहरूको स्थापना गरी स्नातकोत्तर तहको कार्यक्रम सञ्चालन गरिएको छ ।

त्रिभुवन विश्वविद्यालयले अनुसन्धान र शिक्षाको स्तर बढाउन शैक्षिक, भौतिक उपकरण एवं सामग्रीहरूको थप र विस्तारसँगै विश्वबैंकको २ अर्बको ऋण सहयोगमा थुप्रै नयाँ आधुनिक सुविधासम्पन्न भवनहरूको निर्माण सम्पन्न गरिसकेको छ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा चिकित्सा क्षेत्रका नवीनतम उपकरण, सेवा, सुविधा थप गरी सेवा सञ्चालन गरिएको छ भने नेपालको सबैभन्दा ठूलो पुस्तकालय त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयमा पनि पाठक तथा अनुसन्धनकर्ताहरूलाई पेरी सुविधा, इन्टरनेट सूचना-प्रविधिमार्फत सामग्रीहरू खोज्न र डाउनलोड गर्न सकिने सेवा उपलब्ध गराइएको छ । यस्तै ऐतिहासिक अभिलेख र पुस्तकहरूको दीर्घकालीन संरक्षण गर्न जापान सरकारको २ करोड बराबरको सांस्कृतिक अनुदानअर्न्तगत विभिन्न प्राविधिक उपकरण तथा सुविधाहरू प्रदान गरिएको छ ।

त्रिभुवन विश्वविद्यालयले शैक्षिक क्षेत्रको उन्नयन एवं स्तर वृद्धिका लागि विश्वका २४ मुलुका ७० भन्दा बढी ठूला विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाहरूसँग सम्बन्ध स्थापन गरी शैक्षिक एवं अनुसन्धानात्मक कार्यक्रमहरू अगाडि बढाउँदै लगेको छ । त्रिभुवन विश्वविद्यालयले अन्तर्राष्ट्रिय जगत्का विश्वविद्यालयहरूसँग सहयोग तथा विद्यार्थी आदान-प्रदान गर्न वैदेशिक छात्रवृत्तिका कार्यक्रमहरू सञ्चालन गर्न र विदेशी विद्यार्थीहरूलाई नेपालमा सोझै भिसा उपलब्ध गराउन सेन्टर फर इन्टरनेसनल रिलेसन नामक छुट्टै निकाय स्थापना गरेको छ ।

त्रिभुवन विश्वविद्यालयले इन्जिनियरिङ, चिकित्सा, वन, विज्ञान तथा प्रविधि, मानविकी, व्यवस्थापन, शिक्षा तथा कानुनजस्ता विषयमा तीनवर्षे स्नातक तह, स्नातकोत्तर तह र एमफिल गरी चार तहमा पठनपाठनको कार्यक्रम र विधावारिधि तहमा अनुसन्धानको कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ ।

**विभिन्न संस्थान र संकायहरू**

त्रिभुवन विश्वविद्यालय उच्च शिक्षा, योग्यता र दक्षता हासिल गर्ने थलो मात्र होइन, यो विभिन्न विषयमा सूक्ष्म अध्ययन र अनुसन्धान गर्ने थलो पनि हो । त्रिभुवन विश्वविद्यालयमा आफूले चाहेको र रोजेको विषय कम शुल्कमा सजिलै अध्ययन गर्न सकिन्छ । विभिन्न विषयको अध्ययन-अध्यापन र अनुसन्धान गर्न गराउन डीन कार्यालयअर्न्तगत अध्ययन संस्थान र संकायहरू स्थापना गरिएका छन् ।

**विज्ञान तथा प्रविधि अध्ययन संस्थान, कीर्तिपुर**

विज्ञान तथा प्रविधि अध्ययन संस्थान, कीर्तिपुरअर्न्तगत भौतिक शास्त्र, रसायन शास्त्र, भूगर्भ शास्त्र, वनस्पति शास्त्र, मौसम तथा जलवायु विज्ञान, वातावरण विज्ञान– विभिन्न नदीको प्रदूषण र वातावरणीय अध्ययन, जीव विज्ञान आदि विषयमा अध्ययन-अध्यापन, अनुसन्धान र सजिला प्रविधिहरूको विकास गर्ने परियोजनाहरूसमेत सञ्चालनमा छन् ।

**इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक**

इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकअन्तर्गत सिभिल इन्जिनियरिङ जस्तै रोड, सिञ्चाइ, बाटोघाटो, पुलपुलेसाहरूको निर्माण र सर्वेक्षण, नापनक्सा बनाउने तथा विस्तृत इन्जिनियरिङ डिजाइनसम्बन्धी अध्यापन गराइन्छ । आर्किटेक्टचर अध्ययन गराई भवनहरूको नापनक्सासम्बन्धी विशेषज्ञता उपलब्ध गराइन्छ। मेकानिकल इन्जिनिरिङ ( हवाईजहाजलगायत विभिन्न खालका सवारी साधनहरूको इन्जन, उद्योगमा जडान भएका मेसिन र इन्जनहरूको निर्माण, मर्मत-सम्भारसम्बन्धी अध्ययन गराइन्छ । इलेक्ट्रोनिक इन्जिनियरिङ-यस विषयअन्तर्गत कम्प्युटर, रेडियो, टेलिभिजन, रोबोटजस्ता इलेक्ट्रोनिक वस्तुहरूको निर्माण, मर्मत सम्भारलगायत सम्पूर्ण सैद्धान्तिक एवं प्राविधिक पक्षहरूको अध्ययन-अध्यापन गराइन्छ ।

**चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगन्ज**

चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगन्जअन्तर्गत देशभरिरहेका विभिन्न नर्सिङ र चिकित्सा क्याम्पसहरूमार्फत विभिन्न रोगको अध्ययन, अनुसन्धान, औषधीहरूको खोज, रोगहरूको उपचार गर्ने, असाध्य रोगहरूको उपचार पत्ता लगाउने, सर्जरी (चिरफार) गर्ने हेतुले अस्पताल सञ्चालन गर्ने र विभिन्न विषयका डाक्टर तथा नर्सहरू उत्पादन गर्ने गरिएको छ ।

**कृषि तथा पशुविज्ञान अध्ययन संस्थान, रामपुर, चितवन**

कृषि तथा पशुविज्ञान अध्ययन संस्थान, रामपुर चितवनअन्तर्गत बालीबिरुवाहरूको अध्ययन, नयाँ बालीविरुवाको विकास, फलफूल, कृषि विकास तथा अनुसन्धान, पशुपन्छी विकास तथा चिकित्साजस्ता विषयहरूमा अध्ययन-अध्यापन गराइन्छ ।

**वनविज्ञान अध्ययन संस्थान, पोखरा**

वनविज्ञान अध्ययन संस्थान, पोखराअन्तर्गत वन व्यवस्थापन, विभिन्न जातका बोटबिरुवा र वनस्पतिहरूका बारेमा अध्ययन-अध्यापन हुन्छ ।

इन्जिनियरिङ, चिकित्सा, कृषि तथा पशुविज्ञानलगायतका प्राविधिक विषयको अध्ययन गर्न अंग्रेजी, विज्ञान, ऐच्छिक गणित विषय लिई अनिवार्य रूपमा यी विषयहरूमा ५० प्रतिशत अंक ल्याएर एसएलसी उत्तीर्ण गरेको हुनुपर्छ । त्यस्तै मानविकीअन्तर्गतको पत्रकारिता विषय पढ्न पनि नेपाली र अंग्रेजीमा ५० प्रतिशत अंक ल्याएको हुनुपर्ने प्रावधान छ ।

**मानविकी तथा समाजिक शास्त्र संकाय, कीर्तिपुर**

मानविकी तथा समाजिक शास्त्र संकाय, कीर्तिपुरअन्तर्गत पचासभन्दा बढी विषयमा अध्ययन-अध्यापन गराइने गरिएको छ । अंग्रेजी भाषा र साहित्य, अर्थशास्त्र, समाजशास्त्र, पत्रकारिता, जनसंख्या अध्ययन यो संकायका महत्त्वपूर्ण विषय हुन् । यो संकायबाट उत्पादित जनशक्तिहरू शिक्षक, कर्मचारी, पत्रकार, नेता वा राजनैतिक पेसालाई आफ्नो जीविकाका रूपमा अँगाल्न पाउँछन् ।

**व्यवस्थापन संकाय, कीर्तिपुर**

यो संकायअन्तर्गत आर्थिक कारोबार, वाणिज्य, व्यापार-व्यवसाय, वित्तक्षेत्र समेट्ने विभिन्न विषयहरू अध्ययन-अध्यापन गराइन्छ । यस क्षेत्रका जनशक्तिहरू बैंक, सरकारी लेखापरीक्षण, एकाउन्टेन्ट, चार्टर एकाउन्टेन्ट, बजेट निर्माण, आर्थिक हिसाब-किताब सञ्चालन गर्ने क्षेत्रमा रोजगारी पाउँछन् । यसका साथै शिक्षक-कर्मचारीको रोजगारी पनि गर्न पाउँछन् ।

**शिक्षाशास्त्र संकाय, कीर्तिपुर**

स्कुलतहदेखि विश्वविद्यालय तहसम्म विभिन्न विषयमा पठनपाठन गर्न रुचाउनेहरू शिक्षाशास्त्र संकायअन्तर्गतका विभिन्न विषयको अध्ययन गर्नुपर्ने हुन्छ । त्यसमा पनि विद्यार्थीहरूमा कसरी अध्ययनप्रति रुचि जगाउने ? विद्यार्थीहरूलाई कस्तो तरिकाबाट पढाउने ? विद्यार्थीहरूलाई कसरी बढीभन्दा बढी उत्तीर्ण गराउने ? पाठयक्रम निर्माण, टिचिङ प्याक्टिस, सिकाइ र पढाइका तौरतरिकाहरूलगायत विभिन्न विषयमा विशेषज्ञता प्राप्त हुने गरी अध्ययन-अध्यापन गराइन्छ ।

**कानुन संकाय, प्रर्दशनीमार्ग**

कानुन संकायअन्तर्गत ब्याचलर लेभलदेखि मात्र देशविदेश र विविधि क्षेत्रसँग सम्बन्धित नियम, कानुन, संविधान, विधेयक, न्याय प्रणालीलगायत विषयहरूको अध्ययन-अध्यापन हुने गरेको छ । यो संकायबाट उत्पादित जनशक्तिले विभिन्न अदालतमा न्यायाधीश, वकिल, अधिवक्ता, रजिस्ट्रार, विभिन्न संस्थामा कानुनी सल्लाहकारमा रोजगारी पाउने गरेका छन् ।

**भोला**













# पूर्वाञ्चल विश्वविद्यालय

विराटनगरस्थित पूर्वाञ्चल विश्वविद्यालय वि.सं. २०५४ सालमा स्थापना भएको हो। यो विश्वविद्यालयअन्तर्गतका आङ्गिक तथा सम्बन्धन प्राप्त कलेजमा १२ हजार भन्दा बढी विद्यार्थी अध्ययनरत छन्। रोजगारमूलक विषयमा पाठ्यक्रम तयार गरेकाले यहाँका उत्पादन बजारमा सजिलै खपत हुने विश्वविद्यालयको दाबी छ।



विश्वविद्यालय स्थापना भएपछि नयाँ विषयका पाठ्यक्रमसँगै सम्बन्धनको संख्या बढे पनि यो विश्वविद्यालयले गुणात्मक अभिवृद्धिमा ध्यान दिएको पाइँदैन। यसको प्रत्यक्ष उदाहरण, अहिलेको घट्दो सम्बन्धन पनि हो। यो विश्वविद्यालयको अर्को अचम्मको पाटो पनि छ, त्यो हो, सार रूप एउटै भएका फरक विषयका पाठ्यक्रम। विश्वविद्यालयले सम्बन्धन दिएका फरक कलेजहरूले फरक नाममा एउटै पाठ्यक्रममा अध्यापन गराउने गरेका छन्।

पूर्वाञ्चल विश्वविद्यालयले नेपालमै पहिलो पटक विभिन्न संकायमा नयाँ-नयाँ विषय भित्र्याएको हो, जसअनुसार रोजगारमुखी शिक्षाको अवधारणा-अनुरूप विश्वविद्यालयले बजारमा आवश्यक पर्ने जनशक्तिमा केन्द्रित रहेर पाठ्यक्रम तयार पारेको छ। यो विश्वविद्यालयको शुल्क केही महँगो छ, तर शुल्कभन्दा पनि पढाइको स्तरीयतालाई महत्त्व दिइएको विश्वविद्यालयको जिकिर छ। विश्वविद्यालयले शैक्षिक पाठ्यक्रममा क्षेत्रीयतालाई पनि महत्त्व दिएको छ। जसअनुसार यो विश्वविद्यालयअन्तर्गत व्यापारिक व्यवस्थापन, खाद्य विज्ञान, दुग्ध तथा मासु प्रविधि, वन तथा बाली विज्ञान, पशु विज्ञान, मेडिकल, कम्प्युटर साइन्स, सूचना प्रविधि आदि पाठ्यक्रममा अध्यापन गराइन्छ। विश्वविद्यालयका अनुसार औद्योगिक अनुसन्धान, चिया, मसला, जडिबुटी, फलफूल, तरकारीजस्ता नगदे बाली, अर्गानिक फार्मिङ, प्राकृतिक स्रोत-साधन तथा वातावरणीय विज्ञानलगायतका पाठ्यक्रम तयार भएपनि यि विषयमा अध्यापन प्रारम्भ भएको छैन्। विश्वविद्यालयले सबै तहका कार्यक्रममा अनुसन्धानमुखी अध्ययनलाई प्राथमिकता दिएको छ।

**संकाय र विषय**

प्राय पाठ्यक्रममा विषयमा ६ महिने सेमेस्टर प्रणालीअन्तर्गत पाठ्यक्रम सञ्चालन गरेको यो विश्वविद्यालयले केही विषयमा वार्षिक तथा दूर शिक्षा प्रणालीअन्तर्गत पाठ्यक्रम उपलब्ध गराएको छ। विश्वविद्यालयले विराटनगरमा आफनै् तीनवटा आंगिक क्याम्पस सञ्चालन गरेको छ। निमित्त परीक्षा नियन्त्रक बानियाँका अनुसार इन्जिनियरिङ क्याम्पसमा कम्प्युटर, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन, ब्याचलर अफ कम्प्युटर एप्लिकेसन (बीसीए) र ब्याचलर अफ इन्फरमेसन टेक्नोलोजी (बीआईटी), व्यवस्थापन क्याम्पसमा ब्याचलर अफ बिजनेस एडमिनेस्ट्रेसन (बीबीए), मास्टर्स अफ बिजनेश एडमिनेस्ट्रेसन (एमबीए) र मानविकी संकायमा जनसंख्या तथा ग्रामिण विकास पाठ्यक्रममा अध्यापन गराइन्छ।

विज्ञान तथा प्रविधि संकायअन्तर्गत स्नातक तहमा ४ वर्षे इन्जिनियरिङमा कम्प्युटर, सिभिल, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन, बायोमेडिकल, जिओमेटिक एण्ड ल्याण्ड रिसोर्सेज म्यानेजमेन्ट, ५ वर्षे आर्किटेक्चर विषय छन्। यसैगरी ३ वर्षे ब्याचलर अफ कम्प्युटर एप्लिकेसन (बीसीए), १ वर्षे बीसीए अनर्स, १ वर्षे पोस्ट ग्र्याजुएट डिप्लोमा इन कम्प्युटर एप्लिकेसन, ४ वर्षे इन्फर्मेसन टेक्नोलोजी (बीआईटी), बीएस्सी अनर्स एग्रीकल्चर, बायो केमेस्ट्री, बायो टेक्नोलोजी, बिटेक (फुड टेक्नोलोजी), बिटेक (डेरी टेक्नोलोजी), ५ वर्षे भेटेरिनरी साइन्स एन्ड एनिमल हजबेन्ड्री आदि विषयमा अध्यापन गराइन्छ। त्यस्तै १ वर्षे पोष्ट ग्राजुअट डिप्लोमा इन कम्प्युटर एप्लिकेसनको पनि पाठ्यक्रम छ। विज्ञान संकायअन्तर्गत २ वर्षे स्नातकोत्तरमा कम्प्युटर एप्लिकेसन, लाइफ साइन्स, मिट टेक्नोलोजी, डेरी टेक्नोलोजी, इन्फर्मेसन सिस्टम इन्जिनियरिङ, इन्जिनियरिङ म्यानेजमेन्ट, अर्बान डिजाइन इन कन्जरभेसन, एग्रीकल्चर बिजनेस म्यानेजमेन्ट, इन्भाइरोमेन्ट एन्ड रिसोर्स म्यानेजमेन्ट, एमई अर्थक्वेक तथा एग्रिकल्चर बिजनेस म्यानेजमेन्टमा शैक्षिक पाठ्यक्रम सञ्चालनमा छन्।

मेडिकल एन्ड एलाइड साइन्स संकायअन्तर्गत स्नातक तहमा २ वर्षे पोस्ट बेसिस नर्सिङ, ३ वर्षे पब्लिक हेल्थ, ४ वर्षे बीएस्सी नर्सिङ, फार्मेसी, साढे ५ वर्षे ब्याचलर अफ होमियोपेथिक मेडिसिन एन्ड सर्जरी, एमबीबीएस तथा एमएस्सी नर्सिङ पाठ्यक्रममा अध्यापन गराइन्छ।

व्यवस्थापन संकायअन्तर्गत स्नातक तहमा ४ वर्षे बिजनेस एडमिनिस्ट्रेसन, ३ वर्षे कमर्स स्टडिज, ट्राभल एन्ड टुरिज्म, होटल म्यानेजमेन्ट, फेसन डिजाइन, ४ वर्षे हस्पिटालिटी एन्ड क्याटरिङ पाठ्यक्रम छन्। यसैगरी विश्वविद्यालयले २ वर्षे स्नातकोत्तरमा 'एक्जुकेटिभ मास्टर अफ बिजनेस एडमिनेस्ट्रेसन' सञ्चालन गरेको छ। यही विषयमा दूर शिक्षा पनि सञ्चालन गरिएको छ। यसबाहेक २ वर्षे मास्टर अफ बिजनेस एडमिनेस्ट्रेसन, टुरिज्म स्टडिज, पब्लिक एडमिनेस्ट्रेसन, होटल एन्ड हस्पिटालिटी म्यानेजमेन्टमा पनि कक्षा सञ्चालन हुँदै आएको छ।

मानविकी संकायअन्तर्गत ३ वर्षे स्नातक तहमा ब्याचलर अफ आर्ट्स, मिडिया टेक्नोलोजी, जर्नालिज्म एन्ड मास कम्युनिकेसन, लिवरल आर्ट्स एन्ड साइन्स, इन्टेरियर डिजाइन, सोसियल वर्कजस्ता अध्यापन गराइन्छ। यसैगरी एकवर्षे पोस्ट ग्र्याजुएट डिप्लोमा पिस एन्ड कन्फि्लक्ट जर्नालिज्म, साइको-सोसियल इन्टरभेन्सन, रुरल इकोनोमिक्स, डेभलपमेन्ट एन्ड प्लानिङ स्टडिजका शैक्षिक कार्यक्रम स्वीकृत गरिए पनि सञ्चालनमा छैनन्। २ वर्षे स्नातकोत्तर तहमा सोसियोलोजी एन्ड एन्थ्रोपोलोजी, पपुलेसन म्यानेजमेन्ट एन्ड रुरल डेभलपमेन्ट, मास कम्युनिकेसन एन्ड जर्नालिज्म, रुरल डेभलपमेन्ट प्लानिङ एन्ड जनरल स्टडिज, रिजनल डेभलपमेन्ट प्लानिङ एन्ड म्यानेजमेन्ट, डेभलपमेन्ट कम्युनिकेसन, सोसियल वर्क, डेभलपमेन्ट स्टडिज आदि विषयमा अध्यापन गराइन्छ। विश्वविद्यालयले शिक्षाशास्त्रमा पनि १ वर्षे र ३ वर्षे स्नातक तह अध्यापन गराउँदै आएको छ। एक वर्षे दूरशिक्षाको प्रावधान पनि छ। यसबाहेक शिक्षाशास्त्रमा स्नातकोत्तर कक्षा पनि सञ्चालन हुन्छ।

पूर्वाञ्चल विश्वविद्यालयले कानुन विषयको पाठ्यक्रम पनि सञ्चालन गर्दै आएको छ, जसअन्तर्गत काठमाडौं र वीरगन्जमा कानुनमा स्नातक तह (एलएलबी) अध्यापन हुन्छ। प्लस टु उत्तीर्ण गरेका विद्यार्थीका लागि कानुनको ५ वर्षे (एलएलबी) स्नातक तह अध्ययन गर्ने अवसर छ। यसैगरी विश्वविद्यालयअन्तर्गत काठमाडौं स्कुल अफ लले कानुनमा एलएलएमको दुईवर्षे पाठ्यक्रममा पनि अध्यापन गराउँछ।

विश्वविद्यालयले स्नातक तहदेखि मात्र अध्यापन गराउँदै आएको छ। विद्यार्थीको क्षमता अभिवृद्धिका लागि घोकन्ते शिक्षामा भन्दा पनि वस्तुपरक अध्ययनमा जोड दिइएको विश्वविद्यालयले बताएको छ। सेमिनार, फिल्ड वर्क र प्रयोगात्मक कक्षा सञ्चालनमा विशेष जोड दिइएको छ। विश्वविद्यालयले अहिलेदेखि नै अन्तर्राष्ट्रिय स्तरका विश्वविद्यालयसँग प्रतिस्पर्धा गर्ने पाठ्यक्रमको विकास गरेको छ।

प्राईभेट TEST/SLC 2066
Computer Courses
English Language
TIME INSTITUTE
Technical Information for Multiple Education
Bagbazar Kathmandu, Nepal
Tel: 01-4239156 (Right Side to P.K. Campus)
मा धमाधम कक्षा संञ्चालन भइराखेको छ, चाडै सम्पर्क गर्नुहोला।

Sasha
Girls home
Admission Open
Saraswoti Marg, Chabahill, Kathmandu
Contact:
01-2170828
9841914789

वार्षिक उत्सवको उपलक्ष्यमा
विशेष सहुलियतका
साथ १०० % रोजगारमुलक
कूक, वेटर, हाउसकिपिङ्ग,
रुम ब्वाई, सेक्यूरीटीगार्ड आदी।
होटल तालिम
• Theory भन्दा Practical बढी
• नेपाली/अंग्रेजीमा, विशेष कक्षाको व्यवस्था
• 5 star Hotel का सेफहरुद्वारा
कामना
कोटेश्वर
४६०१८७८, ४६००३३५

# काठमाडौं विश्वविद्यालय

उच्च शिक्षाका लागि त्रिभुवन विश्वविद्यालयको विकल्पका रूपमा स्थापना भएको काठमाडौं विश्वविद्यालयले व्यावहारिक जनशक्ति उत्पादनमा ठोस भूमिका निर्वाह गर्दै आएको छ। अध्ययन शुल्क तुलनात्मक रूपमा महँगो भए पनि विश्वविद्यालयले राम्रा विद्यार्थीको हकमा विभिन्न छात्रवृत्तिको व्यवस्था पनि गरेको छ। स्नातक तथा स्नातकोत्तर तहका कक्षाहरू सञ्चालन गर्ने यो विश्वविद्यालयका शैक्षिक पाठ्यक्रमहरू व्यावसायिक गुणले युक्त छन्। आफ्नै आंगिक तथा केही कलेजलाई सम्बन्धन दिएर शिक्षा प्रदान गर्दै आएको काठमाडौं विश्वविद्यालयको स्थापना सन् १९८५ मा भएको हो।



व्यावसायिक रूपमा डिजाइन गरिएको कोर्स तथा व्यावहारिक शिक्षाका कारण यो विश्वविद्यालयमा अध्ययन गरेका विद्यार्थीहरू दक्ष हुन्छन् भन्ने मान्यता छ। थोरै सम्बन्धन एवं स्तरीय शिक्षालाई मूल नारा बनाएको यो विश्वविद्यालयले सबै संकायमा प्राविधिक जनशक्ति तयार पार्ने लक्ष्य राखेको छ। साधारणतया विज्ञान संकाय प्राविधिकजस्तो देखिए पनि पहिलो पटक काठमाडौं विश्वविद्यालयले अन्य संकायमा पनि प्रयोगात्मक एवं अध्ययन अनुसन्धान शैली अपनाएर यस प्रकारको प्राविधिक जनशक्ति तयार पारेको हो। प्रतिस्पर्धी बजारलाई राम्रो अध्ययन गरेर विद्यार्थीलाई सम्बन्धित विषयमा दक्ष बनाउने पाठ्यक्रम विकास गरिएको विश्वविद्यालयले बताउँदै आएको छ।

**स्कुल अफ साइन्स**

यो स्कुलअन्तर्गत विज्ञानका विभिन्न विषय अध्ययन गर्न सकिन्छ। भौतिक विज्ञान, रासायनिक विज्ञान, जीवविज्ञान, गणित तथा फार्मेसीजस्ता विषय सो स्कुलअन्तर्गत पर्छन्। स्कुल अफ साइन्सअन्तर्गत अन्डरग्राजुएटमा ब्याचलर अफ टेक्नोलोजी इन इनभाइरोमेन्टल इन्जिनियरिङ, ब्याचलर अफ टेक्नोलोजी, इन बायोटेक्नोलोजी, ब्याचलर अफ फार्मेसी, बीएस्सी इन इनभाइरोमेन्टल साइन्स र बीएस्सी इन ह्युमन बायोलोजीको अध्यापन हुन्छ। यस्तै ग्राजुएटअन्तर्गत विद्यार्थीले मास्टर अफ इनभाइरोमेन्टल साइन्स, मास्टर अफ फार्मेसी, एमएस बाई रिसर्च (बायो टेक्नोलोजी), एमएस बाइ रिसर्च (इनभाइरोमेन्टल साइन्स) एमएस बाइ रिसर्च (फिजिक्स) र विज्ञान संकायअन्तर्गतका विभिन्न विषयमा विद्यावारिधि (पिएचडी) गर्न पाउँछन्।

**स्कुल अफ मेडिकल साइन्स**

यो स्कुलअन्तर्गत नर्सिङ अप्थाल्मोलोजी, फिजियोथेरापी तथा ल्याव टेक्निसियनजस्ता तीनवर्षे कोर्स अध्ययन गर्न सकिन्छ। यी सबै विषय तीन वर्षमा पूरा गर्न सकिन्छ। यी कोर्स प्रवेशिका उत्तीर्ण विद्यार्थीहरूका लागि निर्माण गरिएका हुन्। काठमाडौं मेडिकल कलेज सिनामंगल, काठमाडौं युनिभर्सिटी अफ मेडिकल स्कुल काभ्रे, नेपालगन्ज मेडिकल कलेज, कलेज अफ मेडिकल, पोखराले पनि यो विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरी मेडिकल साइन्सका स्नातक तहका कक्षाहरू सञ्चालन गरिरहेका छन्। स्नातक तहअन्तर्गत एमबीबीएस र बीएस्सी नर्सिङका कक्षा सञ्चालन हुने स्कुल अफ मेडिकल साइन्समा स्नातकोत्तरमा विभिन्न विषयमा एमडीएस, एमएस, एमडी र एमएस्सी गर्न पाउने सुविधा छ।

**स्कुल अफ इन्जिनियरिङ**

यो स्कुलअन्तर्गत अन्डरग्राजुएट (स्नातक) कार्यक्रममा कम्प्युटर इन्जिनियरिङ, मेकानिकल इन्जिनियरिङ, इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ (पावर एन्ड कन्ट्रोल), इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ (कम्युनिकेसन), जियोमेटिक्स इन्जिनियरिङ कक्षा सञ्चालन हुन्छन्। त्यसैगरी ग्राजुएट (स्नातकोत्तर) कार्यक्रममा इलेक्ट्रिकल पावर इन्जिनियरिङ, कम्युनिकेसन इन्जिनियरिङ, कम्युनिकेसन इन्जिनियरिङ, मेकानिकल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ, मास्टर अफ टेक्नोलोजी इन आइटी (एमटेक इन आइटी) र इन्जिनियरिङसम्बन्धी विषयमा पिएचडी गर्न सकिन्छ।

**स्कुल अफ आर्ट्स**

यसअन्तर्गत मानविकीका विभिन्न विषय अध्ययन गर्न सकिन्छ। संगीतमा डिप्लोमा तहको अध्यापन हुन्छ। अन्डरग्राजुएट (स्नातक) कार्यक्रमअन्तर्गत बुद्धिष्ट स्टडिज, फाइन आर्ट्स, म्युजिक, मिडिया स्टडिजको अध्यापन हुन्छ। यस्तै ग्राजुएट (स्नातकोत्तर) कार्यक्रमअन्तर्गत एमए इन हयुमन एन्ड नेचरल स्टडिज, मास्टर अफ आर्ट इन म्युजिक, एमए इन डेभलपमेन्ट स्टडिज, बुद्धिस्ट स्टडिजका शैक्षिक पाठ्यक्रम छन्। यो विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरी सेन्ट जेभियर्स कलेजले सोसियल वर्क तथा नेसनल कलेजले डेभेलपमेन्ट स्टडिजमा स्नातक तहका कक्षाहरू सञ्चालन गरिहेका छन्। स्कुल अफ आर्टसअन्तर्गत ह्युमन एन्ड नेचरल स्टडिजमा विद्यावारिधि (पिएचडी) गर्न सकिन्छ।

**स्कुल अफ म्यानेजमेन्ट**

यो स्कुलअन्तर्गत ग्राजुएट (स्नातकोत्तर) कार्यक्रममा मास्टर्स अफ बिजनेस एडमिनिस्ट्रेसन (एमबीए), एक्जुकेटिभ मास्टर अफ बिजनेस एडमिनेस्ट्रेसन, मास्टर इन म्यानेजमेन्टको पाठ्यक्रम उपलब्ध छ। छोटो समयका तालिम कार्यक्रमहरू पनि स्कुल अफ म्यानेजमेन्टअन्तर्गत सञ्चालन गरिन्छ। त्यसैगरी एकवर्षे प्रि-एमबीए कक्षा पनि सञ्चालन गरिन्छ। यो कोर्सले दुईवर्षे स्नातक गरेका विद्यार्थीहरूलाई एमबीए अध्ययनमा प्रवेश गर्न सजिलो बनाउँछ। यो स्कुल अन्तर्गत पोस्ट ग्राजुएट इन सेक्युरिटी म्यानेजमेन्टको कक्षा पनि सञ्चालन हुन्छ। यसबाहेक म्यानेजमेन्टसँग सम्बन्धित विभिन्न विषयमा एमफिल गर्न सकिन्छ।

**स्कुल अफ एजुकेसन**

यो स्कुलअन्तर्गत शिक्षा विषयका तीनवर्षे तथा एकवर्षे कोर्स अध्ययन गर्न सकिन्छ। यी विषयको अध्ययनपश्चात् प्राथमिक तथा माध्यमिक तहका योग्य शिक्षक तथा प्रधानाध्यापक बन्न सकिन्छ। स्कुल अफ एजुकेसनको अन्डर ग्राजुएट कार्यक्रममा प्राइमरी पोस्ट ग्राजुएट एजुकेसन, विद्यालय व्यवस्थापन, गणित, अंग्रेजी भाषा शिक्षण, वातावरणीय शिक्षा, दिगो विकास विषयमा अध्ययन गर्न सकिन्छ। ग्राजुएट कार्यक्रममा मास्टर अफ एजुकेसन इन म्याथ, मास्टर अफ एजुकेसन इन इनभाइरोमेन्ट एजुकेसन एन्ड सस्टेनेबल डेभलपमेन्ट, मास्टर अफ एजुकेसन इन एजुकेसनल म्यानेजमेन्टमा अध्यापन हुन्छ। एमफिल कार्यक्रमअन्तर्गत एजुकेसनमा मास्टर्स अफ फिलोसोपी गर्न सकिन्छ। यसबाहेक एजुकेसनमै डाक्टर अफ फिलोसोपी (पिएचडी) गर्ने सुविधा पनि छ।

Learn to Speak
English
★2 & 3 Months Packages
★1 Month Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS
Language Centre
Golkopakha, Thamel & Kalimati Chock
4359170 & 2024700

# बाह्रमा कुन विषय पढ्ने ?

**सागर शर्मा**

कक्षा ११ का सम्पूर्ण लिखित र प्राक्टिकल परीक्षाहरू सकिएपछि प्रायः सबै कलेजमा १२ को कक्षा प्रारम्भ भैसकेको छ। कक्षा ११ मा व्यवस्थापन, शिक्षा र मानविकी संकायमा पढेका विद्यार्थीहरूले नेपाली विषय कक्षा ११ मा नै पढिसकेका छन् भने विज्ञान संकायका विद्यार्थीहरूले भने अब १२ कक्षामा नेपाली विषय पढ्नुपर्ने हुन्छ। अर्कातर्फ उल्लेखित तीन संकायमा कक्षा ११ र १२ मा प्रायः उस्तै पाठ्यक्रम पढे पनि विज्ञान संकायतर्फ पाठ्यक्रम रोज्न पाइन्छ।

कक्षा ११ मा विज्ञान संकायमा अध्ययनरत सबै विद्यार्थीले एउटै खालका विषय अध्ययन गर्नुपर्ने व्यवस्था छ, तथापि कक्षा ११ मा नै 'बायोलोजी'को सट्टामा 'कम्प्युटर साइन्स' पनि पढ्न पाइने व्यवस्था केही नयाँ कलेजले गरिरहेका छन्। यसो गर्दा विद्यार्थीहरूले 'बायोलोजी'लाई चटक्क छाडेको मान्दा पनि हुन्छ। कक्षा ११ मा 'कम्प्युटर साइन्स' पढेका विद्यार्थीले कक्षा १२ मा 'बायोलोजी' पढ्न पाउँदैनन्, तर प्रायः कलेजमा कक्षा ११ मा बायोलोजी पढ्नैपर्ने प्रावधान छ। पछि कक्षा १२ मा भने 'फिजिक्स' र 'बायोलोजी' नाम दिएर फरक-फरक समूह निर्माण गरी पठनपाठन गरिन्छ।

'बायोलोजी' लिएर 'एक्स्ट्रा म्याथ' पनि पढ्न पाइने प्रावधान छ। 'बायोलोजी' र 'म्याथ' दुवै पढ्न पाइने भएपछि जुनसुकै क्षेत्रमा पनि प्रवेश गर्न पाइने धारणाका साथ विद्यार्थीहरू प्रायः यही विषय रोज्छन्। जता पनि जान पाइन्छ भन्दै आफ्नो लक्ष्यलाई चटक्क बिर्सेर यो समूहमा प्रवेश गरेर पछि पछुतो मान्नेहरू पनि धेरै छन्। यसमा कतै-कतै शिक्षकहरूको पनि भूमिका रहेको पाइन्छ भने कतै अभिभावकहरूको दबाब पनि यथेष्ट मात्रामा रहेको देखिन्छ।

भर्खर कक्षा १२ मा अध्ययनरत तथा 'बायोलोजिकल' समूहमा प्रवेश गरेका रमेश आचार्य आफ्नो रोजाइप्रति सन्तुष्ट नरहेको बताउँछन्। 'छोरा डाक्टर बन्नुपर्छ, खर्च गरेर भए पनि डाक्टर बनाएपछि बल्ल राम्रो हुन्छ भनेर घरमा बायोलोजी नै लिन लगाउनुभयो', निराश हुँदै उनले गुनासो पोखे, 'मलाई भने यो विषय पढ्न पटक्कै छैन। बरु इन्जिनियरिङतर्फ 'इन्ट्रेस्ट' छ। मलाई त अझै 'फिजिक्स'तिर जाऊँ कि जस्तो लागेको छ।' अभिभावकको दबाबमा परेको बताउने आचार्य 'एक्स्ट्रा म्याथ' लिएकाले जसरी पनि इन्जिनियरिङतिर जाने बताउँछन्।

१२ मै अध्ययनरत विजय पौडेल भने 'बायोलोजी' र 'एक्स्ट्रा म्याथ' लिएकोमा फुरुङ्ग पर्दै 'मेडिकल' र 'इन्जिनियरिङ' दुवै क्षेत्रमा जान पाउने बताउँछन्। 'पहिले 'एमबीबीएस' मा 'ट्राइ' गर्छु, भएन भने 'इन्जिनियरिङ' मा। आफ्नो क्षेत्र त भैहाल्यो, फिजिकल ग्रुपले 'एप्लाइ' गर्न पाउने सबैमा सबैमा पाइन्छ।' पौडेल भन्छन्, 'एक्स्ट्रा म्याथमा असफल भए पनि कक्षा १२ उत्तीर्ण भइन्छ, बायोलोजिकल फिल्डमा जान पाइन्छ। मैले त जे गरें एकदम ठीक गरें जस्तो लागेको छ।' विजयको यो खुशी त्यति राम्रो खालको खुसी भने होइन। वास्तवमा विद्यार्थीको आफ्नै लक्ष्य हुनुपर्छ र त्यसको प्राप्तिका लागि सक्दो प्रयास गर्नुपर्छ। एउटा क्षेत्रमा प्रयास गर्छु, यदि भएन भने अर्कोमा गर्छु भनेर बस्दा आफ्नो भविष्य बिग्रन पनि सक्छ। दुवै क्षेत्रमा राम्रो नतिजा ल्याउन नसकेका विद्यार्थीका धेरै उदाहरण हामीमाझ विद्यमान छन्।

अहिले १२ को परीक्षा दिएर 'इन्जिनियरिङ' को प्रवेश परीक्षाको तयारी गरिरहेका जगदीश अर्यालचाहिं आफ्नो रोजाइप्रति पूर्ण सन्तुष्ट हुँदै लक्ष्य प्राप्तिका लागि गहन प्रयास गर्ने बताउँछन्। 'मेरो एक मात्र लक्ष्य 'इन्जिनियर' हुनु हो। यसैले मैले आफ्नै निर्णयमा कक्षा १२ मा गणीत रोजें। यसैमा राम्रोसँग पढें पनि, अवश्य पनि राम्रो नतिजा आउँछ भन्ने विश्वास छ,' जगदिश भन्छन्– 'खासमा त आफ्नो लक्ष्य पहिले नै निर्धारण गर्नुपर्छ अनि निर्धक्क रूपमा आफ्नो पढाइलाई निरन्तरता दिनुपर्छ।'

वास्तवमा जगदीशले जे गरे, ठीक गरे। रमेशको बाध्यता र विजयको खुसी भने गलत खालको छ। यदि 'बायोलोजी' मा आफ्नो कुनै चाहना छैन भने बेकारमा किन बोझ लिने ? 'फिजिक्स' समूहमै प्रवेश गर्ने र राम्रोसँग पढ्ने। अर्कातर्फ 'बायोलोजी' नै आफ्नो इच्छाको विषय हो भने 'एक्स्ट्रा म्याथ' लिनु पनि बोझसरह नै हुन्छ। प्रायः कलेजमा 'एक्स्ट्रा म्याथ' पहिले पढाइँदैन। परीक्षा मुखमा आएपछि विद्यार्थीहरूले पनि बढी 'लोड' भएको महसुस गरिरहेको समयमा यसको पढाइ हुन्छ। जसबाट अन्य विषयमा पनि कठिनाइ उत्पन्न हुँदै यसको पनि राम्रो ज्ञान प्राप्त गर्न सकिँदैन। अन्ततः नतिजा सन्तोषजनक नआउन सक्छ।

अर्कातर्फ कक्षा ११ मा कम्प्युटर विज्ञान पढेका विद्यार्थीलाई कक्षा १२ मा गणित अनिवार्य हुन्छ र कम्प्युटर विज्ञानचाहिँ चाहनाअनुसार रोज्ने/नरोज्ने व्यवस्था मिलाइएको छ। योचाहिँ राम्रै पक्ष हो। यदि पछि कक्षा १२ उत्तीर्ण गरिसकेपछि कम्प्युटर विज्ञानको पाठ्यक्रम पढ्ने हो भने अतिरिक्त कम्प्युटर विज्ञान रोज्दा हुन्छ। कक्षा १२ मा नै कम्प्युटरसम्बन्धी राम्रो 'बेस' बसेपछि पछिका दिनमा केही फाइदा हुन्छ। अर्कातर्फ कम्प्युटर विज्ञानको क्षेत्रमा जाने इच्छा छैन यो विषय नपढे पनि हुन्छ।

कसैको लहैलहमा लागेर तथा अरूको दबाबमा परेर भन्दा पनि आफ्नो लक्ष्यलाई विचार गरेर विषय रोज्नुपर्छ। लक्ष्य प्राप्तिका निम्ति राम्रो विषय रोजेर भविष्यमा पछुताउनु नपर्ने वातावरण सिर्जना गर्नु विद्यार्थीहरूको प्राथमिकता आवश्यकता हो।

# पोखरा विश्वविद्यालय



पोखरा विश्वविद्यालय २०५४ सालमा स्थापना भएको हो। कास्की जिल्लाको लेखनाथ नगरपालिकास्थित यो विश्वविद्यालयले स्थापना कालदेखि नै विद्यार्थीहरूको क्षमता एवं सिर्जनशीलता प्रस्फुटन गराउने दीर्घकालीन लक्ष्यमा अभिप्रेरित भएर काम गर्दै आएको छ। पोखरा विश्वविद्यालयअन्तर्गत तीन आंगिक कलेज तथा २३ सम्बन्धन कलेज छन्। पोखरा विश्वविद्यालयले इन्जिनियरिङ, व्यवस्थापन, फार्मेसी आदि कार्यक्रममा उच्च शैक्षिक स्तरियता पुष्टि गरेको छ।

उच्च शिक्षाको विकासमा निजी क्षेत्रको भूमिकालाई प्रोत्साहित गर्ने, उच्च शिक्षाको गुणस्तर वृद्धि गरी प्राज्ञिक वातावरणलाई स्वस्थ मर्यादित एवं नतिजामूलक बनाउने, उच्च शिक्षामा प्रतिस्पर्धालाई प्रोत्साहन गर्ने तथा अझ धेरै विषयका कार्यक्रम विस्तार गरी सामुदायिक विकासमा योगदान दिनेजस्ता उद्देश्य विश्वविद्यालयले राखेको छ।

विश्वविद्यालयको प्राज्ञिक एवं प्रशासनिक कार्यहरू पूरा गर्न कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, योजना तथा कार्यक्रम शाखा, विद्या परिषद्, विषय समितिहरू, संकायहरू, पाठ्यक्रम विकास केन्द्र, अनुसन्धान केन्द्र, पुस्तकालय विकास समिति, परीक्षा समिति, प्रशासन तथा विद्यार्थी कल्याण एकाइहरू स्थापना गरिएका छन्।

पोखरा विश्व विद्यालयअन्तर्गत आङ्गिक तथा सम्बन्धन प्राप्त कलेजहरूमा गरेर ५ हजार विद्यार्थीले अध्ययन गरिरहेका छन्। विश्वविद्यालयले अध्यापनका लागि तीनवटा संकाय सञ्चालन गरेको छ। जसअनुसार व्यवस्थापन संकायअन्तर्गत प्राज्ञिक एवं व्यवहारिक ज्ञान-अनुभवलाई जीवनमा प्रयोगात्मक शैलीमा उतार्नु, विश्वविद्यालयको उद्देश्य हो। अन्तर्राष्ट्रिय स्तरमा पनि सफल मानिएको यो कार्यक्रममार्फत व्यावसायिक एवं शैक्षिक जगत्मा उत्कृष्ट जनशक्ति उत्पादन गर्ने लक्ष्य विश्वविद्यालयले राखेको छ।

**विश्वविद्यालय काठमाडौं सम्पर्क कार्यालयका प्रमुखले उपलब्ध गराएको तथ्याङ्कअनुसार सम्बन्धनतर्फ १० वटा कलेजले व्यवस्थापन संकाय, ८ वटा कलेजले विज्ञान तथा प्रविधि संकाय, ४ वटा कलेजले व्यवस्थापन र विज्ञान तथा प्रविधि दुवै र एक कलेजले मानविकी संकायका कार्यक्रम सञ्चालन गरेका छन्। विश्वविद्यालयले काठमाडौंमा १२, पोखरामा ५, रूपन्देहीमा ४, नवलपरासीमा एक र कैलालीमा एक कलेजलाई सम्बन्धन प्रदान गरेको छ। विश्वविद्यालयले ४६ वटा विषयमा शैक्षिक पाठ्यक्रम निर्धारण गरेको छ। जसमा ३३ वटा विज्ञान तथा प्रविधि संकाय, ९ वटा व्यवस्थापन र ५ वटा मानविकी संकायका छन्।**

विज्ञान तथा प्रविधि संकायअन्तर्गत विज्ञानका विभिन्न क्षेत्रका लागि आवश्यक पर्ने सक्षम प्राविधिक जनशक्ति विकास गर्ने लक्ष्य राखिएको छ, जसले विज्ञानका क्षेत्रमा सिर्जनशील एवं अनुसन्धानमुखी वैज्ञानिक तथा दक्ष प्राविधिक तयार गर्नेछ। यो संकायअन्तर्गत इन्जिनियरिङमा सिभिल, इलेक्ट्रोनिक एन्ड कम्युनिकेसन, कम्प्युटर, सफ्टवेयर इन्जिनियरिङ, इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स, इन्फर्मेसन टेक्नोलोजी, इलेक्ट्रोनिक्स एन्ड इलेक्ट्रिकल, आर्किटेक्चरमा स्नातक तहमा अध्यापन हुन्छ। यसैगरी विज्ञानअन्तर्गत बायोलोजिकल साइन्सेज कार्यक्रममा बायो केमेस्ट्री, फर्मास्युटिकल्स साइन्स, मेडिकल ल्याबोरेटरी टेक्नोलोजी, मेडिकल बायो केमेस्ट्री, मेडिकल माइक्रोबायोलोजी, पब्लिक हेल्थ तथा नर्सिङमा स्नातक तहको कार्यक्रम सञ्चालन गरिएको छ। जनरल साइन्सअन्तर्गत कम्प्युटर साइन्स, इन्भाइरोमेन्टल म्यानेजमेन्टमा स्नातक अध्ययनको सुविधा छ। त्यसैगरी स्नातकोत्तर तहमा इनभाइरोमेन्टल म्यानेजमेन्ट, कम्प्युटर साइन्स, नेचरल रिसोर्सेज म्यानेजमेन्ट, कन्स्ट्रक्सन म्यानेजमेन्ट, कम्प्युटर साइन्स एन्ड डाटा प्रोसेसिङ, डिजास्टर रिस्क म्यानेजमेन्ट, कम्युनिकेसन इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ फर्मास्युटिकल्स साइन्सेज अध्यापन हुन्छ।

व्यवस्थापन संकायअन्तर्गत व्याचलर अफ बिजनेस एडमिनिस्ट्रेसन (बीबीए), व्याचलर अफ बिजनेस एडमिनिस्ट्रेसन इन बैंकिङ एन्ड इन्स्युरेन्स (बीबीए बीआई), व्याचलर अफ कम्प्युटर एप्लिकेसन (बीसीए), व्याचलर अफ कम्प्युटर इन्फर्मेसन सिस्टम (बीसीआइएस), व्याचलर अफ होटल म्यानेजमेन्ट (बीएचएम), व्याचलर अफ ट्राभल एन्ड टुरिज्म म्यानेजमेन्ट (बीटीटीएम), व्याचलर अफ हेल्थ केयर म्यानेजमेन्ट (बीएचसीएम), मास्टर्स अफ बिजनेस एडमिनिस्ट्रेसन(एमबीए), मास्टर्स अफ बिजनेश एडमिनिस्ट्रेसन एक्जुकेटिभ (एमबीए-एक्जुकेटिभ), मास्टर्स अफ हेल्थ केयर म्यानेजमेन्ट (एमएचसीएम), मास्टर्स अफ कम्प्युटर इन्फर्मेसन सिस्टम (एमसीआईएस), पोस्ट ग्राजुएट डिप्लोमा इन हेल्थ केयर म्यानेजमेन्ट (पीजडीएचसीएम) र पोस्ट ग्राजुएट डिप्लोमा इन कम्प्युटर एप्लिकेसन्स (पीजडीसीए) का पाठ्यक्रममा अध्यापन गराइन्छ।

कला, साहित्य तथा सामाजिक जनजीवनका विविध पक्षका लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले स्थापित मानविकी संकाय छ, जसमा अंग्रेजीमा विषयमा स्नातक तह देखि विद्यावारिकीसम्मका कार्यक्रम सञ्चालन गरिएको छ। यो संकायअन्तर्गत विश्वविद्यालयले स्नातकोत्तर तहमा 'जनसंख्या तथा लैंगिक विकास कार्यक्रम' (एमपीजीडी) विषयमा अध्यापनको व्यवस्था मिलाएको छ।

म्यानेजमेन्ट क्याम्पस ढुंगेपाटन, लेखनाथनगर, द स्कुल अफ फर्मासिट्युकल एन्ड बायोमेडिकल साइन्सेज र स्कुल अफ ह्युमानिटिज एन्ड सोसियल साइन्सेज लेखनाथनगर पोखरा विश्वविद्यालयका आंगिक क्याम्पस हुन्। यी तीनवटा आङ्गिक कलेजले बीबीए, एमबीए, एमपीजीडी, बी फार्मेसी, एम फार्मेसी, बीएमएलटी (ब्याचलर अफ मेडिकल ल्याब टेक्नोलोजी) का पाठ्यक्रममा अध्यापन गराउँदै आएका छन्। सेमेस्टर प्रणालीमा रहेर शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको यो विश्वविद्यालयको परीक्षा प्रणाली अन्तर्राष्ट्रिय ट्रेन्डअनुरूप ग्रेडिङ सिस्टममा आधारित छ। विश्वविद्यालय सरकारी अनुदानमा चल्ने भए पनि सरकारी सहयोग यथेष्ट नभएकाले शैक्षिक कार्यक्रमहरू केही महँगो देखिएको विश्वविद्यालयको जिकिर छ। विश्वविद्यालयले कलेज सम्बन्धनबापत शुल्कका अतिरिक्त परीक्षाको समयमा परीक्षा शुल्क पनि लिइन्छ।

विश्वविद्यालयले गत वर्षदेखि आङ्गिक क्याम्पसमा १० प्रतिशत र सम्बन्धनप्राप्त कलेजमा ५ प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न थालेको छ। विश्वविद्यालयले देश-विदेशका अन्य विश्वविद्यालयहरूसँग पनि शैक्षिक कार्यक्रम आदान-प्रदानका निम्ति सम्झौता गर्दै आएको छ, जसले शैक्षिक स्तरीयता विकासका निम्ति अन्तराष्ट्रिय ट्रेन्डका बारेमा विश्वविद्यालयलाई 'अपडेट' राख्ने गरेको विश्वविद्यालयले बताएको छ। यस प्रकारको सम्बन्ध भारत, अमेरिका, बंगलादेश, जापान, सिंगापुर, बेलायत, फ्रान्स, जर्मनी तथा कोरियाका विश्वविद्यालयहरूसँग गाँसिएको छ। विश्वविद्यालयले व्यावहारिक शिक्षापद्धति-अनुरूप अनुसन्धानमूलक अध्ययन, 'फिल्ड वर्क' 'प्रोजेक्ट वर्क' जस्ता सिकाइका प्रभावकारी शैलीमा अध्यापन हुने पाठ्यक्रम तयार गरेको छ।



# प्लस टु : अवस्था, सम्भावना र चुनौती

पृष्ठ ५ बाट जारी

हुन्छन्। उनीहरूमा क्वालिटी पनि छ। प्रमाणपत्र तहमा लगभग ८० हजारजति विद्यार्थी मात्र अध्ययनरत थिए। योभन्दा कैयन् गुणा बढी विद्यार्थीलाई उच्च माविहरूले धानेकै छन्।

**प्रिन्सिपल ऋषि तिवारी**

प्राइभेट प्लस टुहरूले मात्र सक्दैनन्। प्रमाणपत्र तह हटाउने नै हो भने सामुदायिक प्लस टुलाई दिने राहतका दरबन्दी सबै प्लस टुलाई उपलब्ध गराउनुपर्छ। दक्ष र प्राविधिक जनशक्ति उत्पादन गर्ने खालका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। यसका लागि सामुदायिक प्लस टुहरूको पनि व्यवस्थापन र जनशक्तिदेखि लिएर सबै कुरामा सरकारले ध्यान दिनुपर्छ।

**हिसान सचिव लोकबहादुर भण्डारी**

प्रमाणपत्र तह हटाउनुपर्छ भन्नेमा अब धेरैको सहमति भैसकेको छ, तर अहिले पनि यसका लागि आवश्यक प्रक्रिया मिलाउनुपर्छ। यसका लागि प्लस टुहरूलाई व्यवस्थित गर्नुपर्छ, तर यो व्यवस्थापन कार्यका लागि कठिन परिश्रम गर्नुपर्नेछ।

**डा. तीर्थ खनियाँ**

**उच्च माध्यमिक शिक्षा महँगो छ भनिन्छ। गरिबका छोरा छोरीहरूको पहुँच यसमा कसरी पुऱ्याउन सकिएला ?**

महँगो शिक्षाबाट मुक्ति पाउन मैले माथि नै भनेका तीनवटा विकल्पलाई व्यवहारमा लागू गर्नुपर्छ। यसका लागि सरकारी विद्यालय, सामुदायिक कलेजको भावनालाई मूर्त रूप दिनुपर्छ अनि उच्च माध्यमिक शिक्षा परिषद्ले अहिले दिने ३ प्रतिशत अनुदानलाई बढाएर कमसेकम १० प्रतिशत पुऱ्याउनुपर्छ।

**शिक्षाविद् कोइराला**

त्रिभुवन विश्वविद्यालय विद्यमान बजेट र अन्य स्रोत-साधन सबै उच्च माध्यमिकमा लगाउन सकिन्छ। शिक्षक दरबन्दी पनि कुनै तरिकाले त्यहाँ सार्न सकिन्छ। उच्च माविमा न्यूनतम ५ वटा दरबन्दी दिने व्यवस्था गर्दा विद्यार्थीले धेरै कम मूल्यमा अध्ययन गर्न पाउँछन्।

**सहसचिव कोइराला**

अहिले प्रमाणपत्र तहमा भएका सुविधा सरकारले प्लस टुहरूमा सार्नुपर्छ। प्रमाणपत्र तहमा पढाइरहेका शिक्षकहरूलाई सामुदायिक प्लस टुमा लिन सकिन्छ। कुनै तरिकाले उनीहरूलाई यता समायोजन गर्ने संयन्त्रको निर्माण गर्नुपर्छ। यसका लागि केही समय लाग्न सक्छ।

**प्रिन्सिपल तिवारी**

उच्च माध्यमिक शिक्षा महँगो छ भन्ने कुरा भ्रम मात्र हो। उच्च माविहरू सबै विद्यार्थीकै शुल्कबाट सञ्चालन हुने हुन्। प्लस टुहरूलाई पनि क, ख र ग जस्ता विभिन्न वर्गमा विभाजन गर्न सकिन्छ। यसो हुँदा विद्यार्थीले आफ्नो क्षमताअनुरूपको विद्यालयमा अध्ययन गर्न सक्छन्। यी विद्यालय छात्रवृत्तिजस्ता विभिन्न कार्यक्रम सञ्चालन गर्न सकिन्छ।

**हिसान सचिव भण्डारी**

उच्च माध्यमिक शिक्षा करिब ७२ प्रतिशत विद्यार्थीको रोजाइमा परेको पाइन्छ। बाँकी २८ प्रतिशतले प्रमाणपत्र तहमा अध्ययन गरेका छन्, तर उनीहरू प्रमाणपत्र तहको स्तर र पढाइ राम्रो छ भनेर त्यहाँ गएका होइनन्। कुनै विकल्प हुने हो भने उनीहरू पनि प्लस टु नै अध्ययन गर्न चाहन्थे। त्यसैले छात्रवृत्ति र अन्य विभिन्न उपायद्वारा यसलाई सबैको पहुँचयोग्य बनाउनु आवश्यक छ।

**डा. खनियाँ**

**व्यावसायिकताका नाममा भैरहेको प्रतिस्पर्धालाई कसरी हेर्नुहुन्छ ?**

अहिले भैरहेको अस्वस्थ प्रतिस्पर्धा एउटा अपराध नै हो। त्यसैले यसलाई समयमै नियन्त्रण गर्नु आवश्यक छ। यसका लागि उच्च माध्यमिक शिक्षा परिषद्लाई मात्र नियन्त्रणका लागि जिम्मेवारी दिइनु हुँदैन। अब प्लस टुहरूको नियमन र नियन्त्रण गर्ने जिम्मेवारी जहाँ यी सञ्चालित छन्, त्यहीका स्थानीय सरकारलाई दिनुपर्छ। यसो भए स्थानीय सरकारसँग शिक्षक, विद्यार्थी र कर्मचारी सबै बसेर आपसमा छलफल गरी सुविधालगायत विभिन्न विषयमा छलफल गर्न सकिन्छ।

**शिक्षाविद् कोइराला**

अहिले विद्यालय सञ्चालकहरूले गैरशैक्षिक आचरण देखाउने क्रम बढेको छ। हामीले नियन्त्रणका विभिन्न उपाय अपनाउँदै जाँदा अहिले केही नियन्त्रण भएको हो। हामीले यस्ता अस्वस्थ प्रतिस्पर्धातिर लाग्नेहरू धेरैलाई कारवाही गरिसकेका छौं। सबैलाई शिष्टतापूर्वक सम्झाएका पनि छौं।

**सहसचिव कोइराला**

प्लस टुहरूले आफ्ना विद्यार्थीका शैक्षिक उपलब्धिका बारेमा जानकारी दिनु उनीहरूको अधिकार हो, तर अन्य कुरा उल्लेख गरेर विद्यार्थी तान्ने प्रयास गरेको छ भने यो अवस्थामा अभिभावक र विद्यार्थी स्वयं सचेत हुनु आवश्यक छ। त्यसैले विद्यालयको भौतिक सुविधा, पाठ्यक्रम, शिक्षक र अन्य उपलब्धिहरूका बारेमा ध्यान दिनुपर्छ। विद्यालयमा के छ भन्ने इन्पुटका कुरामा होइन, के उपलब्धि गऱ्यो भन्ने आउटपुटका कुरामा ध्यान दिनुपर्छ।

**प्रिन्सिपल तिवारी**

प्राइभेट प्लस टुहरूमा यस्तो प्रतिस्पर्धा पाइन्छ। एक खालका राम्रा विद्यार्थीलाई आफूतिर आकर्षित गर्न उनीहरूले विज्ञापनको सहयोग लिएका हुन्छन्। अभिभावकले आफ्नो क्षमताअनुसार पढाउन सक्छौं भन्ने कुरा बुझिसकेपछि विज्ञापनले केही प्रभाव पार्ने होइन। सबै प्लस टुका आ-आफ्नै विशेषता हुन्छन्। शिष्ट तरिकाले आफ्ना विशेषता प्रस्तुत गर्नुलाई अस्वस्थ प्रतिस्पर्धा भन्न मिल्दैन।

**हिसान सचिव भण्डारी**

अस्वस्थ प्रतिस्पर्धा छ। यसका लागि उच्च माध्यमिक शिक्षा परिषद् सक्रिय हुनुपर्छ। अनावश्यक भ्रम फैलाउनेहरूका विरुद्ध परिषद् कडा रूपमा प्रस्तुत हुनुपर्छ। यसका लागि व्यवस्थापकीय र अन्य सबै प्रकारका संयन्त्रको परिचालन गर्नुपर्छ।

**डा. खनियाँ**

**प्लस टुको पाठ्यक्रम र शिक्षकहरूको योग्यतालाई कसरी प्रभावकारी बनाउन सकिएला ?**

प्लस टुको पाठ्यक्रमका बारेमा खासै चिन्ता लिनुपर्ने अवस्था छैन। अहिले हाम्रो पाठ्यक्रम दक्षिण एसिया मात्र नभै विश्वमै राम्रो पाठ्यक्रममा गनिन्छ। ए लेभलको पाठ्यक्रमका बारेमा त झन् कुरै नगरौं। शिक्षकहरू पनि राम्रै छन्। बरु उनीहरूका लागि समय-समयमा तालिमको व्यवस्था गर्नु आवश्यक छ।

**शिक्षाविद् कोइराला**

अहिले उच्च माविको पाठ्यक्रम समकालीन शिक्षा पद्धतिमा अन्तर्राष्ट्रिय स्तरमै उत्कृष्ट मानिन्छ, तर पनि यसलाई समय-समयमा परिमार्जन गर्नु आवश्यक छ र यो भैरहेको पनि छ। शिक्षकहरू पनि उत्कृष्ट नै छन्, तर पनि विपन्न र विकट क्षेत्रमा केही समस्या छ। यसका लागि केही तालिमको व्यवस्था गर्नुपर्ने आवश्यकता छ।

**सहसचिव कोइराला**

पाठ्यक्रम राम्रो भएकैले प्रमाणपत्र तहको पनि आकर्षण घटेको हो। शिक्षकहरू पनि स्तरीय नै छन्। बरु अब संघीय राज्य हुन थालेको सन्दर्भमा कस्तो पाठ्यक्रम र शैक्षिक कार्यक्रम सञ्चालन गर्ने भन्ने विषयमा बहस हुनु आवश्यक छ।

**प्रिन्सिपल तिवारी**

पाठ्यक्रम राम्रो हुँदाहुँदै पनि अझै सुधारात्मक कार्यहरू हुँदैछन्। यसका लागि कुशल, अनुभवी, दक्ष र सिर्जनात्मक जनशक्तिको व्यवस्था गर्नुपर्ने आवश्यकता छ।

**हिसान सचिव भण्डारी**

अहिलेकै पाठ्यक्रम ठीक छ, तर पनि यसलाई समय-समयमा परिमार्जन गर्नुपर्ने आवश्यकता छ। प्लस टुकै कार्यक्षेत्रभित्र रहेर यसलाई अझ राम्रो बनाउन सकिन्छ।

**डा. खनियाँ**

**प्लस टुका चुनौती के हुन् र यसको कसरी सामना गर्न सकिन्छ ?**

अहिले प्लस टुहरूमा विद्यार्थी संगठनहरूले राजनीति गर्न पाएका छैनन्, तर त्यहाँ पनि संगठन खोल्न पाउनुपर्छ भन्ने दबाब छ। विद्यार्थीलाई सन्देश दिने खालको विकल्पको खोजी गर्नुपर्ने आवश्यकता नै अहिलेका लागि प्लस टुको चुनौती हो। यसका लागि अहिलेदेखि नै लागिपर्नु आवश्यक छ।

**शिक्षाविद् कोइराला**

प्लस टुहरूलाई नियमन र नियन्त्रण गर्न परिषद्लाई विकेन्द्रीकरण गर्नुपर्ने चुनौती छ। अहिले ७ वटा स्थानमा परिषद्का कार्यालय छन्। यसलाई कमसेकम १४ स्थानमा विस्तार गर्नुपर्छ। यसलाई स्वायत्तता प्रदान गरी प्राज्ञिक एवं व्यावसायिक कार्यमा विभाजन गर्नुपर्छ।

**सहसचिव कोइराला**

प्लस टुका बारेमा सरकारको नीति स्पष्ट छैन। अहिले सरकारले गर्ने लगानी निजी क्षेत्रले गरिरहेको छ। शिक्षामा समता, पहुँच, गुणस्तर र सान्दर्भिकता हुनुपर्छ। अहिलेको विद्यालय क्षेत्र सुधार कार्यक्रमले पनि यी सबै कुरामा ध्यान दिनुपर्छ भनेको छ, तर यसका लागि के गर्ने भन्ने विषयमा सरकारको स्पष्ट नीति छैन।

**प्रिन्सिपल तिवारी**

जुनसुकै क्षेत्रमा पनि केही चुनौती हुन्छन्। हामीबीचमा पनि पहिले अस्वस्थ प्रतिस्पर्धा थियो। अहिले हामीले उच्च माध्यमिक विद्यालय संघ स्थापना गरेपछि आचारसंहिता निर्माण र अन्य विभिन्न समन्वयकारी कार्यहरू गरिरहेका छौं।

**हिसान सचिव भण्डारी**

उच्च माध्यमिक शिक्षा शिक्षाको मूल प्रवाह बन्न सकेन। २ तिहाइभन्दा बढी विद्यार्थी अध्ययन गर्ने संस्था भएर पनि यो अवस्था आउनु निकै ठूलो चुनौती हो। सरकारको बेवास्ता हुँदा पनि यसले प्राप्त गरेको लोकप्रियता र उपलब्धिबाट हामी धेरै खुसी हुनुपर्छ। यसलाई अझ व्यवस्थित गर्न सरकारको ध्यान जानु आवश्यक छ।

**डा. खनियाँ**

प्रस्तुति : एकराज सुवेदी

---

कान्तिपुर टेलिभिजनबाट प्रसारण हुने समाचारमूलक कार्यक्रम 'कान्तिपुर आज' मार्फत दर्शकमाझ राम्रो छवि बनाएकी कार्यक्रम प्रस्तोता सलोनी राजभण्डारी अचेल उक्त कार्यक्रममा देखिन छाडेकी छिन्। करिब दुई महिनाको अन्तरालपछि उनलाई दर्शकले नेपाल टेलिभिजन-२ बाट प्रत्येक दिन प्रसारण हुने कार्यक्रम 'प्ले इट अन' मा भिन्नै गेटअपमा देखें। उक्त कार्यक्रममा भिडियो जक्की तथा बजार व्यवस्थापकका रूपमा सहभागी राजभण्डारीसँग *साप्ताहिकको* तीन प्रश्न :



**'कान्तिपुर आज' बाट किन अलग हुनुभयो ?**

खासै कारण त केही थिएन, तर काम गर्दा 'मोनोटोनस' अनुभव भएपछि कार्यक्रम र च्यानल नै छाड्ने निर्णय गरेकी हुँ।

**समाचारमूलक कार्यक्रमबाट सांगीतिक कार्यक्रममा पुग्दा के फरक पाउनुभयो ?**

शतप्रतिशत फरक महसुस गरिरहेकी छु। कान्तिपुर आजमा एउटा फ्रेममा रहेर काम गर्नुपर्थ्यो भने अहिले प्ले इट अनमा स्वतन्त्रतापूर्वक काम गर्न पाएकी छु।

**टिनएजरमाझ लोकप्रिय हुन सांगीतिक कार्यक्रम छनौट गर्नुभएको त होइन ?**

त्यस्तो होइन। लोकप्रियता कमाउन त कान्तिपुर टेलिभिजनभन्दा राम्रो विकल्प नै छैन। तर केही भिन्न गर्न सकियोस् भनेर समाचारमूलक कार्यक्रमबाट सांगीतिक कार्यक्रममा आएकी हुँ।

---

## कान्तिपुर टेलिभिजन सातौं वर्षमा

काठमाडौं– कान्तिपुर टेलिभिजन गत मंगलबारदेखि प्रसारणको छैठौं वर्ष पूरा गरी सातौं वर्षमा प्रवेश गरेको छ। २०६० असार २९ गते प्रसारण प्रारम्भ भएको कान्तिपुर टेलिभिजन स्थापनाकालदेखि टेरेस्टेरियल प्रविधिबाट राजधानी तथा विगत दुई वर्षयता स्याटलाइटमार्फत् नेपाल लगायत विश्वका करिब एक सय मुलुकमा प्रसारण भैरहेको छ।

उक्त अवसरमा सुविधानगर, तीनकुनेस्थित कान्तिपुर कम्प्लेक्समा आयोजित विशेष समारोहमा टेलिभिजनका प्रबन्ध निर्देशक गणेश अग्रवालले तराई, मधेस तथा पहाड सबैतिर टेलिभिजनको पहुँच पुऱ्याउन हरेक स्थानबाट प्रत्यक्ष प्रसारणको तयारी भैरहेको जानकारी दिनुभयो। समारोहमा कान्तिपुर पब्लिकेसन्सका अध्यक्ष तथा प्रबन्ध निर्देशक एवं टेलिभिजनका निर्देशक कैलाश सिरोहियाले जनतालाई सुसूचित गर्न तथा मनोरञ्जन प्रदान गर्न निडरताका साथ काम गर्न सुझाव दिनुभयो। समारोहमा टेलिभिजनका निर्देशक अरुण ओझा तथा पब्लिकेसन्सका निर्देशक रामेश्वर थापाको पनि उपस्थिति थियो।



समारोहमा टेलिभिजनका उत्कृष्ट सहकर्मीहरूलाई पुरस्कृत गरिएको थियो। जस अन्तर्गत इन्जिनियरिङमा राजेश माली, समाचार विभागतर्फ राजकुमार अधिकारी तथा कार्यक्रम उत्पादनतर्फ दिवाकर ज्ञवाली उत्कृष्ट घोषित भए। प्रशासन तथा आर्थिक विभागबाट सुष्मा सिंह पुरस्कृत भइन्। उत्कृष्ट जिल्ला संवाददाताको पुरस्कार संखुवासभाका दीपेन्द्र शाक्यले पाए। समारोहमा मिडिया हब, कि एडभरटाइजिङ एजेन्सी तथा इको एड एजेन्सीलाई सम्मान गरिएको थियो। गतवर्ष दिवंगत भएका 'कान्तिपुर वहस' का प्रस्तोता इन्द्र लोहनीको नाममा यसै वर्ष स्थापना गरिएको 'इन्द्र लोहनी स्मृति पत्रकारिता पुरस्कार' कान्तिपुर टेलिभिजनका संवाददाता प्रकाशचन्द्र परियारले पाएका छन्। उनलाई नगद १० हजार रुपैयाँसहित सम्मान गरिएको थियो। यो पुरस्कार हरेक वर्ष प्रदान गरिने केटिभीले जनाएको छ। वार्षिकोत्सवको उपलक्ष्यमा अघिल्लो साता सम्पन्न विभागीय सहकर्मीहरूबीचको फुटबल प्रतियोगिताको विजयी टिम कान्तिपुर टिभीको ए समूहलाई पनि समारोहमा शिल्ड तथा प्रमाणपत्र वितरण गरिएको थियो।

● फिल्मी खबर ●

### जिन्दगानी दर्पणछायाँ


चलचित्र जिन्दगानी दर्पणछायाँ' पाल्पाको दोभान गाविस र तानसेनमा भैरहेको छ। चलचित्र 'जिन्दगानी' र 'दर्पणछायाँ' मा समेत नायकको भूमिका निर्वाह गरेका रायमाझीले अहिले जिन्दगानी दर्पणछायाँमा नायकको भूमिकामा अभिनय गरेका छन्। यो चलचित्रमा नन्दिता केसी, मनोज श्रेष्ठ, रजनी प्रधान, सन्तोष अग्रहरी, गिरी प्रसाद पुन (लाहुरेदाइ) कुलचन्द्र पुरी, कुमारी परियार, किरण चित्रकार आदि कलाकारले अभिनय गरेका छन्।

### रिमेशको अर्को

नायक तथा निर्माता रिमेश अधिकारीको एकल निर्माणमा चलचित्र 'वशमा छैन यो मन' बन्ने भएको छ। पद्मा कुमारी फिल्म्सको ब्यानरमा निर्माण हुने उक्त चलचित्रलाई रामराजा दाहालले निर्देशन गर्दैछन्। राजबल्लभ कोइराला, मुकेश आचार्य तथा नन्दिता केसीको मुख्य भूमिका रहने उक्त चलचित्रको गीत रेकर्डिङ भैरहेको छ। आगामी भदौतिर काठमाडौं, पोखरा र जोमसोममा छायांकन गर्ने तयारीमा जुटेका निर्माता अधिकारीले बताए।

### मेरो एउटा साथी छ

चलचित्र 'सानो संसार'बाट चर्चामा आएकी नायिका नम्रता श्रेष्ठको दोस्रो चलचित्र 'मेरो एउटा साथी छ' सार्वजनिक हुने भएको छ। प्रभुशमशेर राणाको लगानीमा निर्माण भएको यो चलचित्रका निर्देशक सुदर्शन थापा हुन्। आर्यन सिग्देलले नायकको भूमिका निर्वाह गरेको यो चलचित्रमा जीवन लुइँटेल, जेनिषा मोक्तान आदिले पनि अभिनय गरेका छन्। चलचित्रमा गायक सुगम पोखरेलको संगीत सुन्न पाइनेछ। रेखा थापाले एउटा गीतमा आइटम नृत्य गरेको चलचित्र 'मेरो एउटा साथी छ'को नृत्य निर्देशन रिनासा राईले गरेकी हुन्।





तस्बिर : नवराज वाग्ले

## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म २६ वर्षीय युवक हुँ। पाँच वर्षअघि एक जना अन्तर्जातीय युवतीसँग मेरो प्रेमसम्बन्ध थियो। हाम्रो सम्बन्ध दुई वर्ष चल्यो। त्यसपछि अचानक हाम्रो सम्पर्क टुट्यो। मैले धेरै चिठी पठाएँ, तर जवाफ पाइनँ। यसबीच मेरो एउटी स्वजातीय युवतीसँग प्रेम बस्यो। उनीसँग मेरो पारिवारिक स्थिति मेल खान्छ। जबकि पहिलेकी प्रेमिकासँग मेरो आर्थिक अवस्था पनि मिल्दैन। उनी हामीभन्दा धेरै सम्पन्न छिन्। अनायास हालै उनी सम्पर्कमा आइन् र मलाई बिर्सन नसकेको कुरा बताउन थालिन्। मैले उनलाई उनले पाइरहेको जस्तो सुख-सयलमा राख्न सक्दिनँ, त्यसैले मित्रताको नाता मात्र कायम गरूँ पनि भनें। उनले भने जस्तोसुकै दु:खमा पनि संघर्ष गर्न तयार रहेको बताइन्। म अहिलेकी प्रेमिकालाई निकै माया गर्छु र उनी पनि मलाई निकै चाहन्छिन्। यो अवस्थामा म दुईवटी प्रेमिकाबीच फसेको छु। अहिलेसम्म उनीहरू दुवैलाई एक-अर्काका बारेमा थाहा छैन। थाहा भयो भने कुनै दुर्घटना पनि हुन सक्छ। म के गरूँ ?**

**पी.के.**

एक त तपाईंले आफ्नी प्रेमिकाका बारेमा पूर्ण जानकारी नबटुली अर्कीसँग प्रेम गर्न थाल्नुभयो। अब फेरि ऊ फर्केर आएपछि उसलाई पन्छाउँदै हुनुहुन्छ, त्यो पनि उनी सम्पन्न छिन् भन्ने बहानामा। प्रेममा जात-पात, धनी-गरिबजस्ता कुरा गौण हुन्छन्। अर्को कुरा, पहिलो प्रेममा माया जति गाढा हुन्छ, त्यति त्यसपछिका प्रेममा नहुन पनि सक्छ। विशेष गरी साँचो माया गर्ने युवतीहरूमा यो कुरा लागू हुन्छ। यहाँ तपाईंमा निर्णय क्षमताको कमी पनि देखिन्छ। प्रेम कोसँग गर्ने वा कसलाई स्वीकार गर्ने ? भन्ने अन्तिम निर्णय त तपाईंले गर्ने हो। तपाईंलाई कोसँग जीवन बिताउने मन छ वा ती दुईमध्ये कसलाई आफ्नी जीवनसंगिनीका रूपमा देख्नुभएको छ, ऊसँग नजिक हुनुहोस् र अर्कीलाई राम्रो अवस्था र उनको मुड हेरेर आफ्नो दोधारे अवस्थाका बारेमा बताउनुहोस् अर्थात् सही ढंगबाट सम्झाउनुहोस्। सम्भवत: समस्याको समाधान हुनसक्छ, तर यसको जानकारी अर्कीलाई पनि हुनु आवश्यक छ। किनभने यदि उनले अर्कै माध्यमबाट यो कुरा थाहा पाइन् भने त्यो सम्बन्ध पनि बिग्रन सक्छ।




# सचित्र

## साउने सोमबार विशेष



गाँठवाला श्रीमानको खोजीमा : गायिका कोमल ओली आफ्नो नयाँ गीतमा यसरी नै नाच्नेछिन् ।



पोखरामा : पोखराकी मोडल बबिना शर्मा (दायाँ) साथीसँग ।



मलाई बिर्सिएको छैन नि : विवाह गरेर भारतको मथुरामा बसोबास गरिरहेकी नायिका बिपना थापा ।



तीन पहिरन, तीन सुन्दरी : गायिका नलिना चित्रकार (साडी), माप्पी घोष 'पवनकली' (गुन्यू-चोली) र नायिका सञ्चिता लुइँटेल कुर्था-सलवारमा पोज दिँदै ।



हरियो र रातो : साउने सोमबारको व्रतमा लगाइने हरियो र रातो साडी, चुरा र पोते लगाएर तस्बिर खिचाउँदै नायिका सञ्चिता लुइँटेल र पूर्व मिस टिन खुश्बु ओली ।



टेलीसुन्दरीहरूको सिपका : टेलिश्रृंखलाहरूबाट चिनिएका नायिकात्रय प्रेरणा शर्मा, दीपश्री निरौला र सौजन्य सुब्बा परम्परागत श्रृंगारपछि रमाएर हाँस्दै ।

# नाइँ यो हुन सक्दैन







'यसपछिको हाम्रो लडाइँ नेपाली चलचित्रको स्तरीयताका लागि हुनेछ,' नेपाल चलचित्र निर्माता संघको अध्यक्ष पदमा पुनः निर्विरोध चुनिएपछि युवराज लामाले भनेका थिए । अहिले उनी त्यो पदमा छैनन्, न त कुनै चलचित्र निर्माणमा संलग्न छन् । ननस्टप निर्माता/निर्देशकको पगरी गुथेका लामा अहिले 'स्टप' भएका छन् । सम्भवतः उनी हेर्दैछन्, बुझ्दैछन्– कसरी नेपाली चलचित्रलाई स्तरीय बनाउन सकिन्छ ? नेपाली चलचित्रको स्तरीयताको कुरा बारम्बार उठ्ने गरेको छ । अधिकांश नेपाली चलचित्र प्रायः एउटै धारमा बगेका हुन्छन्, जसलाई मसालेदार धार भन्न सकिन्छ, जसमा राजेश हमाल नम्बर एक नायक छन् । उनको माग यो धारका चलचित्रमा अत्यधिक छ । यस्तै चलचित्रले यहाँ व्यापार-व्यवसाय गरिरहेका छन् । त्यसो त यहाँ फरक धारका चलचित्र नबनेका होइनन् । प्रताप सुब्बाले २६ वर्षअघि निर्माण गरेको 'परालको आगो' होस् वा नवीन सुब्बाको 'नुमाफुङ' होस्, फरक धारका चलचित्रले व्यावसायिक फाइदा नउठाए पनि चर्चा भने पाएकै हुन्छन् ।

सबै चलचित्रको एउटै उद्देश्य छ- आम्दानी गर्नु । त्यसका निम्ति उनीहरूले 'चलचित्र मेकिङ फ्रिडम' को सदुपयोग गर्दै आफ्ना चलचित्रमा पूर्ण मनोरञ्जनात्मक विषय समावेश गरेका हुन्छन् । फरक धार भन्ने कुरा तिनीहरूमा छैन । अर्कातिर ऐतिहासिक 'वीर गणेशमान', साहित्यिक 'मुनामदन' र 'बसाइँ', सामाजिक अन्धविश्वासमा 'मुकुन्डो' जस्ता चलचित्रले स्याबासी पाए पनि सार्वजनिक प्रदर्शनका लागि भने भट्किनुपर्‍यो ।

विगतमा फरक धार र व्यावसायिक धारको फ्युजन चलचित्र पनि देखिए र यो क्रमले हाल निरन्तरता पाइरहेको छ । त्यस्तै 'फ्युजन' चलचित्र वासुदेवले १८ वर्षअघि बौद्धिक दर्शकबाट प्रशंसा पाएको थियो । उपन्यास 'कट्टेल सरको चोटपटक' लाई पर्दामा उतारिए पनि त्यसमा व्यावसायिक गन्ध अर्थात् प्रेमगीत गाउँदै नृत्य गरिएका दृश्य राखिएका थिए । बलिदान सबै वर्गले रुचाए । त्यसमा पनि गीत र द्वन्द्वका दृश्य समावेश गरिएको थियो । 'दक्षिणा' अर्धधारको चलचित्र भयो । 'चमेली' लाई एउटा वर्गले मन पराए । यो चलचित्रलाई कतिपयले व्यावसायिक धारकै चलचित्रको दर्जा दिए । जबकि कतिपयले फरक धार भनेर ठोकुवा गरे । आदिकवि भानुभक्त आदिकविको जीवनी नै भएकाले यसलाई फरक धार मान्न सकिन्छ, तर यसले व्यावसायिक सफलता पाएन । 'गौंथली' पहिलो नेपाली गीतिचलचित्र भएकाले त्यसलाई प्रयोग भन्न सकिन्छ । यद्यपि यो प्रयोग सफल मानिएन ।


भूषण दाहालको 'कागबेनी' लाई फरक धारमा फरक प्रविधिबाट बनाइएको थियो । लिलबहादुर छेत्रीको कृतिमा बनेको चलचित्र 'बसाइँ' निकै समयदेखि प्रदर्शनको अनुकूलता पर्खेर बसेको छ ।

अब त फरक धारभन्दा पनि फरक प्रविधिमा अन्तर्राष्ट्रिय स्तरको चलचित्र बनाउनु आवश्यक छ । 'चिनी धेरै खाँदा तीतो हुन्छ' भनेझैं लगातार झन्डै उस्तै विषयमा बनाइएका चलचित्रहरू हेर्दा-हेर्दा ती दर्शक पनि वाक्क होलान्, जसलाई यहाँका निर्माता, निर्देशक तथा वितरकहरू 'हाम्रा दर्शक' भनेर दंग छन् ।'७० र'८० को दशकमा बनेका हिन्दी चलचित्रका प्रसंगहरू जोडेर बनाइएका नेपाली चलचित्र कहिलेसम्म हेर्ने ?

चलचित्र 'सानो संसार'ले राम्रो व्यवसाय गर्‍यो । यसले प्रविधि तथा प्रस्तुति फरक भयो भने चलचित्र चल्न सक्ने वातावरण सिर्जना गरेको छ । हुनसक्छ, भविष्यमा अब नेपाली चलचित्रहरूमा सामान्य भैसकेको यी संवाद सुन्नुपर्ने छैन- 'नाइँ, यो हुन सक्दैन', 'तिमी यो के भन्दैछौ', 'यो कसरी हुनसक्छ ?' आदि । कथा खोज्नेभन्दा पनि अब पटकथा र संवादमा मेहनत गरिनेछ, चरित्र सुहाउने कलाकार राखिनेछ, छायांकनमा हरेक सटमा मेहनत गरिनेछ, प्रदर्शनमा राम्रो व्यवस्थापन गरिनेछ । आशा गर्ने ठाउँ छ, नयाँ पुस्ताको प्रवेश बढ्दो छ । चलचित्र अब एउटा धारमा होइन, दुईवटा धारमा बग्न थालेको छ, जसमा पुरानो धार यथावत् छ भने नयाँ पुस्ताले अपनाएको प्रयोगवादी धारले पनि आफ्नो अलग स्थान बनाउन सक्ने देखिन्छ । हेर्दै जाऔं, भविष्यमा कस्ता नेपाली चलचित्र आउने हुन् ?

–सुव्रत

# साप्ताहिकमा आएपछि



गत अंकको साप्ताहिकको मध्यपृष्ठमा आकर्षक तस्बिर तथा अन्तर्वार्ता प्रकाशित भएपछि दमककी मोडल तथा कलाकार अनुष्का ढकाललाई चलचित्र, टेलिभिजन कार्यक्रम तथा म्युजिक भिडियोका लागि थुप्रै प्रस्ताव आएका छन्। शुक्रबार बिहानै चलचित्र निर्देशक श्याम भट्टराईले साप्ताहिक संवाददातासँग सम्पर्क गर्दै अनुष्कालाई आफ्नो नयाँ चलचित्र 'च्यालेन्ज' मा अभिनय गराउन इच्छुक भएको बताए। लगत्तै अर्का निर्देशक बाबुराम ढकालले पनि आफ्नो नयाँ चलचित्र 'पर्खिराख है...' मा नायिका बनाउने योजना सुनाउँदै अनुष्कासमक्ष प्रस्ताव पुऱ्याइदिन आग्रह गरे।


त्यसपछि निर्देशक केपी पाठकले पनि उनको नयाँ चलचित्र 'गौली' को शीर्ष भूमिकामा अनुष्का नै उपयुक्त हुने धारणा व्यक्त गरे। शुक्रबार साँझ नै नेपाल टेलिभिजनका कार्यक्रम निर्माता नीलम भट्टराईले एउटा सांगीतिक कार्यक्रमको भिडियो जक्कीका रूपमा अनुष्कालाई लिन इच्छुक भएको जानकारी दिए। अनुष्कासँग भेटेपछि निर्माता भट्टराई उनलाई भिजे बनाउन राजी भए। गत मंगलबार बिहान उनलाई म्युजिक भिडियो निर्देशक संगीता श्रेष्ठले आफ्नो नयाँ भिडियोको मोडलमा अनुष्कालाई लिने योजना सुनाइन्। 'कुरा गरें, मेरो नयाँ भिडियोमा अनुष्काले नै अभिनय गर्नेछिन्।' तस्बिर प्रकाशित भएको चार दिनमै थुप्रै चलचित्र, टिभी कार्यक्रम तथा म्युजिक भिडियोबाट प्रस्ताव आएपछि अनुष्काले खुसी व्यक्त गरिन्। 'साप्ताहिकले मेरो करियरको ढोका नै खोलिदियो, अनुष्काले भनिन्– 'तर एकैपटक सबै काम गर्न सक्छु कि सक्दिनँ, डर लागिरहेको छ !'

# मौसमीको यौनशिक्षा




मौसमी मल्ललाई अब नायिकाका रूपमा मात्र चिनाउनु उचित हुँदैन। आफ्नै लगानीको पहिलो चलचित्र 'गिरफ्तार' ले राम्रै व्यापार गरेपछि सफल निर्मात्री बनेकी मल्ल आगामी दिनमा पनि चलचित्र निर्माणलाई निरन्तरता दिने मुडमा छिन्। नायिकाबाट निर्मात्री बनिसकेपछि मौसमी 'जिम्मेवार चलचित्रकर्मी' बनिसकेको कुरा उनकै सहकर्मीहरूले बताएका छन्। भर्खरै मात्र उनले एउटा अनलाइन पत्रिकालाई दिएको रमाइलो अन्तर्वार्तामा 'सेक्स' बारेमा पनि आफ्नो धारणा व्यक्त गर्न छुटाइनन्। मौसमीले भनेकी छिन्– 'सेक्स एउटा प्राकृतिक प्रक्रिया हो।' तर प्राकृतिक प्रक्रिया भए पनि मौसमी आफैंले चाहिं सेक्सका बारेमा खासै बुझ्न र सुन्न पाएकी छैनन्। 'मेरो बालविवाह भएकाले सेक्सका बारेमा खासै बुझ्न र सुन्न पाइनँ', उनको भनाइ छ– 'तर यति ठोकुवाका साथ भन्न सक्छु, शारीरिक सम्पर्कबिना पनि बाँच्न सकिन्छ।' आफ्ना प्रशंसकहरूलाई उनले सेक्सका बारेमा एउटा गतिलो सुझाव पनि दिएकी छिन्। मौसमी भन्छिन्– 'सेक्सका बारेमा कुण्ठित भएर बस्नु हुँदैन। यसलाई दबाएर राख्नुभन्दा ओपन हुनु र सुरक्षित उपाय अपनाउनु आवश्यक छ।'

# नाच्न नजान्ने नायक



नेपाली चलचित्रका नाच्नै नजान्ने नायक को होलान् ? भर्खरै सञ्चालनमा आएको एउटा मनोरञ्जन समाचार प्रकाशित गर्ने वेबसाइटले गरेको पाठक सर्वेक्षणअनुसार राजेश हमाल सबैभन्दा नाच्न नजान्ने नायकका रूपमा देखिएका छन्। उनले नाच्न नजान्ने नायकहरूको प्रतिस्पर्धामा सर्वाधिक ३७ प्रतिशत मत पाएका छन्। हमालपछि भुवन केसी दोस्रो नाच्न नजान्ने नेपाली नायक भएको ठहर सर्वेक्षणमा सहभागी पाठकहरूले गरेका छन्। नाच्न नजान्ने नायकहरूको प्रतिस्पर्धामा भुवनले ३४ प्रतिशत मत पाएका छन्। नाच्न नजान्ने नायकको सूचीको तेस्रो स्थानमा निखिल उप्रेती छन्। उनले १४ प्रतिशत मत पाएका छन्। निखिलपछि १० प्रतिशत मत पाएर विराज भट्ट चौथो स्थानमा परेका छन्। निकै कम चलचित्रमा देखिने नायक सुशील क्षेत्री तथा व्यस्त नायक रमित ढुंगानालाई भने दर्शकले सबैभन्दा राम्रो नाच्ने नायकका रूपमा उभ्याएका छन्। नृत्यमा पारंगत यी दुवै नायकले नाच्न नजान्ने नायकको प्रतिस्पर्धामा सबैभन्दा कम ४-४ प्रतिशत मत पाएका छन्।





● चलचित्र ●



# फुङ्वामा

युवा निर्देशक अरुणा प्रधानले लिम्बू संस्कार, संस्कृतिका साथै माओवादी द्वन्द्वकालमा आदिवासी लिम्बू जातिले भोग्नुपरेका पीडालाई चलचित्रमा उतारेका छन्। जनयुद्धका क्रममा राज्य र विद्रोही पक्षको बन्दुकको बीचमा जनता कष्टकर जीवन जिउन बाध्य भएको कथा चलचित्रमा प्रस्तुत गरिएको छ। माओवादीलाई आश्रय दिँदा माओवादीको आरोप र सेनालाई आश्रय दिँदा सुराकीको आरोप खेप्ने र त्यही निहुँमा दुवै पक्षबाट गोलीको सिकार हुनुपर्ने अवस्थालाई समेटेर बनाइएको चलचित्र हो फुङ्वामा (आदर्श आमा)।

माओवादी द्वन्द्व समाप्त भएपछि देशमा लोकतान्त्रिक गणतन्त्र आइसक्दा पनि गाउँका निमुखा जनताको घर-आँगनमा त्यसको उज्यालो पुग्न नसकेको तीतो यथार्थ यो चलचित्रमा समेटिएको छ। याक्थुङ सिनेमा प्रा.लि.को ब्यानरमा निर्माण भएको फुङ्वामा पूर्वका कलाकारहरू प्रेम सुब्बा, शोभा खजुम, मीरा जवेगु, अभिषेक केरुङ, नरेन्द्र केरुङ तथा बालकलाकार सुभाष केरुङ्ले अभिनय गरेका छन्। यो चलचित्रको छायांङ्कन पाँचथरको फिदिम र याङ्नामको सुन्दर प्राकृतिक स्थलहरूमा गरिएको छ भने चलचित्रमा श्रीप्रसाद जवेगुको गीत अनि प्रेम पन्धाक एवं अबोध पन्धाकको सङ्गीत सुन्न पाइन्छ।

# जश्न




आज शुक्रबार सार्वजनिक हुन लागेको चलचित्र 'जश्न' बाट कलाकार शेखर सुमनका छोरा अध्ययन सुमन नायकका रूपमा उदाउँदैछन्। विशेष फिल्मको ब्यानरमा निर्माण भएको यो चलचित्रबाट अध्ययनले आफू बलिउडमा स्थापित हुने आशा गरेका छन्। चलचित्रमा उनी आकाश वर्माको भूमिकामा प्रस्तुत भएका छन्। चलचित्र प्रदर्शन हुनुअघि नै यसको संगीत श्रोताले मन पराइसकेका छन्। यो चलचित्रको निर्देशन रक्षा मिश्र तथा हुसैन हैदरवालले संयुक्त रूपमा गरेका हुन्। चलचित्रमा नायक अध्ययन मात्र होइन अञ्जना सुखानी, सहाना गोस्वामी, हुमायुँ सइद पनि नयाँ कलाकार हुन्। चलचित्रका गीतहरू केके, श्रेया घोषाल, नुमन जावेद, शान, तोषि साब्री तथा शारिब साब्रीले गाएका छन्। कुनै पनि हैसियत नभएका व्यक्तिले आफ्नो पहिचान बनाउन गरेको संघर्षको कथा यो चलचित्रमा समेटिएको छ। चलचित्रमा अध्ययनले २१ वर्षीय युवकको भूमिका निर्वाह गरेका छन्। उनी संगीतिक क्षेत्रमा करियर बनाउने क्रममा रहेका नयाँ गायक हुन्। संगीतमार्फत आफ्नो प्रतिभा प्रस्तुत गरेर 'स्टार' बन्ने उनको धोको छ। संयोगवश आकाशकी बहिनी निशाको विवाह एक जना धनाढ्य व्यापारीसँग हुन्छ। धनी व्यक्तिसँग पारिवारिक सम्बन्ध गाँसिएकाले आकाशकी बहिनी आफ्ना भाइको सांगीतिक करियरले गति लिने कुरामा विश्वस्त हुन्छिन्, तर दुर्भाग्य आकाश र उनका भिनाजुको सम्बन्ध त्यसअघि नै बिग्रिसकेको हुन्छ। चलचित्रको मध्यान्तरपछि आकाशका भिनाजु उनको गायनबाट प्रभावित हुन्छन्। उनलाई सहयोग गर्छन् र रातारात उनी लोकप्रिय गायक बन्न सफल हुन्छन्।



● सानो पर्दा ●

### विज्ञापनमै व्यस्त

हास्य टेलिश्रृंखलामा तराई मूलको चरित्र निर्वाह गरेर लोकप्रिय भएका शिवशंकर रिजाल विज्ञापनमा समेत छाएका छन्। पछिल्लो एक वर्षमा उनले करिब सातवटा टेलिश्रृंखलामा अभिनय गरेर दर्शकलाई हँसाए भने झन्डै १४ वटा विज्ञापनमा मोडलिङ गरे। 'दर्शकले मन पराएकै कारण मैले अन्य हास्यकलाकारको तुलनामा बढी विज्ञापन पाएको हुँ,' रिजाल भन्छन्– 'विज्ञापनमा काम गर्न थालेपछि आर्थिक रूपले सक्षम भएको छु।'

### नयाँ ईकु

'मेरी बास्सै' मा नयाँ इकुलाई समावेश गरिएको छ। इकुका रूपमा सुलेमान स्थापित भएपछि 'मेरी बास्सै' बाट अचानक इकुका भूमिकालाई टुंग्याइयो। दर्शकले इकुलाई मन पराएपछि सुलेमानले 'इकु' शीर्षक राखेर चलचित्र नै निर्माण गरे। 'मेरी बास्सै' का निर्देशकद्वय सिताराम कट्टेल तथा केदार घिमिरेले पुनः इकुलाई श्रृंखलामा समावेश गर्ने निर्णय गरे, तर व्यस्तताका कारण सुलेमानले समय दिन सकेनन्। अन्ततः कट्टेल तथा घिमिरेले नयाँ इकु तयार पारे। अहिले इकुका रूपमा देखिएका कलाकार हुन् मरीचमान।

### म्युजिक मेला आउटडोरमा

कान्तिपुर टेलिभिजनको सांगीतिक कार्यक्रम 'म्युजिक मेला' को छायांकनस्थल परिवर्तन गरिएको छ। यसअघि स्टुडियोभित्र छायांकन भैरहेको यो कार्यक्रमको छायांकन अहिले आउटडोरमा भैरहेको छ। संगीता श्रेष्ठले सञ्चालन गर्ने यो कार्यक्रममा साताभरिका सांगीतिक गतिविधिहरू प्रस्तुत गरिन्छ। कार्यक्रम प्रत्येक बुधबार राति ९ बजे प्रसारण हुन्छ।

### इमेजमा गिटार मास्ट्रो

इमेज च्यानलबाट प्रतियोगितात्मक सांगीतिक कार्यक्रम प्रसारण हुने भएको छ। 'गिटार मास्ट्रो' शीर्षक राखिएको यो कार्यक्रममा गिटारवादकहरूबीच प्रतिस्पर्धा गराइनेछ। शीघ्र प्रसारण हुने यो कार्यक्रममा राजधानीलगायत देशभरिका सिकारु गिटारवादकको सहभागिता रहने इमेज च्यानलले जनाएको छ। प्रतियोगिताका विजेतालाई 'गिटार मास्ट्रो' का रूपमा पुरस्कृत गरिनेछ।

# ह्यारी पोर्टर एन्ड द हाफ ब्लड प्रिन्स



जेके रोलिङको चर्चित कृति 'ह्यारी पोर्टर' मा आधारित चलचित्र 'ह्यारी पोर्टर एन्ड द हाफ ब्लड प्रिन्स' को सार्वजनिक प्रदर्शन यसै साता प्रारम्भ भएको छ। २ घण्टा ३३ मिनेट लामो यो चलचित्रलाई एक्सन, एड्भेन्चर, साइन्स फिक्सन चलचित्रका रूपमा वर्गीकरण गरिएको छ। वार्नर ब्रोज पिक्चर्सले विश्वव्यापी वितरण गरेको यो चलचित्रको निर्देशन डेविड याट्सले गरेका हुन्। लियोनेल विग्राम तथा डेविड हेम्यान चलचित्रका निर्माता हुन्। 'ह्यारी पोर्टर भाग छ' का रूपमा प्रचार गरिएको यो चलचित्रमा यसअघिका पाँच भागमा ह्यारी पोर्टरको भूमिका निर्वाह गर्ने डेनियल रेडक्लिफले नै शीर्षक भूमिका निर्वाह गरेका छन्। इम्मा वाट्सन, रूपर्ट ग्रिन्ट, टम फेल्टन, हेलेना बोन्हाम कार्टर आदि कलाकारले पनि चलचित्रमा मुख्य भूमिका निर्वाह गरेका छन्। चलचित्रका केही दृश्य डरलाग्दा भएकाले स-साना बालबालिकाले अभिभावकको निगरानीमा मात्र यो चलचित्र हेर्न सक्नेछन्।

ह्यारी पोर्टरका यसअघिका श्रृंखलाझैं यो चलचित्रमा चलचित्रमा पनि प्रारम्भदेखि अन्त्यसम्म नै रोमाञ्चक दृश्य समाविष्ट छ। दुई जना खलनायकले एउटा रमणीय स्थान कब्जा गरेपछि चलचित्रको कथा अघि बढ्छ। ह्यारीले आफ्नो जादुगरी शक्तिको प्रयोग गर्दै कसरी ती दुष्ट शक्तिबाट त्यो स्थान फिर्ता गराउँछन् भन्ने विषयमा चलचित्रको कथा केन्द्रित छ। चलचित्रमा किशोर-किशोरीको प्रेमलाई पनि आकर्षक ढंगले चित्रण गरिएको छ। ह्यारी पोर्टरका यसअघिका चलचित्रले अमेरिकामा मात्र होइन, विश्वभरि नै राम्रो व्यावसाय गरेका छन्। उस्तै कथामा आधारित यो छैटौं चलचित्रले पनि बालबालिकादेखि वयस्क दर्शकको मन जित्ने कुरामा निर्देशक याट्स ढुक्क छन्।

कान्तिपुर पब्लिकेसन्सको एउटा उत्कृष्ट प्रकाशन

नेपाली नारीको अभिन्न संगी

प्रत्येक महिना हरेक घरमा



# प्राय: मानिस टङकिस गर्दा किन आँखा चिम्लिन्छन् ?



खै, साँच्चै किन चिम्लन्छन् हँ ? कस्तो फनी क्वेसन । प्रेमको भावमा डुब्ने भएकाले होला कि ? म पनि गर्लफ्रेन्डहरूसँग आँखा चिम्लेरै किस गर्छु ।

**डिजे शिशिर (डिस्को जक्की)**

यो प्रश्न त टङकिस खाएको बेला पो सोध्नुपर्थ्यो । अहिले त कसरी भन्नु किन आँखा चिम्लन्छन् भनेर ? फिलिङ्समा गएपछि आँखा चिम्लिने होला । माया धेरै गर्नेहरूले आँखा चिम्लन्छन्, तर अचेल माया गर्छु भन्ने कुरा देखाउन पनि टङकिस गर्दा आँखा चिम्लिनेहरू हुन्छन् । बरु आँखा खोलेर किस गर्नेहरू नै ठीक ।

**पूजा लामा (नायिका)**

आफूले मन पराएको मानिससँग टङकिस गर्दा बेग्लै संसारमा पुगेको अनुभूति हुन्छ र आँखा त्यसै बन्द हुन्छ होला । स्वर्गमा पुगेजस्तो अनुभव सँगाल्नलाई पनि आँखा चिम्लिइन्छ कि ? खै, मलाई त त्यस्तो अनुभव छैन ।

**सञ्जना श्रेष्ठ (गायिका)**

म भीडमा छु, यहाँ यसको जवाफ दिन मिल्दैन । एकैछिन पर्खनुस् है ? म आफैं कलब्याक गर्छु....( एकैछिनपछि)....अत्यधिक प्रेम, आत्मीयता र यौन उन्मादले टङकिसको लठारोमा बाँधिदिन्छ, जसले यौनिक सम्बन्धको विशाल गहिराइभित्र डुबाइदिन्छ । जुन आनन्दसँगै मानिसले स्वत: आँखा चिम्लिन्छ ।

**जीवन लुइँटेल (नायक)**

आनन्दको अनुभूतिमा चरम सुखका कारण आँखा आफैं बन्द हुन्छन् र आँखा चिम्लँदा आफैंलाई बिर्सिएको अनुभूति हुन्छ । त्यो बेलाको आनन्दलाई शब्दमा वर्णन गर्न सकिँदैन । त्यस्तो बेला मेरो पनि आँखा चिम्लिने बानी छ ।

**–सुरेश पोखरेल (चलचित्र निर्देशक)**

## जम्का भेट



रञ्जु लामिछाने चलचित्र नायिका हुन्। उनी टेलिचलचित्र तथा विज्ञापनहरूमा पनि देखिन्छिन्। केही समयअघिसम्म उनलाई म्युजिक भिडियोमा पनि देखिन्थ्यो। लीलबहादुर छेत्रीको उपन्यास 'बसाइँ'मा आधारित चलचित्रमा उनी केन्द्रीय भूमिकामा छिन्। यद्यपि यो चलचित्र राम्रोसँग सार्वजनिक भैसकेको छैन। 'को होला मेरो मायालु', 'आँधी तुफान, 'आवाज', 'डर' आदि आधा दर्जन चलचित्रमा अभिनय गरिसकेकी रञ्जुले थुप्रै टेलिश्रृखलामा अभिनय गरेकी छिन्। त्यसमा पनि हास्यश्रृंखला 'तीतो सत्य'मा उनी 'सुब्बा दाजु' थेगोका कारण चर्चित छिन्। पछिल्लोपटक रञ्जु अभिनेत्री होइन, निर्देशक बनेकी छिन्। लामिछाने निर्माणाधीन चलचित्र 'वीरताको चिनो'की मुख्य सहायक निर्देशक हुन्।

**अभिनेत्रीका रूपमा राम्रै काम पाइरहनुभएको थियो, किन मुख्य सहायक निर्देशक बन्नुभयो ?**

सानैदेखि अभिनय गर्ने चाहना थियो भने निर्देशक बन्नु मेरो रहर हो ।

**सहायक निर्देशक भएपछि एउटै चलचित्रलाई धेरै समय दिनुपर्ने हुन्छ, त्यति समयमा त चार-पाँचवटा अरू काम गर्न भ्याउनुहुन्छ नि ?**

हुन त हो, तर केही पाउन केही त्याग्नैपर्छ, त्यसैले मलाई कुनै दु:खेसो छैन ।

**काम कम पाउन थालेकाले निर्देशनतिर लागेको पनि सुनियो नि ?**

योचाहिँ गलत सुन्नुभयो । मैले हालसालै आकाशगंगा र हतकडी दुई चलचित्रमा अभिनय गरेकी छु । 'वीरताको चिनो'पछि अरू पनि केही चलचित्र तथा टेलिश्रृंखलामा पनि अभिनय गर्दैछु ।

**त्यसो भए निर्देशनको काम यही एउटैबाट टुंगिन्छ ?**

त्यसो पनि होइन, केही समयपछि सिक्किममा बन्ने चलचित्र 'द लेटर'मा पनि मुख्य सहायक निर्देशक छु । अनि कम्तीमा दुई वर्षपछि एकल निर्देशन गर्ने तयारीमा छु ।

**सधैं काम गरिरहने ? विवाहचाहिँ कहिले गर्नुहुन्छ ?**

खोजेजस्तो केटा पाएपछि ।

**प्रेमी त होला नि ?**

त्यो पनि खोजिरहेकी छु । मलाई मिल्दो कोही भेटियो भने प्लिज खबर गरिदिनु न है ? (लामो हाँसो) ।






## ● साताको स्वर ●



दीपक स्वप्निल

**हाँसी-हाँसी डोली चढ्यौ....गीत लोकप्रिय भएकै हो ?**
श्रोताहरूले मन पराएका छन् । एफ.एम. र टेलिभिजनमा पनि बजिरहेकाले लोकप्रिय नै भएको छ ।

**कुन शैलीमा आधारित छ ?**
दुईवटा शैली अपनाइएको छ । स्लो रक शैलीको भए पनि पप शैलीमा आधारित छ ।

**गीतको कुन पक्ष राम्रो छ ?**
श्रोताहरूले गीतको शब्द मन पराएका छन् । संगीत र गायनमा पनि प्रसस्त मेहनत गरेको छु ।

**कस्ता श्रोताले यो गीत मन पराइरहेका छन् ?**
युवा उमेरका श्रोताले ।

**म्युजिक भिडियो कस्तो छ ?**
भिडियो आकर्षक छ । भिडियो सार्वजनिक भएपछि यो गीतका श्रोताहरू ह्वात्तै बढेका छन् ।

### ज्याक्सनको सम्झना

पप सम्राट् माइकल ज्याक्सनको सम्झनामा राजधानीमा एउटा सांगीतिक कार्यक्रम सम्पन्न भएको छ । अघिल्लो बिहीबार ज्याक्सनको निधन भएको १३ औं दिन । पाटनस्थित यलमाया केन्द्रमा उनको सम्मान तथा सम्झनामा गायकहरूले गीत गाए, ज्याक्सन प्रभावको चर्चा गरे । त्यहाँ उनकै गीतका भिडियो पनि प्रदर्शन गरियो । पर्दामा ज्याक्सन आफ्ना कोरसलाई पृष्ठभूमिमा राखेर बेपर्वाह कपाल हल्लाउँदै नाचिरहँदा गायक धीरज राईले ज्याक्सनकै 'वी आर द वर्ल्ड' गाइरहेका थिए । धिरजले आफ्नो सांगीतिक यात्रामा ज्याक्सनको प्रभाव परेको बताए । गीत गाउनुअघि धिरजले नेपाली पप संगीतमा ज्याक्सनको प्रभावका सम्बन्धमा चर्चा गरे । यलमाया केन्द्रसम्बद्ध वाईएमके फिल्म क्लबले आयोजना गरेको उक्त कार्यक्रममा 'थ्रिलर', 'अप्सन', 'डेन्जरस' लगायत ज्याक्सनका करिब आधा दर्जन म्युजिक भिडियो देखाइएको थियो ।

### राजेशको कीर्तिमान

गायक राजेश पायल राईले सांगीतिक क्षेत्रमा नयाँ कीर्तिमान कायम गरेका छन् । उनले पछिल्लो दुई सातामा १४ वटा नेपाली चलचित्रका गीत आफ्नो स्वरमा रेकर्ड गरेर कीर्तिमान कायम गरेका हुन् । राजेशपायलका अनुसार उनले यो अवधिमा 'बसमा छैन यो मन', 'निगरानी', 'विवाह', 'कवज', 'हथकडी', 'ग्यांगस्टर', 'लभ स्टोरी ६६', 'सडक', 'मिसन नेपाल', 'तिमीबिनाको जीवन', 'तिमीबिनाको संसार' आदि चलचित्रका लागि स्वर प्रदान गरेको बताएका छन् ।

### दिल सार्वजनिक

सांगीतिक प्रतियोगिता नेपाली ताराको निर्णायक चरणमा पुग्न सफल गायिका दुर्गा खरेलको पहिलो गीति संग्रह 'दिल' सार्वजनिक भएको छ । हिंजो बिहीबार भद्रकाली मन्दिरमा पूजाआजा गर्दै गायिका खरेलको उक्त संग्रह सार्वजनिक गरिएको हो । संग्रहका आधुनिक शैलीका गीतहरू समावेश गरिएको गायिका खरेलले बताएकी छिन् । गीति संग्रहको एउटा गीतको म्युजिक भिडियोको प्रिमियर बिहीबार नै कान्तिपुर टेलिभिजनको कल कान्तिपुरबाट गरिएको गायिका खरेलले बताएकी छिन् ।

### सांस्कृतिक कार्यक्रम

मनस्थितिका किशोर-किशोरीले एक दर्जन गीतमा आकर्षक नृत्य प्रस्तुत गरेर दर्शकहरूलाई मनोरञ्जन प्रदान गरेका थिए ।

### म्युजिकल टुर

पशुपति क्षेत्रका अनाथ तथा असहाय बालबालिकाको सहयोगार्थ आरुसी नेपालले लाइभ म्युजिक टुर शीर्षकको सांगीतिक कार्यक्रम आयोजना गरिरहेको छ । म्युजिक टुरको प्रारम्भ गत शनिबार नारायणघाटको क्याम्पसचौरबाट भएको छ । कार्यक्रममा गायक-गायिका नलिना चित्रकार, रेश्मा सुनुवार, मिङ्मा शेर्पा, डम्बर नेपाली, यात्रा टुंगिनेछ । आगामी कार्यक्रममा सांगीतिक समूह रबिन एन्ड द न्यु रिभ्युलिसनको समेत सहभागिता रहने आयोजक संस्थाले जनाएको छ ।

## ● म्युजिक अपडेट ●

रघु सुस्त मनस्थिति अनुसन्धान केन्द्रले गत शुक्रबार राजधानीमा सांस्कृतिक कार्यक्रम सम्पन्न गऱ्यो । हल्चोकस्थित सशस्त्र प्रहरीबलको रंगमञ्चमा आयोजित कार्यक्रममा गायिका कोमल वली तथा रिजा उप्रेतीले गीत-संगीत प्रस्तुत गरेका थिए । सोही कार्यक्रममा नृत्यांगना सोनी आलेमगर, गायिका ओली तथा टुरगाइड दिदीबहिनी लक्की, डिक्की र निक्की कार्कीलाई सम्मान गरिएको थियो । कार्यक्रममा सुस्त हिमाल श्रेष्ठ तथा सांगीतिक समूह स्याडोजले लाइभ संगीत दिएको थियो । कार्यक्रममा मिङ्माले नमुना बनाइदियौ तथा छमछम पाउजुलगायत आफ्ना चारवटा लोकप्रिय गीत गाए । डम्बर नेपालीले 'मेरो जीवनबाट...' गाएर श्रोताहरूको मन जिते । नारायणघाटमा प्रस्तुत गरिएको यही कार्यक्रम आगामी शनिबार काठमाडौंमा आयोजना गरिदैछ भने त्यसपछि पोखराहुँदै बुटवलमा पुगेर

## साप्ताहिक लाइभ

यस वर्षको इन्डियन आइडल सौरभीसँगै रनर-अप कपिल थापा, कान्ति आले, अनिल सिंह, हास्यकलाकार गोपाल नेपाल 'फिस्टे', मिस तामाङ उपाली लामाका साथ स्थानीय कलाकारहरूले आउँदो आइतबार साँझ ७:३० बजे युन लुड थियटर हङकङमा कार्यक्रम प्रस्तुत गर्दैछन् ।

बत्तीसपुतली, काठमाडौंस्थित द्वारिकाज होटलमा प्रत्येक शुक्रबार साँझ सांगीतिक कार्यक्रम प्रस्तुत भैरहेको छ । होटलको फ्युजन बारमा साँझ ७ बजेपछि प्रारम्भ हुने लाइभ कन्सर्टमा गायक दिनेश राईले कर्णप्रिय गीत-संगीत सुनाउँछन् ।

## ● अफबिट ●



साथीसँग अंगालोमा : आफ्ना साथी गायक तथा प्रशंसकहरूसँग गायक राजेशपायल राई । तस्बिर : फुर्सद डटकम

### शिविरमा सांगीतिक कार्यक्रम

सांगीतिक क्षेत्रका केही स्थापित गायक-गायिका झापाको दमकस्थित बेलडाँगी शिविर पुगेर गीत-संगीत प्रस्तुत गरेका छन् । यम बराल, सत्यराज आचार्य तथा स्वरूपराज आचार्यले शिविरमा आफ्ना भावुक गीतहरू सुनाए । विछोडका गीत प्रस्तुत गर्दा शिविरको वातावरण नै भावुक बनेको गायक बरालले बताएका छन् । उनले निर्मोहीले छाडेर गइहाली, अब चोटहरूले, दिलमाया तथा बादलुको घुम्टोले गाएका थिए । सत्य-स्वरूपले आफ्ना बुबा गायक भक्तराज आचार्यको 'जहाँ छन् बुद्धका आँखा', 'मुटु जलिरहेछ' सहित आफ्नै मौलिक गीत पनि प्रस्तुत गरे । कार्यक्रममा शरणार्थी गायक अर्जुन रसाइलीले पनि एउटा गीत गाएका थिए । उक्त अवसरमा रसाइलीको गीत-गजल संग्रह 'भाव' तथा टंक बयलकोटीको गजलसंग्रह 'अनुभूति' लौंले ती कृति लोकार्पण गरेका थिए ।

### बालकुसुमको विमोचन

साहित्यकार कृष्णप्रसाद पराजुलीले रचना गरेका बाल गीतहरूको संग्रह 'बालकुसुम' को गत साता राजधानीमा आयोजित एक समारोहमा विमोचन गरिएको छ । विमोचन समारोहमा गायकद्वय शिशिर योगी तथा अनिल महर्जनले पराजुलीका गीत गाएका थिए । साहित्यकार पराजुलीको ७५ औं जन्मदिनको अवसर पारेर कृष्ण साहित्य प्रतिष्ठानले आयोजना गरेको उक्त कार्यक्रममा 'कृष्णप्रसाद पराजुली साहित्य र साधना' तथा आत्मकथा 'शिखरयात्रा' को पनि विमोचन गरिएको थियो ।

### नयाँ संग्रहको लोकार्पण

जापानको टोकियो नेसनल युनिभर्सिटी अफ म्युजिक एन्ड फाइन आर्टसबाट शास्त्रीय संगीतमा विद्यावारिधी गरिरहेका सवन जोशी तथा सचिन्द्र शाक्यको गीति संग्रह 'सधैंभरिलाई' को गत सोमबार लोकार्पण भएको छ । कलानिधि-इन्दिरा संगीत महाविद्यालयका प्रिन्सिपल तथा वरिष्ठ सरोदवादक मोहनप्रसाद जोशीले उक्त संग्रह लोकार्पण गरेका हुन् । संग्रहमा आठवटा गीत संग्रहित छन् । लोकार्पण समारोहमा गीतकार श्रीपुरुष ढकाल, नविन चित्रकार, मंगलनारायण जोशी तथा विजय उदय पाल्पालीलाई सम्मान गरिएको थियो ।

### भानुजयन्तीमा सांस्कृतिक कार्यक्रम

विराटनगरस्थित भानु कलाकेन्द्रले भानुजयन्ती मनाएको छ । तीनदिने कार्यक्रमका क्रममा केन्द्रले पहिलो दिन सम्मान तथा सांस्कृतिक कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा सुमित्रा चेली वाइदेललाई भानु साहित्यिक सम्मान, शेखर रेग्मीलाई भानु पत्रकारिता सम्मान, खेम नेपालीलाई भानु कलाकारिता सम्मान तथा हरिराज राजवंशीलाई चतुर्भुज आशावादी वाणी सम्मान प्रदान हरेक वर्षझैं यसपटक पनि विशेष कार्यक्रम आयोजना गरेको छ । कार्यक्रममा गीत-संगीत पनि प्रस्तुत गरिएको थियो ।

## आनी छोइङ डोल्मा



● नजिकबाट ●

| | |
|---|---|
| जन्ममिति | : १९७१ जुन ४ |
| घरमा बोलाउने नाम | : छोरी (भुमो) |
| नामको अर्थ | : धर्मधातु तारा |
| परिचय | : आध्यात्मिक गायिका |
| जन्मस्थान | : नेपालभूमिमा |
| रुचि | : चलचित्र हेर्ने, संगीत सुन्ने |
| प्रकाशित एल्बम | : मुमेन्ट अफ ब्लिस, स्माइल |
| सांगीतिक गुरु | : न्ह्यु बज्राचार्य, शारदा क्षेत्री |
| आध्यात्मिक गुरु | : टेइकु उग्येन रिन्पोछे |
| नजिकको साथी | : एन्टजे |
| मनपर्ने परिकार | : दाल, भात, तरकारी |
| जानेको परिकार | : अलिअलि सबै |
| मनपर्ने रंग | : कलेजी, केशरी |
| मनपर्ने मौसम | : वसन्त ऋतु |
| मनपर्ने खेल | : जिम्न्यास्टिक, आइस डान्स, एक्रोब्याट्स |
| फुर्सदमा | : पुस्तक पढ्ने, टेलिभिजन हेर्ने |
| मनपर्ने गीत | : कुछ तो लोग कहेंगे |
| रिस उठेको बेला | : साथी भए कराउँछु, नत्र चुप लाग्छु |
| मनपर्ने आफ्नै बानी | : गाउने |
| पहिलो गीत | : गुरुजी लाख प्रणाम |
| पहिलो एल्बम | : मुमेन्ट अफ ब्लिस् |
| पहिलो चर्चित गीत | : फूलको आँखामा |
| सबैभन्दा बढी माया | : अहिलेसम्म पनि स्वर्गीय आमाकै |
| पहिलो बाजा | : घण्टी |
| पहिलो प्रेम | : आमा, बुबा र गुरु |
| पहिलो फोटोसेसन | : जुस्सी (फिनल्यान्ड) सँग |
| नराम्रो बानी | : रिस उठ्ने, सजिलै चित्त दुख्ने |
| गोप्य कुरा | : गोप्य नै रहन दिऊँ |

## ● ब्यान्ड ●

# साइलेन्ट हिल


दुई वर्षअघि स्थापना भएको सांगीतिक समूह 'साइलेन्ट हिल' मा पाँच जना संगीतकर्मी छन् । समूहका संगीतकर्मीहरूमध्ये सन्दीप तुलाधर लिड गिटारिस्ट हुन् । सुरेन्द्र कोइराला ड्रमरका रूपमा व्यस्त छन् । मोहन श्रेष्ठ बास गिटारिस्टका रूपमा सक्रिय रहेको यो समूहका एक मात्र गायक निरोज योञ्जन हुन् । समूहका पाँचौं संगीतकर्मी नवीन महर्जन रिदम गिटारिस्ट हुन् । सन्दीपले ड्रमर सुरेन्द्रसँगको भेटपछि सांगीतिक समूह स्थापना गर्ने निर्णय गरेका हुन् ।

समूह स्थापना भएलगत्तै समूहका संगीतकर्मीहरूले भृकुटी मण्डपमा आयोजित 'रकस्टेज कन्सर्ट' मा सहभागी हुने अवसर पाए । गिटारिस्ट सन्दीप भन्छन्– 'त्यसपछि त हामीले नियमित रूपले कन्सर्टहरूमा सहभागिता जनाउने अवसर पाइरहयौं ।' यो समूहका संगीतकर्मी संगीत सिर्जना मात्र होइन, संगीतको प्रशिक्षणमा पनि व्यस्त छन् । उनीहरूले एस थ्रि शीर्षकको संगीत प्रशिक्षण केन्द्र स्थापना गरेर संगीत सिक्न चाहनेहरूका लागि संगीतको प्रशिक्षण पनि दिइरहेका छन् । सन्दीप र निरोजबाहेक समूहका तीन जना संगीतकर्मी ललितकला क्याम्पसमा शास्त्रीय संगीत अध्ययनसमेत गरिरहेका छन् ।

यो समूहले चारवटा मौलिक गीत तयार पारिसकेका छन् । अन्तिम सम्झौता, शक्ति, वातावरण तथा साइलेन्ट हिल शीर्षकका चारवटा गीत उनीहरू आफैंले रचना गरेका हुन् ।

## ● पहिलो विश्व ●





रूसकी एक४२ वर्षीया महिलाले आफ्नो यौनाङ्गले १४ किलोग्राम तौल उचालेर आफूलाई सर्वाधिक बलियो यौनाङ्ग भएकी महिला प्रमाणित गरेकी छिन्। तातियाता कोजहेनिकोभले भने आफूले पछिल्लो १५ वर्षदेखि मांसपेशी बलियो बनाउने अभ्यास गरेका कारण यो कार्यमा सफलता पाएको बताइन्। तातियाताले भनिन्- पहिलो सन्तानको जन्मपछि मेरो यौनाङ्ग खुकुलो र मांसपेशी कमजोर भएको पाएँ। यस क्रममा मैले प्राचीन समयमा महिलाहरूले यौनाङ्गको मांसपेशी बलियो बनाउन गर्ने अभ्याससम्बन्धी पुस्तक पढें। उक्त पुस्तकमा लेखिएको कुरालाई विगत १५ वर्षदेखि अभ्यास गरेकै कारण आफूले सफलता हात पारेको उनले बताइन्। तातियाता भन्छिन्- यो अभ्यास सबै महिलाले गर्न सक्छन्। यो अभ्यासका लागि सिसाको एक किसिमको बल चाहिन्छ। सानो बललाई यौनाङ्गमा राखेर त्यसको डोरीमा अर्को बल झुन्ड्याई दैनिक पाँच मिनेट उचाले मांसपेशी बिस्तारै बलियो हुँदै जाने उनको दाबी छ।




## कुमारत्वको गौरव

जसरी युवतीहरूले आफ्नो कुमारित्वमा गौरव गर्छन्, के युवाहरू पनि आफ्नो कुमारत्वमा गर्व गर्छन्? जसरी युवतीहरू जहाँ पायो त्यहीं आफ्नो कुमारित्व भंग गर्न रुचाउँदैनन्, त्यसरी नै युवाहरू पनि आफ्नो कुमारत्व गुमाउन चाहन्छन् कि चाहँदैनन्? यस्तै-यस्तै कौतूहललाई लिएर मनोचिकित्सक जेनिफर लेहले १४ देखि २१ वर्षका सयौं युवालाई समेटेर शोध गरेकी थिइन्, जसमा २८ प्रतिशत युवाले आफूले मन पराएकी युवतीलाई आफ्नो कुमारत्व सुम्पिन चाहेको र उनले बेवास्ता गर्दा आफूलाई मानसिक तनाव हुने गरेको बताए। सहभागी युवाहरूका अनुसार समाजमा केवल युवतीको कुमारित्वको मात्र चर्चा हुन्छ। उनीहरूलाई कुमारित्व जोगाउने विभिन्न उपाय सिकाइन्छ, साथै कुमारित्वको महत्त्व पनि बुझाइन्छ, तर युवालाई आफ्नो कुमारत्वका बारेमा केही सिकाईदैन। अधिकांश सहभागीले समेत भने– कुनै पनि घरमा बाबुले यौनशिक्षा दिंदा छोराहरूलाई आफ्नो कुमारत्वको महत्त्वका बारेमा बताउँदैनन्। सहभागीहरूमध्ये अधिकांशले युवतीको कुमारित्वको जति महत्त्व छ त्यत्ति नै महत्त्व कुमारत्वलाई पनि दिनुपर्ने तर्क गरे।



## वयस्क फिल्म डाउनलोडले समस्या

निश्चित शुल्क तिरेपछि असीमित फिल्म मोबाइलमा डाउनलोड गर्ने सुविधा दिएपछि जापानका केही मोबाइल सेवा प्रदायकले ग्राहकहरूको बढ्दो चाप थेग्न सकिरहेका छैनन्। सन् २००१ मा आएको थर्ड जेनेरेसनको मोबाइलमा डोकोमो र केडीडीआई कर्पोरेसनले वयस्क चलचित्रहरू असीमित डाउन लोड गर्न दिने घोषणा गरेलगत्तै ग्राहकको बढ्दो चाप थेग्न नसकेर अर्बौं डलर खर्च गरेर बनाएको नेटवर्कले काम गर्न नसक्ने भएको छ। जापानीहरू मोबाइलमा वयस्क फिल्म राख्नुलाई कम्प्युटरको तुलनामा गोप्य र हेर्न सजिलो मान्छन्। मोबाइलमा वयस्क चलचित्रको बजार बढ्दै गएपछि जापानमा अहिले १ हजार विभिन्न कम्पनीले आधिकारिक रूपमा अश्लील चलचित्र निर्माण गरिरहेका छन्। गत वर्ष मात्र यस्ता कम्पनीले १७ हजार अश्लील चलचित्र निर्माण गरेर जापानका विभिन्न टेलिफोन कम्पनीलाई बिक्री गरेका थिए। अहिले जापानमा ९१ हजार ग्राहकले मोबाइलमा इन्टरनेट हेर्ने, फिल्म डाउनलोड गर्ने तथा गेम खेल्ने गरेका छन्। अहिले जापानमा प्रतिमहिना ५ हजार रुपैयाँ तिरेर असीमित फिल्म डाउनलोड गर्न सकिने सुविधा छ, जसका कारण जापानका टेलिफोन कम्पनीहरूले मासिक करोडौं डलर आम्दानी गरिरहेका छन्।



## अन्त्यमा...

इजिप्टमा छुट्टी मनाएर फर्कंदा आफ्नी १३ वर्षीया छोरी गर्भवती भएपछि एक किशोरीकी आमाले आफू बसेको होटलविरुद्ध मुद्दा दायर गरेकी छिन्। मार्डेलेना नामकी ती महिलाले वार्साको पर्यटन संस्थामार्फत इजिप्टको उक्त होटलविरुद्ध मुद्दा दायर गरेकी हुन्। उनले महिला-पुरुष दुवैले प्रयोग गर्ने पौडीपोखरीमा पौडी खेल्दा पुरुषको शुक्रकीट आफ्नी छोरीको गर्भाशयमा प्रवेश भएर उनी गर्भवती भएको जिकिर गरेकी छिन्। उनले आफ्नो दाबी सावित गर्न भ्रमण अवधिभर आफ्नी छोरी आफ्नै साथमा रहेको र उनले कुनै पनि पुरुषसँग संसर्ग नगरेको बताएकी छिन्।



# 4-D फिल्मको प्राविधिक पक्ष

'4-D फिल्म' संचालनका लागि अन्तराष्ट्रिय मापदण्ड अनुसार एउटा हलमा २० देखि २४ सिट उपयुक्त मानिन्छ। युरोपबाट सन् १९९४ मा विकास भएको यो प्रविधीका चलचित्र ५ मिनेट देखि बढिमा १० मिनेटसम्मका हुन्छन्। 4-D चलचित्र 2-D र 3-D बेसमा निर्माण भएका चलचित्रलाइ मोसन र फिजिकल इफेक्टको माध्यमबाट हेरिने प्रविधी हो। 2-D मा दर्शकले पर्दामा लम्बाइ र चौडाइ मात्र देख्छन भने 3-D मा लम्बाइ, चौडाई र उचाइ (गहिराइसम्म) हेर्न पाउँछन्। यस्तै 4-D मा लम्बाइ, चौडाई र उचाइका अतिरिक्त मुभमेन्ट र फिजिकल इफेक्ट हुन्छ। मुभमेन्ट अन्तर्गत चलचित्र अनुसार नै दर्शक बस्ने सिट दायाँ-बाया, अगाडी-पछाडी, तल-माथी र भूइको समानान्तर रहेर मुभ हुन्छ।

एक समय 3-D चलचित्र पनि नेपाल भित्रिएका थिए। तर यस्ता चलचित्र साधारण हलमा चलाइएको थियो। 3-D चलचित्रमा दर्शकलाइ विशेष किसिमको चश्मा वितरण गरिन्छ, जसले पर्दाको अब्जेक्टलाइ आँखाको नजिकै ल्याउँछ। तर 3-D चलचित्रको लागि पनि प्रोजेक्टर भने छुट्टै आवश्यक मानिन्छ।

4-D चलचित्रमा दर्शकले चलचित्रकै कथावस्तु अनुसार आफै पात्र बनेर मुभ गर्छन, त्यसक्रममा दर्शकको कुर्सी विस्तारै मुभ भएर पर्दाभित्र प्रवेश गर्छ। यो मुभमेन्ट भयो, त्यस्तै फिजिकल इफेक्ट अन्तर्गत साउण्ड इफेक्ट, लाइट इफेक्ट, वाटर इफेक्ट, स्मोक इफेक्ट, हिट इफेक्ट, लेग टिकलिङ (खुट्टामा छोए वा टोकेजस्तो



अनुभुति हुने) हुन्छ।

युरोप, अमेरिका र अष्ट्रेलियामा लोकप्रिय भएपनि दक्षिण एसियामा भने नेपालमै पहिलो पटक यो प्रविधी भित्र्याएको क्रेजी एम्युजमेन्ट प्रालीको जिकिर छ। लोकप्रिय भएपनि ति देशहरुमा यो प्रविधीका हल धेरै संख्यामा नभएको प्रालीले बताएको छ। 'यो प्रविधी आफैमा महङ्गो भएकाले अन्य साधारण हल जस्तो धैरै संख्यामा निर्माण भएको पाइदैन' प्रालिका प्रबन्ध निर्देशक अमृत अग्रवाल भन्छन्- 'हामी अब नेपालमा मात्र होइन, भारत, बंगलादेश, मलेसिया र दुबइमा यो प्रविधी विस्तार गर्ने सोचमा छौं।'

प्रदर्शन भैरहेको चलचित्र परिवर्तन गरेर अर्को चलचित्र लगाउन प्राविधिक रुपमा काम गर्दा १५ दिनसम्म लाग्ने भएकाले त्यस्तो समयमा राती काम गरिने अग्रवालले बताए। रातीको सिफ्टमा काम भएपनि दर्शकले दिउसो पुरानै चलचित्र मज्जाले हेर्न सक्नेछन्। अग्रवाल भन्छन्- 'चलचित्र परिवर्तन गर्दा सिट र इफेक्टलाइ स्कीनसँग तालमेल गरेर कम्प्युटर सफ्टवेयर ट्युन गरिन्छ।' उनका अनुसार चलचित्रमा जस्तो एक्सन हुन्छ, त्यहि अनुसार दर्शकले अनुभुत गर्नसक्ने वातावरण निर्माण गर्नुपर्ने भएकाले ट्युनिङ गर्न समय लाग्छ। एकपटक ट्युन भएपछि भने सफ्टवेयरले आफै काम गर्छ।

**मनोरञ्जनको नयाँ माध्यम**

नयाँ प्रविधी भएकाले 4-D चलचित्र दर्शकहरुका लागि मनोरञ्जनको नयाँ माध्यम बन्न सक्छ। एडभेन्चर र थ्रिल खोज्नेहरु बन्जी जम्प, हिमाल यात्रा गर्न गएजस्तै 4-D चलचित्र हेरेर रोमाञ्चकारी मनोरञ्जन हासिल गर्न सक्छन्। क्रेजि एम्युजमेन्ट प्रालीका अनुसार चलचित्र अवधीभरमा दर्शकले सोचेभन्दा बढि रोमाञ्चक मुभमेन्ट गर्न पाउँछन्। साँघुरो-सानो बाटोमा यातायातका साधनमा तिब्र गतिमा दौडिनु, भिरजस्तो ओरालोमा खसे जस्तो अनुभुति गर्न पाउनु तथा कथावस्तु अनुसार तिब्र कम्पन हुनुले चलचित्र अवधीभर दर्शकले उच्चतम रोमाञ्च महशुस गर्न पाउँछन्।

रेष्टुरा, डिस्को तथा क्याफे जाँदाजाँदा दिक्क भएकाहरुलाइ मनोरञ्जनको यो नयाँ माध्यम राम्रो विकल्प बनेको प्रदर्शन प्रारम्भ भएकै दिन चलचित्र हेर्न आएका अधिकाशं दर्शकको टिप्पणी थियो।

किशोर तथा युवाहरुलाइ लक्षित गरेर संचालनमा ल्याइएको 4-D चलचित्र उनीहरुले रोमाञ्चका लागि २-३ पटकसम्म दोहोऱ्याएर हेर्न सक्ने प्रालीले बताएको छ। ९ वर्ष माथी ४० वर्षसम्मका दर्शक 4-D चलचित्र हेर्न लक्षित वर्ग मानिन्छन्। नेपालको परिप्रेक्ष्यमा शुल्क महंगो जस्तो लागेपनि हल संचालकहरु यो शुल्क अत्यन्तै कम भएको जिकिर गर्छन्। 'सिंगापुरमा प्रति टिकट २९ सिंगापुर डलर लिइन्छ।' कम्पनीका प्रबन्ध निर्देशक अग्रवालले भनें-'त्यो आधारमा हेर्ने हो भने हामीले पनि करिब १ हजार ४ सय रुपैयाँ शुल्क लिनुपर्छ।' भन्सार र भ्याटका कारण शुल्क केही महगों परे पनि दर्शकलाइ विभिन्न स्कीम दिएर आकर्षित गरिएको उनले बताए। हाल दुइ बजेदेखि रातको ९ बजेसम्म संचालन हुने भएकाले दैनिक २० सो देखाइने गरेको प्रालीले जनाएको छ। दर्शकको राम्रो सहयोग मिले विहानदेखि नै हल संचालनमा ल्याइने बताइन्छ। कम्पनीका अनुसार प्रदर्शनका लागि प्रति चलचित्र २० लाख देखि ३० लाख रुपैयाँसम्ममा खरिद गरिन्छ।


'हामीले नयाँ प्रयोग गरेका हौं' प्रबन्ध निर्देशक अग्रवालले भनें-'सफल हुने वा नहुने भन्ने दर्शकमै निर्भर छ। सफल भएमा मुलुकका अन्य स्थानमा पनि यो प्रविधीलाइ विस्तार गरिनेछ।'

## 4-D चलचित्रका विशेशता

- एकै प्रकारका कथावस्तुमा आधारित चलचित्र हेरेर दिक्क भएका दर्शकलाइ रोमाञ्चकारी 4-D चलचित्रले नयाँ मनोरञ्जन प्रदान गर्छ।
- व्यस्त बन्दै गएको अहिलेको शहरि परिवेशमा सिनेमा घर छिरेर ३ घण्टा विताउन नभ्याउनेहरुलाइ १५ मिनेटको 4-D चलचित्र व्यवहारिक हुनसक्छ।
- अक्सर विदाको समयलाइ कसरी उपयोग गर्ने भन्ने सोचिरहेका अभिभावक तथा वालवच्चाहरुले 4-Dचलचित्र हेरेर नौलो मनोरञ्जन लिनसक्छन।
- पर्यटक भएर नेपाल भित्रिएका विदेशीहरु यस्ता चलचित्र हेर्न मनपराउने भएकाले पर्यटन अभिवृद्धिका लागि यो नयाँ प्रयोग राम्रो बन्नसक्छ।
- मनोरञ्जनको नयाँ विकल्प नपाइरहेका किशोर तथा युवाहरुलाइ रोमाञ्चकारी अनुभुति प्रदान गर्न 4-D राम्रो विकल्प हो।
- २-४ घण्टा परिवारसँग विताउदै सपिङ गर्न सिटिसेन्टर पुग्नेहरुले फुर्सदको केही समय 4-D फिल्म हेरेर मनोरञ्जन लिन सक्छन्।


सि.एम.ए./ल्याव असिष्टेण्ट
कोर्षमा भर्ना खुल्यो
CTEVT वाट सम्बन्धन प्राप्त यस शिक्षालयमा सि.एम.ए. (CMA), ल्याव असिष्टेण्ट (Lab Asst.) प्राविधिक कोर्षमा भर्ना हुन ईच्छुक SLC उत्तिर्ण विद्यार्थीहरुले २०६६/४/१९ गते भित्र सम्पर्क राख्नुहोला।
नोट
प्रवेश परीक्षा मिति २०६६ श्रावण २४ गते दिउँसो ३ बजे। | प्रवेश परीक्षाको लागि तयारी कक्षा निशुल्क संचालन भईरहेछ। | गोंगबु चोकवाट करिव १५० मिटर उत्तर आई दायाँ लाग्ने।
विनायक प्राविधिक शिक्षालय
गोंगबु, काठमाडौं, फोन : ४३८३२४० / ०१६२२१०६५

होटल तालिम विशेष छुटमा २००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Student Visa मा जानेलाई Special Discount
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर, बागबजार,पि.के.क्याम्पसपछिको शेसो घर रत्नपार्क तर्फ, 4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर (Sahara School of Hospitality Mangement and Toursim Nepal), नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबाट मार्ग, 2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर, नयाँ वानेश्वर, BICC पानी ट्याङ्किको ठीक अगाडि, 4464720, 9841-891131, 98510-93629



# युवतीहरू जिमखानामा

एक्सरसाइज गरे सबैका लागि राम्रो हुन्छ। पोखरामा महिलाका लागि छुट्टै एरोबिक सेन्टर भएजस्तै महिलाका लागि छुट्टै जिम सेन्टर रत्नश्रीमा मात्र उपलब्ध छ। बिहान र बेलुका जिम सेन्टरमा जिम गर्ने युवतीहरूको हँल देखिन्छ। डाक्टर, नर्सदेखि कलेज पढ्ने युवतीहरूसम्म जिमका लागि आउँछन्।



**शिव शर्मा**

पोखरा- रामबजारकी आशा गुरुङ असिनपसिन हुँदै जिम खानामा एक्सरसाइज गरिरहेकी थिइन्। उनी शरीर बनाउन जिम आएको बताउँदै थिइन्। ८ महिनादेखि रत्नश्री जिम सेन्टरमा नियमित व्यायाम गर्दै आएकी आशाले भनिन्- 'जिम गर्न थालेपछि त शरीर नै गजबको भएको छ।' नियमित जिम गर्न थालेपछि उनको शरीर गठिलो र बलियो भएको छ। जिमको फाइदा बुझेपछि पुरुषकै हाराहारीमा महिलाहरू पनि बढेका छन्। युवतीहरू बढी भेटिने जिममा फाटफुट्ट रूपमा गृहिणी र कामकाजी महिलाहरू पनि भेटिन्छन्।


केही वर्षअघिसम्म युवतीहरू जिम सेन्टर आउन धक मान्थे। अहिले सबैमा एक्सरसाइज गर्नुपर्छ भन्ने चेतना जागेपछि जिम सेन्टरमा युवतीहरूको आकर्षण बढेको छ, सात वर्षदेखि महिलाहरूलाई जिम गर्ने सुविधा उपलब्ध गराइरहेका रत्नश्री जिमका सञ्चालक शंकरमान उदास भन्छन्- 'युवाहरूकै हाराहारीमा युवतीहरू जिम गर्न कस्सिन्छन्।'

एक्सरसाइज गरे सबैका लागि राम्रो हुन्छ, उदासले बताए। पोखरामा महिलाका लागि छुट्टै एरोबिक सेन्टर भएजस्तै महिलाका लागि छुट्टै जिम सेन्टर रत्नश्रीमा मात्र उपलब्ध छ। बिहान र बेलुका जिम सेन्टरमा जिम गर्ने युवतीहरूको हूल देखिन्छ। डाक्टर, नर्सदेखि कलेज पढ्ने युवतीहरूसम्म जिमका लागि आउँछन्।

मोडल सरू लालचनको शरीर जिम नगरे पनि फिट एन्ड फाइन छ तर उनी फिगर र आर्म्स बनाउन जिम सेन्टर धाइरहेकी छिन्। सरूले जिमको अनुभव सुनाउँदै भनिन्- 'जिम गर्न थालेपछि शरीर कसिलो भएको छ।' कोही शरीर बलिष्ठ बनाउन तथा कोही मोटोपन घटाउन र स्वस्थ रहन जिम सेन्टर पुगिरहेका छन्। बाझापाटनकी गृहिणी शान्ति गुरुङ जिम सेन्टर आएको दुई दिन मात्र भएको छ। गुरुङले भनिन्- 'मोटोपन र शरीर फुर्तिलो बनाउन जिम आएकी हुँ।'

जिम प्रशिक्षक शंकरमान उदासले महिलाहरूलाई जिम प्रशिक्षण दिँदै आए पनि पछिल्लो समयमा महिलाहरूलाई सजिलो होस् भनेर युवतीलाई नै प्रशिक्षक राखेका छन्। उनीबाटै प्रशिक्षित १८ वर्षीया कल्पना श्रेष्ठ अहिले महिलाहरूलाई जिम सिकाउने प्रशिक्षक बनेकी छिन्। उनले सिकाउन थालेपछि महिलाहरू धक फुकाएर जिम आउने थालेका छन्।

महिला प्रशिक्षकको अभाव भैरहेको बेला त्यसलाई कल्पनाले पूर्णता दिएकी छिन्। शरीर बनाउन जिमखाना आउनै पर्छ, उनले भनिन्- 'अनि पो शरीर बन्छ त।' ब्युटीसियन राधा गुरुङ जिम आउन थालेपछि आफ्नो शारीरिक परिवर्तन भएको देखेर दंग छिन्। तीन सातादेखि जिम धाइरहेकी राधाले भनिन्- 'जिम त नियमित गर्नुपर्ने रहेछ।'



# कान्छीको छाता ढल्काइदेऊ यता, घाम पर्‍यो निधारैमा

हो, छाताले राम्रा देखिएका युवतीहरू बेलाबखत छाताकै कारण तनावमा पनि आउँछन्, तर यस्तो बेला संयम अपनाउनु आवश्यक छ। जिस्क्याउने युवाहरूले सबै युवाको प्रतिनिधित्व गर्दैनन्। उनीहरूलाई गाली गर्नु आफैं तनावमा आउनु हो। तनावमा रहेपछि न पढ्न सकिन्छ न अफिसको काम नै गर्न सकिन्छ। फेरि यो उमेरमा कसैले केही प्रतिक्रिया नै नदिए वा न हेरिदिए किन एक्स्ट्रा बनेर हिँड्ने ?

**रामकुमार एलन**

मौसम परिवर्तनसँगै चर्किएको तातो घामले युवापुस्तालाई छाताको पारखी बनाएको छ। हेटौंडा सन्देश दैनिककी संवाददाता श्रद्धा ढुंगाना नीलो छाता ओढेर हेटौंडा बजारमा रिपोर्टिङका लागि हिँडेकी छिन्। बजारमा थरी-थरी आकार र रङ्गका छाता ओढेर हिँड्ने युवायुवतीहरूको लर्कोमा एक्स्ट्रा र टिपिकल हुने रहर श्रद्धामा पनि छ। नीलो रङ्गको छाता श्रद्धालाई सुहाएको पनि छ।

हो, तापक्रम ह्वात्तै बढेको छ। रक्सौलभन्दा केही कम वीरगन्ज र वीरगन्जभन्दा धेरै शीतल हेटौंडा भनिए पनि हेटौंडामा बढेको गर्मीका कारण अहिले ल्याङ्वेज क्लास धाइरहेकी मोना हुन् वा प्लस टुको परीक्षा तयारीका लागि ट्युसन पढिरहेका सोनीको समूह बजारमा छाता आढेर आए पनि सँगै पढ्ने सुजनलाई पनि सोनीको छातामा एक मिनेट ढल्कन मन लाग्छ, अनि युवाहरू एकछेउमा बसेर युवतीहरूले ओढेको छाता र चालढाललाई घुमाउरो पाराले मनोरन्जन लिइरहेका छन्। उनीहरू गायक तुलसी पराजुलीको गीत गुनगुनाउँछन्– कान्छीको छाता ढल्काइदेऊ यता, घाम पर्‍यो निधारैमा।

बजारमा छाताको माग बढ्दो छ। हेटौंडामा भएका छाताका पसलहरूमा अहिले युवायुवतीहरूको भीड पनि बढेको छ। पहिलो रातो र कालो रङ्गका छाताको माग निकै थियो, तर अहिले कसरी एक्स्ट्रा अर्डिनरी बन्ने भन्ने युवाहरूको चाहनासँगै थरी-थरीका छाताहरू आकार र रङ्गमा आएका छन्। छाताको छनौट युवायुवतीले लगाउने पहिरनमा पनि भरपर्दो रहेछ, बसपार्कको हडकड बजारका एक पसलेका अनुसार टिसर्ट र पाइन्ट लगाउने युवतीहरू र कुर्था-सुरुवाल लगाउने युवतीको रोजाइ फरक-फरक हुन्छ। पहिरनअनुसारको छाता रोज्नेमा युवतीहरू निकै अगाडि छन्।

छाताको मूल्यका विषयमा पनि युवतीहरूले निकै बार्गेनिङ गर्ने व्यवसायीहरूको धारणा छ। छाता ओढेर हेटौंडा बजारमा हिँडेका जागिरे, कलेज, स्कुल हुन् वा सपिङ गर्न आउने सबैको चमकदमकले बजार पनि झिलिमिली नै देखिने गरेको छ। युवाहरूको आँखा कुनै छाता ओढेकी युवतीमाथि जानु सामान्य लागेको छ सुजिनालाई। प्लस टुको ट्युसन पढिरहेकी सुजिनाले ओढेको छाताले आफूलाई राम्रो र सुहाएको उनको धारणा छ। यो उमेरमा एक्स्ट्रा देखिएपछि ठिटाले मात्र किन सबैले हेर्छन् नि ? उनको प्रतिप्रश्नसँगै बेलाबखत समस्या पनि आएको संकेत गर्‍यो। सुजिनाले भनिन्- बेलाबखत अल्लारे केटाहरूले साह्रै ग्याक गर्छन्। जे पायो त्यही भन्छन्, टिजिङको पनि हद हुन्छ। त्यतिखेर चाहिँ केटाहरूलाई मन लागुन्जेल सराप्न मन लाग्छ, तर सराप्दिनँ। उनी भन्छिन्, समस्याको २५ प्रतिशत कारण हामी युवतीको हाउभउ, पोसाक र त्यही छाता नै हुन्छ। किन झगडा गरिरहनु ?

हो, छाताले राम्रा देखिएका युवतीहरू बेलाबखत छाताकै कारण तनावमा पनि आउँछन्, तर यस्तो बेला संयम अपनाउनु आवश्यक छ। जिस्क्याउने युवाहरूले सबै युवाको प्रतिनिधित्व गर्दैनन्। उनीहरूलाई गाली गर्नु आफैं तनावमा आउनु हो। तनावमा रहेपछि न पढ्न सकिन्छ न अफिसको काम नै गर्न सकिन्छ। फेरि यो उमेरमा कसैले केही प्रतिक्रिया नै नदिए वा न हेरिदिए किन एक्स्ट्रा बनेर हिँड्ने ? - सुजिनाले निकै खुलेर कुरा गरिन्।

छाता आढेर हिँड्नेहरूले बेलाबखत बजारलाई भीडभाड पनि बनाइदिन्छन्। अझ मूल सडकमा केही युवतीको हँल नै छाता ओढेर हिँडिदिँदा त यातायात आवागमनमै समस्या पर्छ। यस्तोबेला चैं सबैले ख्याल गर्नैपर्छ। नत्र रोजाइको छाता ओढेर हिँड्दा न कसैले तनाव भोग्नुपर्छ, न कसैले अरूलाई तनाव दिएर मनोरन्जन नै लिनुपर्छ। स्वास्थ्यको ख्याल गरेर छाता ओढेर हिँड्दा दुर्घटना र अन्य कुनै तनाव निम्तिन सक्छ कि भनेर युवायुवतीले सोचे भने यो गर्मीमा ओढेको छाताले आफ्नो व्यक्तित्वलाई पनि आकर्षक बनाएर तपाईंको पुस्तामा पनि एक्स्ट्रा देखाउँछ। छाता पर्सनालिटी पनि हो। छाताको सदुपयोग गर्न सके यो स्वास्थ्य र क्यारियर दुवैलाई सहयोगी हुन्छ।

## ● तालुमा आलु ●



प्रकाश ओझा

एउटा व्यक्तिले एउटा युवकसँग सोध्यो– 'तिम्रो त्यो पर बस्ने केटासँग के सम्बन्ध छ ?'

'हजुर ! धेरै परको सम्बन्ध छ,' युवकले उत्तर दियो

'तर पनि सम्बन्ध चै के हो ?'

'उ मेरो साख्खै भाइ हो ।'

'अनि तिमीले परको सम्बन्ध किन भनेको ?' छक्क पर्दै सोध्यो

'किनकि ऊ र मेरो बीचमा अरू आठ भाइ हुनु, म जेठो ऊ कान्छो हो ।'

०००

एक जना घरमालिकले घरभाडा बस्नेलाई सधैं नराम्रो गाली गर्थ्यो । सानो-सानो कुरामा किचकिच गरिरहन्थ्यो । एक दिन बिहानै व्यक्ति घरमालिक भएठाउँ एक कचौरा दूध लिएर गयो अनि दूध पेस गर्दै भन्यो- 'हजुर दूध पिउनुहोस् ।'

'भाइ !' घरमालिक छक्क पर्दै बोल्यो- 'म त सधैं तिमीलाई गाली गर्छु, नराम्रो कुरा बोल्छु र पनि दूध किन ख्वाउन खोजेको ?'

'हजुर, आज नागपञ्चमी हो ।'

०००

'डाक्टर सा'ब !' एक युवक दुःखी स्वरमा डाक्टरलाई भन्दै थियो- 'प्रत्येक रात सपनामा म करिना कपुरलाई देख्छु र ऊ जबरजस्ती मसँग आएर टाँसिन खोज्छे ।'

'अनि तिमी चै के गर्छौ ?' डाक्टरले सोध्यो

'केही पनि गर्दिनँ....म चैं उसलाई दुवै हातले मेरो छेउ आउनबाट रोक्छु ।'

'अब तिमी मबाट के चाहन्छौ ?'

'प्लिज डाक्टर सा'ब,' युवकले भन्यो– 'मेरो हात भाँचिदिनुहोस् ।'

०००

एक व्यक्तिलाई पर्सनल डाक्टरले फोन गऱ्यो ।

'प्रोफेसर दीनानाथजी,' -डाक्टरले भन्यो- 'मसँग तपाईंका लागि दुईवटा खबर छन् । एउटा नराम्रो छ, अर्को अझ नराम्रो छ, भन्नुस् पहिले कुन सुन्नुहुन्छ ?'

'पहिले नराम्रो सुनाउनुहोस्', -दीनानाथले भन्यो ।

'मेरो मेडिकल रिपोर्टअनुसार तपाईं चौबीस घन्टा मात्र बाँच्नुहुन्छ ।'

'हे भगवान्,' दीनानाथले दुःखी हुँदै भने– 'अझ नराम्रो खबरचैं के हो ?'

'म हिजोदेखि तपाईंको फोन गरिराखेको छु, बल्ल लाग्यो ।'

### मेरो कुरो

गरिब हुँदा मान्छेले बाध्यतावश सादा जीवन बिताउनुपर्ने हुन्छ । धनी हुँदा डाक्टरले जबरजस्ती सादा जीवन बिताउन बाध्य तुल्याउँछन् ।

## ● कविता ●

## माया गर्ने मान्छे



केवल तिमी छौ यहाँ मलाई माया गर्ने मान्छे
अरू फोहोरझैं थुक्छन् तिमी देउताझैं पुज्छौ
अरू काँडाले घोच्छन् तमी फूलले चुम्छौ
मायालु तिम्रा नयनले हरपर मलाई खोज्छौ
आफू चोट सहेर मलाई मलम लगाउँछौ
सागर कहाँ छ यहाँ ? तिम्रै छातीभरि छ
गगन कहाँ छ यहाँ ? तिम्रै मायाभरि छ
केवल तिमी छौ यहाँ मलाई माया गर्ने मान्छे ।

**–विजयमणि पौडेल**

## छलछल चाँदनीमा


छलछल चाँदनीमा मेरो आँसु पनि छलछल
प्यासी जीवनमा प्यास मेट्ने यही एक मात्र जल
कसरी सम्हालु, मनको लहर
मजधारमा लहर छ, टाढा छ बगर
छलछल चाँदनीमा मेरो आँसु पनि छलछल
एक जिन्दगी, एउटा प्रहर
प्रहरसँग साटिएको फेरि यहाँ पल
छलछल चाँदनीमा मेरो आँसु पनि छलछल
कसरी सम्हालँ यादको असर
मुटु नै यो साट्नु छ कि पाउन हल
छलछल चाँदनीमा मेरो आँसु पनि छलछल ।

**–प्रेमकृष्ण श्रेष्ठ**

## कस्तो करार

दुईबीच बाँधिनुपर्ने कस्तो करार होला गाँठे
धेरै कराउनु पनि व्यर्थै फेरि फरार होला गाँठे
भूगोलको सिमानामा बाँधिएछौं मान्छे हामी
नचर्काऊ घाउ यहाँ फेरि दरार होला गाँठे
समय पनि कस्तो फुत्त-फुत्त बित्दै जाँदो रै'छ
हाम्रो भेट त पक्कै पनि पोहोर-परार होला गाँठे
सम्झौताको नदी रै'छ हाम्रो जीवन
अल्झिनलाई बाँधिने त्यो कस्तो करार होला गाँठे !

**–रेशमकुमार सुनुवार**



## जिस्किन थाल्यौ प्रिया

फाट्दा मुटु नदेख्नेले लुगा फाटदा देख्यौ प्रिया
रूख चढाई बन्चराले, फेद गिंडी ढाल्यौ प्रिया
पूर्णिमाको जूनमा पनि कालो दाग औंलाएर
दोबाटोमा अल्झाई पाइला, अन्तै चाल्यौ प्रिया
भ्रूणमै मरे कोपिला रूखो बोटको के रंग-रूप
चिनो दिई सम्झनाको, भित्रभित्रै पोल्यौ प्रिया
गाई मारेर गधा पोस्ने चलन तिम्रो रै'छ
धोई पाप पखाल्नलाई, लाख बत्ती बाल्यौ प्रिया
सँगै हिंड्ने सहयात्री नहुने रहेछ जीवनसाथी
बनी काल हिजोआज, जिस्किन थाल्यौ प्रिया ।

**–सुमन बगाले**

## ● लघुकथा ●



## सपनामा सीमित

नीरज गरिब भए पनि उच्च विचार र मिलनसार थियो । ऊ सानो छँदा कर्म दिने बुबा स्वर्गे भएकाले छोरा नीरजकै लागि भए पनि आमा असीम दुःख गरिरहन्थिन् । आफ्नी आमाले दुःख गरेको देखेर नीरजको मनमा आमाप्रति असीमित माया जाग्थ्यो । ऊ चारैतिर फाटेर टालेको पोसाक लगाएर स्कुल जान्थ्यो । नीरजको पोसाक देखेर सबै ऊप्रति व्यंग्य प्रहार गर्दै अनौठो दृष्टिले हेर्थे । त्यसैले पनि नीरज दुःखित हुन्थ्यो, गरिब हुनुको पृथक दर्द महसुस गर्थ्यो ।

तैपनि नीरजको सोचाइ धेरै पढ्ने र जागिर खाई अथाह पैसा कमाएर आफ्नी आमालाई सुखमा राख्ने अनि देशका लागि पनि केही गर्ने थियो । एक दिन नीरजको सपना पूरा भयो । आमालाई महँगो गुन्युचोली, आफूलाई कोट पाइन्ट, राम्रो जागिर र अथाह सम्पत्ति, देशमा महान् व्यक्ति भएर चिनिने अवसर प्राप्त भयो, नीरजको भविष्यको योजना पूरा हुँदाहुँदै एक्कासी ब्ल्याकबोर्डमा लेख्ने चक टाउकोमाथि बजियो । त्यो देखेर सबै विद्यार्थी गलल्ल हाँस्न थाले । शिक्षकले हल्ला शान्त भन्दै नीरजलाई भने - यो पाठशाला हो कुनै विश्राम गर्ने ठाउँ होइन त्यसैले निदाएर सपना देख्दै झस्किन पाउँदैनौ । ऊ वास्तवमै सपनामा थियो ।

**- विजय चाम्लिङ**

---

# धोका दिनेलाई के भनौं र खै ?

**रमेशकुमार पौडेल**

जिल्ला प्रहरी कार्यालय चितवनको आडैमा रहेको अधिवक्ता फूलमाया रानाभाटको 'ल फर्म' मा भीडभाड थियो । श्रीमान्सँग कानुनी रूपमै सम्बन्ध तोड्न चाहने एक युवती उक्त 'ल फर्म' मा सरसल्लाह गर्दै थिइन् । उनी त्यहाँ छिन् भन्ने पत्तो पाएर आक्रोशित अर्की युवतीलाई रोक्न दौडिएका महिला प्रहरीहरूलाई पछ्याएका रमितेहरू त्यहीं रोकिएका थिए ।

आक्रोशित युवतीबाट जोगिन सम्बन्धविच्छेद गर्न चाहने युवतीलाई गाह्रै परेको थियो । उनी ल फर्मको भित्रपट्टि रहेको सुरक्षित कोठातर्फ सर्नुपऱ्यो । केही समयपछि महिला प्रहरीले आफ्नो घेराभित्र राखेर युवतीलाई जिल्ला प्रहरी कार्यालयको महिला सेलमा छिराए ।

'धन्न बचियो, दाहिने खुट्टा देब्रेमाथि खप्ट्याएर घुँडामा दाहिने हात राखेर उक्त हातको औंलाले तल्लो ओठ चलाइरहेकी उनले महिला सेलको कोठाभित्र बसेर यस्तै सोचेझैं लाग्थ्यो । उनी बसेको ठाउँमा प्रहरी थिएनन् । अर्को कोठामा सबै जम्मा भएर एउटा उजुरीमाथि विचार-विमर्श गरिरहेका थिए ।

प्रहरी नभएको ठाउँमा एक्कासि छिरेको अपरिचितलाई देख्दा उनका आँखा केही सशंकित र चनाखा भए । प्रहरीको कोठामा नभएको भए उनी चिच्याएरै 'किन आएको यहाँ, को हौ तिमीहरू ? भन्ने मुद्रामा थिइन् । जो भए पनि विरोधी होइनन् भन्ने संकेत पाएपछि उनी केही ढुक्क देखिइन् ।

'डिभोर्स गर्न पाउनु मेरो अधिकार हो, मेरो स्वतन्त्रता हो । मैले यसो गर्न खोज्दा बेकारमा उनीहरू मप्रति खनिएका छन्, कुरोको चुरो खोतल्ने क्रम यसरी सुरु भयो । अनि किन गर्नुपऱ्यो त डिभोर्स ? उनी कारण सुनाउन अग्रसर भइन् । 'सानैमा गरेको गल्ती सुधार्न, १४ वर्षकी हुँदा विवाह गरेको अहिले गल्ती गरें भन्ने लाग्यो त्यसैले । उनले विवाह गरेको आठ वर्ष भएछ ।

उनले जेलाई गलत गरें भनिरहेकी थिइन् त्यो काम यस प्रकार थियो– उनी कक्षा सातमा पढ्दा नौंमा पढ्ने किशोर मन परेछ । मायाप्रेम यति झाङ्गिए कि किशोर १० मा र उनी ८ कक्षामा पुगेकै बेला विवाह नगरी नहुने अवस्था सिर्जना भएछ । विवाह गरेको एक वर्षभित्रै छोरीको जन्म भएछ । यहाँसम्मको उनको भनाइ प्रेममय सुपरहिट चलचित्रझैं छ ।

नराम्रो कहिलेदेखि सुरु भयो त ? कुरो बिग्रिएको रहेछ तीन वर्षअघिदेखि । सानैमा विवाह गरेर पाँच वर्ष सँगै बिताएपछि परिवाररूपी डुंगा आर्थिक अभावको भवसागरमा परेर लड्खडाउन थालेछ । त्यसबाट पार पाउने उद्देश्यले किशोर काम गर्न मलेसिया लागे । 'मलेसिया लागेपछि बल्ल थाहा पाएँ उसको असली चाला,' युवतीको स्वर अलि खुल्यो ।

'उता गएपछि तीन वर्षमा २० हजार रुपैयाँ पनि पठाएन, उसका बाबुआमाले मलाई देख्नै नसक्ने, पैसा भने उनैलाई पठाउने । यस्तो भएपछि किन सँगै बस्ने ? युवतीले एकै सासमा धेरै कुरा भनिन् । कुरकुरे बैंसमा लगाएको पिरतीलाई टुङ्ग्याउने निचोडमा पुग्नुको कारण त्यही रहेछ । युवक मलेसियाबाट आएको मेसो पारेर उनले काम फत्ते गर्ने सोँच बनाइएकी थिइन् ।

उनी धेरै बोल्न चाहिरहेकी थिइनन् । त्यसैले अब हामी डिभोर्स गर्न खोज्ने उनीमाथि आक्रोश व्यक्त गरिरहेकी युवतीतर्फ मोडियौं । प्रहरीले रोकेकाले उनी गेट बाहिरै थिइन् । 'जान्छु भन्नेलाई किन रोक्न खोजेको ? उनीसामुन्ने पुगेर महिला सेलमा सुनेका कुरालाई कस चेक गर्न थालियो । हाम्रो यस्तो प्रश्नले युवतीको क्रोधको पारो अझ उक्लियो । 'त्यसलाई रोक्न लागेको हुँदै होइन । भेट्टाए भुतालेर मार्न खोजेको,' उनमा रणचण्डीको झलक आयो ।

आखिर उनी किन यति आक्रोशित ? ल फर्म अगाडिको बेन्चमा बसेर उनको कुरा सुन्ने प्रयास गर्‍यौं । उनको भनाइले आक्रोशको मात्रा चुलिनु अस्वाभाविक देखिएन तर हामीले पनि रिसलाई काबुमा राख्नैपर्छ भन्ने सुझाव दहँदैँ दियौं ।

'यो केटी मेरो साख्खै मामाकी बुहारी । छोराले सानैमा विवाह गरेर ल्याएको हुनाले उसलाई मामा माइजूले बुहारीभन्दा पनि छोरी नै मान्नुभयो, अब महिला सेलमा सुनेको र यहाँ सुनाइएको कुरा बाभ्न थाल्यो । 'हामी ठकुरी, भाइले बाहुनी केटी ल्यायो । उसका माइतीले मन नपराएर छ महिनासम्म प्रहरीमा धाउने बनाए तैपनि मामा रिसाउनुभएन, युवतीले बेलीविस्तार लगाइन् ।

'मामा र हाम्रो घरको आँगन जोडिएको छ, उनले सबै कुराको जानकारी राखेकी थिइन् । उनी बढी अक्रोशित भएको तर मुख्य कारण त अझ गम्भीर रहेछ । युवतीले सुनाएको झसंग हुने कुरा यस्तो थियो, 'लोग्ने मलेसिया लागेपछि ऊ त मेरो आफ्नै भाइसँग पल्की छ । यो अब मेरो भाइसँग आउन ठिक्क परेकी छ ।'

'मामाकी बुहारी आफ्नी भाइबुहारी भएको कसरी हेर्ने ?' उनको बोली रोकिएन । 'ऊ मेरो भाइसँग आएपछि मामा र हाम्रो घरको अहिलेसम्मको सुमधुर सम्बन्धमा विराम लाग्छ । मामा वा हामी अथवा दुवै परिवारले गाउँ छाड्नैपर्छ ।' युवतीको चिन्ता थियो- 'उसले त रोजेको पोइ पाउली तर हामीले इज्जत, नातासम्बन्ध र बस्दै आएको गाउँनै गुमाउनुपर्ने भयो ।'

बसेको बेन्चबाटै जुरुक्क उठेर हामीतर्फ चोर औंलो देखाउँदै युवती कुर्लिन्- 'बरु त्यसलाई लुछेर मारिदिएँ भने सबै कुरा रोकिन्छ । म जेल परौंला, अरूले त केही दुःख पाउँदैनन् । आखिर अहिले भए पनि दुई-चार वर्षपछि भए पनि त्यसले मेरो भाइलाई छाड्ने नै छ ।'

जिल्ला प्रहरी कार्यालय चितवनको गेट नजिकै उभिएको छ एउटा युवक । चाहे भनेजस्ती युवती भित्र्याउन उसलाई कुनै गाह्रो छैन तर ऊ विवाह वा माया-प्रेमका कुरा सुन्ने नचाहने भएको छ । युवतीले डिभोर्स गर्न चाहेको युवक ऊ नै हो । डिभोर्स र त्यसपछि आउने नयाँ परिस्थितिले उसको मुटु हल्लाएको छ ।

'सानै उमेरमा विवाह गरे पनि मायामा कमी नहोस् भन्ने पर्याप्त ख्याल गरेकै थिएँ । ऊ त फुपूको छोरोसँग पो लागिछ, बुद्धि पनि कस्तो हो कुन्नि, युवकले व्यथा पोखे । विदेशको कमाइ दिएनौ रे नि ? भन्ने भनाइ सुनेपछि उनले आश्चर्य मानेझैं गरेर भने 'त्यस्तो हुँदै होइन । तीन वर्षमा मलेसियामा अढाई लाख रुपैयाँ बचाएँ होला, दुई लाख त उसैलाई पठाएको हुँ ।'

मायामा खोट लाग्यो, इज्जतको धज्जी उड्नेवाला छ । विदेशमा पसिना बगाएर कमाएको पैसाको हिसाबै हरायो । परिवारका लागि भनेर विदेसिंदा श्रीमती त फुत्किने पक्का छ भने मायाको निसानी छोरीसमेत गुमाउनुपर्दैछ ।

यसको भोलिपल्टै यस्तै प्रकृतिको अर्को घटनासँग सामना भयो । अधिवक्ता उद्धव लोहनीको ल फर्ममा सुन्नुपऱ्यो त्यस्तै कथा । लोहनीको फर्ममा निवेदन लेखाउन छिरेका रहेछन् पूर्वी चितवन घर भएका एक अधबैंसे पुरुष । लोहनीले सुनाएको निवेदनको बेहोरा यस्तो थियो ।

'मेरो नम्र निवेदन यो छ कि मैले अरबमा चार-चार वर्ष खुन-पसिना बगाएर कमाएको पैसाले श्रीमतीको नाममा किनेको घडेरीमा बनाएको घर छोरीसमेतलाई भाग नलगाई श्रीमतीले बेच्न ठिक्क परेको थाहा पाएकाले सो जग्गा रोक्का राख्ने प्रक्रियाका लागि सम्बन्धित कार्यालयमा आदेश गराई पाऊँ ।'

बैंकको खातामा एक लाख रुपैयाँ पनि छ । त्यो रोक्न मिल्ला कि नमिल्ला' विचराको कमाइ अन्यत्र पनि फसेको रहेछ । समय फरक कथा उही, पात्र फरक व्यथा त्यही । कुनै सोधखोज नगर्दा पनि दिन बिराएर सामुन्ने आएका यी घटनाले वैदेशिक रोजगारसँग जोडिएको यो समस्या अपवाद होइन प्रवृत्ति नै बन्न पो थालेछ भनेर सोच्न बाध्य बनाउँछ ।

'धोका दिनेलाई के भनौं र खै, तिमी हाँस भो मै बसौंला रोई' धेरैले रुचाएको लोकगीतको यो हरफ वैदेशिक रोजगारीमा जाने हाम्रा कतिपय दाजुभाइको नियति हुन थालेको छ । उनीहरूले कमाएको धनले देश धानिएको छ तर उनीहरूले पाइला-पाइलामा धोका र हण्डर सामना गर्नुपरेको छ । 'ओरालो लागेको मृगलाई बाच्छाले पनि खेद्छ' भनेझैं उनीहरूको आफ्नै मुटु पनि पराई हुन लागेको हो कि ?



## • सन्देश •

प्यारा इष्टमित्र, छरछिमेकी एवं साथीभाइहरू, किन यसरी सम्पर्कविहीन हुनुभएको ? मलाई एकदमै चिन्ता लागिरहेछ। कृपया मलाई चिन्ने नयाँ तथा पुराना साथीभाइहरूलाई नबिर्सी सम्पर्क गर्न अनुरोध गर्छु।

**वैद्यनाथ कोइराला**

प्रिय मित्रहरू, एकैपटक भए पनि दुहबी, सुनसरीमा कन्टचाक गर्नु।

**डिल्लीराम**

सविना, म विवाहको प्रस्ताव राख्न तिम्रो घर गएको थिएँ तर तिमीले अस्वीकार गर्‍यौ, प्लिज मलाई बुझ्ने प्रयास गर।

**पद्म**

अरुणिमा, एमु, धरानकी दिदी, विराटनगरका दाइ प्रकाश, बहिनी संगीता तथा सबै आफन्तलाई धेरै-धेरै सम्झनाका साथै शैक्षिक एवं कार्यसफलताको शुभकामना।

**सुरक्षा**

राज, के छ, तिम्रो खबर, मदेखि त रिसाएका त छैनौ नि होइन ? मैले धेरै सम्झिरहेको छु, मलाई नबिर्स है।

**राकेश**

राकेश, तिमी पोखरा गएर पढे पनि तिम्रो सम्झना आइरहन्छ, घर एकै ठाउँमा भए पनि लामो समयदेखि हाम्रो भेटघाट भने भएको छैन, राम्रोसित आफ्नो पढाइ पूरा गर्नु, शुभकामना।

**देवराज**

शिवराम, तिमी कहाँ छौ ? आरामै छौ होला, मैले तिमीलाई कति भेट्न चाहें तर तिम्रो फोन नम्बर तथा ठेगाना केही नभएकाले भेट्न सकिनँ। मसँग विवाह गरेर मेरा बितेका आमाबुबाको आत्मालाई शान्ति दिने कुरा तिमीले बिर्सन हुन्न।

तिमीबिना मैले अरू कसैलाई पनि चाहिएको छैन। म तिम्रै सम्झनामा दिन-रात बिताइरहेको छु।

**देवकी**

सानु, जस्तो छौ जहाँ छौ खुसी रहनु, पीडा जति म एक्लै बोक्नेछु। मेरो पनि राजमार्गमा गुड्ने दुई-चारवटा गाडी अनि राजधानीमा बस्ने ठूलो महल भैदिएको भए तिमी सात जुनीसम्म मेरो हुने थियौ तर पनि केही छैन, जुन दिन म यो संसार छाडेर अर्को संसारमा जान्छु, त्यसपछि म स्वर्गको ढोकामा तिमीलाई मनपर्ने गुलाफको फूल लिएर पर्खिरहनेछु।

**गणेश**

बुना, जन्मदिनको उपलक्ष्यमा लाखौंलाख शुभकामना। तिमीले चालेका हरेक पाइलाले सफलता चुमून्। पूरा हुन नसकेका तिम्रा इच्छाहरू पूरा हुन्।

**समीर**

श्री जनज्योति उ.मा.वि. लालबन्दीबाट +२ को परीक्षा दिने साथीहरूलाई सफलताको शुभकामना, साथै उपासना, उर्मिला, नन्दिता, ललिता, माया, मिलन, लालु, हेम, नीलम, सञ्जय, राजेश, राजु, चन्द्र, साजन, सुशील, सुनिल, सुदीप एवं लक्कीमा मीठो सम्झना।

**सागर**

जीवनसंगिनी मीना, बुबाआमा, भाइ सुदर्शन, रवि, आशिष, आभास, सोमराज, रामकृष्ण, बहिनी रक्षा, दिदी कल्पना, दाइ कृष्ण तथा सानो छोरा कृतिकलाई धेरै-धेरै सम्झना एवं मीठो माया।

**आकाश राउत**

सवि., जब तिम्रो फोन बिजीबाट स्विच अफ गरियो त्यहाँदेखि यो मन विक्षिप्त भएको छ। तिमीले प्रेषित गरेको अन्तिम पत्रको उत्तर प्रेषित गरें, त्यसको प्रतिक्रिया पनि दिइनौ। एकपटक फोन गर्न आग्रह छ।

**विष्णु**

अनुशाजी, कहाँ हरायौ आजभोलि ? जन्मदिनको शुभकामना छ। नर्स बन्ने तिम्रो सपना साकार होस्।

**पदम**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

नाम : ....................................................................................

उमेर : ........................................ उचाइ : ....................................

पेसा : ....................................... शिक्षा : ....................................

स्वभाव :...................................... वैवाहिक स्थिति : .........................

अभिरुचि : .....................................वर्ण : ......................................

इमेल : ...................................................................................

ठेगाना :..................................................................................


तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................................................

..........................................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## • साथी •



शिक्षण पेसामा कार्यरत उपेन्द्र गोले हँसिलो स्वभावका छन्। २५ वर्षीय उपेन्द्र विवाहित हुन्। स्नातक तह उत्तीर्ण उपेन्द्र अध्ययनमा अभिरुचि राख्छन्। गोरो वर्णका गोलेको उचाइ ५ फिट ७ इन्च छ। धूम्रपान तथा मद्यपानबाट टाढा रहेका, सुख-दुःखमा साथ दिने साथीको खोजीमा रहेका उपेन्द्रलाई साथी बनाउन चाहनेहरूले चन्द्रनिगाहपुर-४, गैंडाटार, रौतहटमा पत्राचार गर्न सक्नुहुन्छ।



फिरोन प्रजा 'कर्मनिष्ठ' को उचाइ ५ फिट छ। १९ वर्षीय फिरोन मिलनसार स्वभावका छन्। अविवाहित प्रजा संगीतमा रुचि राख्छन्। असल साथीको खोजीमा रहेका फिरोन पत्रमित्रता गाँसेपछि त्यसलाई बीचैमा छोड्न नहुने बताउँछन्। फिरोनलाई साथी बनाउन चाहनेहरूले मनहरी-४, सिम्पानी, बेलुवा, मकवानपुरमा पत्राचार गर्न सक्नुहुन्छ।



५ फिट ७ इन्च अग्ला शेरबहादुर थापा 'छेत्री' ले व्यवस्थापनमा प्लस टु गरेका छन्। खेलकुदमा विशेष रुचि भएका शेरबहादुर गहुँगोरो वर्णका छन्। सौ-फर्साटिकर-६, जनकपुर, रूपन्देहीका स्थायी बासिन्दा शेरबहादुर धेरै जनासँग पत्रमित्रता गाँस्ने रुचि जागेको उल्लेख गर्छन्। सुख-दुःखमा साथ दिने, अध्ययनमा विशेष लगाव राख्ने, कुलतबाट टाढा रहेका, सादा जीवन उच्च विचारको पक्षपाती साथीको खोजीमा रहेका शेरबहादुरलाईnaresh_thapa@yah



अमर सुनुवार गहुँगोरो वर्णका छन्। नोकरी गरेर जीवनयापन गर्दै आएका अमर हाल २१ वर्षका भए। अविवाहित अमरको उचाइ ५ फिट ३ इन्च छ। समाजसेवामा अभिरुचि राख्ने अमर सुख-दुःखमा साथ दिने साथीको खोजीमा छन्। कमलामाई नगरपालिका वडा नम्बर-३, सिन्धुलीका स्थायी बासिन्दा अमर हाल काभ्रेमा बस्दै आएका छन्। अमरलाई उनको स्थायी ठेगानामा पत्राचार गर्न सकिन्छ।



जीवन लामा 'विरही' हाल २८ वर्षका भए। ५ फिट ४ इन्च अग्ला विरही नेपाली सेनामा कार्यरत छन्। साधारण शिक्षा लिएका लामा गीत-संगीतमा अभिरुचि राख्छन्। गहुँगोरो वर्णका जीवन असल तथा गम्भीर स्वभावका छन्। गीत-संगीतलाई माया गर्ने, समाजसेवामा रुचि भएका, आफ्नो जन्मभूमि र मातापिताको सेवा गर्नुपर्छ भन्ने भावना बोकेका साथीको खोजीमा रहेका जीवनलाई श्रीतारादल गण, देवीघाट ब्यारेक, नुवाकोट पोस्ट बक्स-१ मा पत्राचार गर्न सकिन्छ।



कृषि पेसामा संलग्न सनम चेम्जोङ 'माङ्सा' १९ वर्षका भए। ५ फिट २ इन्च अग्ला सनम कमलो मनका छन्। अविवाहित सनमले एसएलसीसम्मको औपचारिक अध्ययन पूरा गरेका छन्। गोरो वर्णका सनम नेपाली कला संस्कृतिमा अभिरुचि राख्छन्। धनी-गरिब तथा जातजातिमा भेदभाव नगर्ने, सधैं सत्यको बाटोमा हिंड्ने, हँसिलो स्वभावका साथीको खोजीमा रहेका सनमलाई फाक्तेप ६, जुङिजता, पाँचथरमा पत्राचार गर्न सकिन्छ।

## • जीवनको गोरेटोमा •

# हामी दुईको नाता



मेरो मनको कोठा अनि मेरो धड्कनमा सजिन आउने मित्र म तपाईंकै कल्पनामा दिन अनि रातहरू बिताइरहेकी छु। कता, कस्तो अवस्थामा हुनुहोला ? अनि हजुरलाई कस्तो छ ? काले, गोरे, डल्ले, वा अग्ले... ? जस्तै भए पनि हजुर मेरो परम मित्र हो, म यस्तै-यस्तै कल्पनामा हराइरहेकी छु। म हजुरलाई सम्झिरहन्छु, हजुरसँगको परिचयहीनता मेरा निम्ति ठूलो उत्साह बनेको छ।

मित्र,... भोलिको दिन कस्तो छ ? भावीले लेखिसकेका छन्। देखेको हुँदैन भाग्यमा लेखेको पाइन्छ भन्छन्। भोलि हजुरसँगको जीवन सुखमय होस् भनेर म दिन-रात आफ्नो पढाइमा व्यस्त छु। अनि अरू कुरा...। हजुरले पनि पढाइमा राम्रो गर्नुहोस्। अँ भावीले के लेखेर पठाइदिएका होलान् मेरा निम्ति ? जीवनसाथी चिन्ने प्रयासमा एक-दुई... गर्दै प्रेम गर्न पुगेंछु अन्जानमा, तिनीहरू केटा-केटी दुवै छन्, केटा वा केटी दुवैले मलाई साथ दिन सकेनन्। तिनीहरू सबै अहिले छुटे। अब भने मित्रताको रूपबाट हेर्दै जाऊँ भनी हजुरसँग मात्र मित्रता गाँसिरहेकी छु। अनेकौं सपना अनि कल्पनामा हराउँदा हराउँदै कहीं ठूलो समस्या त पर्ने होइन ? त्यसैले त म आफ्नो आत्मामाथि हात राखी सम्पूर्ण यथार्थ लेख्दैछु। मलाई अहिले आएर स्पष्ट भएको छ प्रेम स्पर्श होइन अनुभूति रहेछ। शारीरिक भोग होइन आत्मीयता रहेछ। त्यसैले त अरूले मलाई छाडे पनि म आपत्तिमा परेकी छैन, बरु हजुरको प्रतीक्षामा छु, म हजुरका निम्ति यो संसार हेरिरहेकी छु। हेरौं के हुने हो जिन्दगीमा... ? हामीलाई कत्तिको साथ दिने रहेछ यो संसारले ? भोलिको सुन्दर कल्पनासहित हजुरप्रतिको चोखो माया सँगालेर प्रतीक्षामा बसेकी छु अवश्य पनि प्रतीक्षाको फल मीठो होला।

गाउँको आलीदेखि लिएर बजारको नालीसम्म, यात्रादेखि सहरको जात्रासम्म सपनाको रातदेखि उच्चशिक्षाको साथसम्म कहीं न कहीं हाम्रो भेट हुनेछ भन्ने विश्वास छ। गोरो, कालो, होंचो, अग्लो जेसुकै भए पनि हजुर त मेरो एक असल मित्र बन्न सफल हुन सक्नुहुन्छ भन्ने आशा बोकेकी छु। हजुरलाई म हरेक सुख-दुःखमा साथ दिइरहुँला। मैले योभन्दा पहिले सन्देशमूलक कविता पठाएकी थिएँ हजुरका लागि। पछि फेरि पठाउनेछु हजुरले पनि पढ्न पाउने गरी। मेरो यो पहिलो मित्रतालाई मैले अँगाल्दै आएकी छु, यो जीवनमा गाथको साथ नपाए पनि अर्को जुनी म तपाईंकै भएर जन्मिनेछु। मित्रताका लागि यो सानो बुँदा सम्झनामा राख्नु अनि मबाट टाढा हुँदा कस्तो लाग्यो ?

*जुनी जुनी नछुट्टाउने कहाँ होला हात*
*जुनीभरि माया दिए म दिनेछु साथ*
*सम्झना मनमा सम्हालिराख*
*धड्कनभन्दा बाहिर छाती छन् गाता*
*जीवनभर अमर रहोस् जुनीभरि*
*हामी दुईको नाता।*

**– बुद्धि**

# नसालु आँखाले मोहित हुनुहुन्छ कि मुस्कानले भुतुक्कै बनाउँछ ?

यी दुवै कुराले भुतुक्कै बनाउँछन्, किनभने यी दुवै चीजमा कमाल छ।

**राज ढकाल**

यो हेर्ने आँखा र मनमा भर पर्ने कुरा हो।

**रेशम सुनुवार**

नशालु आँखाले मोहित बनाउँछ, मुस्कानले भुतुक्कै।

**प्रवीण ज्ञवाली, करादी**

मुस्कान भएपछि त अरू के चाहिन्छ र ?

**के.पी. राई**

कसैको नशालु आँखाले मोहित बनाउँछ भने कसैको मीठो मुस्कानले भुतुक्कै बनाउँछ। दुवै गुण भए सुनमा सुगन्ध हुन्छ।

**कमल जिसी, दिक्तेल**

मलाई नशालु आँखाले नै मोहित बनाउँछ।

**मल्लिका मल्ल** (१८)

नशालु आँखाले, मुस्कान दिनेहरू धोकेबाज हुन्छन्।

**नारायणदत्त अवस्थी**

सम्पादकज्यू, आँखाको नशालु हेराइमा पर्नुभएको छैन कि कसो ?

**उपेन्द्र गोले** (२६)

सम्पादकज्यू अरुणिमा लम्साल, रेखा थापा, पूजना प्रधान, शीताष्मा चन्दहरूको के आँखा, के मुस्कान सबैथाक राम्रो भन्या।

**आर.पी.**

मुस्कान दिनु भन्नु नै इसारा गर्नु हो, त्यसैले म त मुस्कानले।

**टीकाराम अर्याल**

न मलाई नशालु आँखाले मोहित बनाउँछ, न त मुस्कानले नै भुतुक्क तुल्याउँछ। मलाई त बोली र व्यवहारले आकर्षित गर्छ।

**विनोद खतिवडा**

आँखाको के भर हजुर, कहिले कता कहिले कता तर मुस्कान हरपल, हरक्षण सम्झना योग्य हुन्छ।

**सुजित खतिवडा**

मलाई दुवैले अझसम्म प्रभावमा पारेका छैनन्।

**जुनाली सिंजापति** (१८), **नवलपरासी**

नशालु आँखाले मोहित पार्नु स्वाभाविक हो तर मुस्कानले भुतुक्कै पार्छ भन्न सकिँदैन।

**वसन्त न्यौपाने, काठमाडौं**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. काली युवती र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ? किन ?
२. पैसा पाउनु ठूलो कुरा हो कि प्रेम पाउनु ? किन ?
३. तपाईंले जिन्दगीमा कोबाट कस्तो धोका पाउनुभएको छ ?
४. हामी नेपाली किन र के कारणले पिछडिएका छौं ?
५. मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?
६. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?
७. पढेर जानिन्छ कि परेर ?
८. नेपालको सबैभन्दा ठूलो समस्या के हो ?
९. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
१०. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?



## ● यौन जिज्ञासा र समाधान ●



**प्रश्न : हाल म २६ वर्षको भएँ, मेरो लिङ्ग मेरो उमेरअनुसारको नभै एकदमै सानो छ, जसले गर्दा मलाई जहिले पनि मनमा चिन्ता र हीन भावना आउँछ। भोलि गएर कुनै महिलासँग शारीरिक सम्पर्क गर्दा उनलाई पूर्ण यौनसुख दिन सक्दिनँ कि भनेर डराउँछु र कहीं-कतै जाँदा पनि यो कमजोरीले मलाई निकै सताउँछ। मैले पत्रपत्रिकाहरूमा लिङ्गको नाप बढाउने धेरै विज्ञापन पढेको छु तर म एउटा भरपर्दो र विश्वासिलो उपायको खोजीमा छु। यदि लिङ्गको नाप बढाउन सक्ने कुनै उपाय छ भने कृपया त्यसका बारेमा बताइदिनुहुनेछ भन्ने आशा छ। मेरो लिङ्गको नाप सामान्य अवस्थामा २ दशमलव ५ इन्च लम्बाइ र ३ इन्च मोटाइ तथा उत्तेजित अवस्थामा ५ इन्च लम्बाई र ४ दशमलव ५ इन्च मोटाइ छ।**

**– एक पीडित**

**उत्तर : लिङ्गको नाप कति हुनुपर्ला ?**

व्यक्तिअनुसार कसैको लिङ्ग लामो हुनसक्छ भने कसैको छोटो। किन्सेले ३ हजार ५ सय पुरुषमा गरेको अध्ययनको तथ्याङ्कलाई पछि Jamison तथा Gebard ले प्रकाशित गरेअनुसार लिंगको सालाखाला लम्बाइ उत्तेजित नहुँदा ३ दशमलव ८९ इन्च र उत्तेजित हुँदा ६ दशमलव २१ इन्च हुन्छ। त्यसै गरी सालाखाला मोटाइ उत्तेजित नहुँदा ३ दशमलव ७५ इन्च र उत्तेजित हुँदा ४ दशमलव ८५ इन्च हुन्छ। सालाखालाको कुरा गर्दा यस्तो ८८ प्रतिशत पुरुषको लिङ्ग उत्तेजित हुँदा ५-७ इन्च लम्बाइको हुने देखिएको छ भने उत्तेजित नहुँदा ३-५ इन्चको हुने देखिएको छ, तर पूर्वीयहरूको लिङ्ग औसतभन्दा केही सानो देखिएको छ।

**के उमेरअनुसर लिङ्गको नापमा परिवर्तन आउँछ ?**

सबैलाई थाहा भएकै कुरा हो, बाल्यकालमा सानो आकारको लिङ्ग किशोर अवस्थामा आएर निकै वृद्धि भै झन्डै त्यही आकारमा नै जीवनको लामो अवधिसम्म रहन्छ। एक अध्ययनअनुसार यस्तै ११ वर्षतिर उत्तेजित अवस्थामा सालाखाला ३ दशमलव २९ इन्च लम्बाइ भएको लिङ्ग १३ वर्षतिर लिङ्ग ५ दशमलव ३४ इन्चको हुन्छ भने १६ वर्षतिर ६ दशमलव १८ इन्छको भैसकेको हुन्छ। उक्त अध्ययनमा १८ वर्षको उमेरमा सबैभन्दा बढी ६ दशमलव २९ इन्चको लिङ्ग भेटिएको थियो भने १९ वर्षमा सोभन्दा कम अर्थात् ६ दशमलव २५ इन्च। यो अध्ययन नेपालीको नभए पनि यहाँ उत्तेजित लिङ्गको अधिकतम लम्बाइमा हुने परिवर्तनलाई दर्साउन खोजिएको मात्र हो। प्रायःजसो वयस्क उमेरमा खासै परिवर्तन नआउने भए पनि उमेर अझै बढी भएपछि अधिकतम रूपमा लिङ्गमा रगत नजान सक्छ र लिङ्ग किशोरावस्थाको तुलनामा केही सानो लाग्नसक्छ।

**किन लामो लिङ्ग चाहिएको होला ?**

पुरुषलाई लिङ्ग सानो भए 'पौरुषत्व' खतरामा पर्ने चिन्ताले बढी सताएको हुन्छ। यौनसम्पर्क गर्दा यौनसुख दिने क्षमताभन्दा बढी अन्य पुरुषसँग लिङ्गको नाप दाँजिने स्थितिले पिरोल्छ। कतिपय व्यक्तिले लिङ्गको लम्बाइ वा मोटाइ सामान्य भए पनि सानो भयो कि भनेर पीर (चिन्ता) गर्छन् र यस्तो स्थितिलाई अंग्रेजीमा Small Penis Syndrome पनि भनिन्छ। तपाईंले दिनुभएको नापका आधारमा तपाईंलाई यस्तै भएको बुझिन्छ। अर्को यथार्थ के हो भने अध्ययनहरूले देखाएको छ कि धेरैजसो महिलाले यौनसम्पर्कका बेलामा पुरुष यौनसाथीको लिङ्गको लम्बाइ वा आकारलाई खासै चासोको विषय बनाउँदैनन्। फेरि लिङ्ग प्रदर्शित गर्दै हिँड्नुपर्ने कुरा पनि होइन, त्यसैले कहीं-कतै जाँदा पीर गर्नुपर्ने कारण छैन।

महिलाको सबैभन्दा बढी यौन संवेदनशील अङ्ग भगाङ्कुर हो र महिलाले यही अङ्गको घर्षणबाटै यौनसन्तुष्टि प्राप्त गर्छिन्। महिला तल र पुरुष माथि भएर गरिने यौनसम्पर्कमा लिङ्गले भगाङ्कुरलाई घर्षण गर्दैन। लिङ्गको लम्बाइ वा मोटाइ बढाए पनि यसले भगाङ्कुरको घर्षणमा खासै फाइदा पुग्ने होइन, बरु त्यसका लागि एकातिर तपाईंको लिङ्गभन्दा औंला नै बढी सहयोगी सावित हुन सक्छ भने अर्कातिर आसन परिवर्तन। महिलाको योनिको बाहिरी (योनिद्वारनिरको) भाग यौन संवेदनशील हुन्छ, न कि भित्री भाग। यदि तपाईंले सजिलैसँग हस्तमैथुन गर्न सक्नुभएको छ र हातले अँठ्याउनुहुन्छ भने यौन सम्पर्क राख्दाको फरकपनको सम्पूर्ण दोष यसैलाई थुपार्न मनासिव नहोला।

**लिङ्ग बढाउने उपायहरू र त्यसका विज्ञापन ?**

संसारभर प्रयोग गरिने लिङ्ग बढाउने उपायहरूलाई मोटामोटी रूपमा चार प्रकारमा विभाजित गर्न सकिन्छ : १. कसरत तथा हातैले तन्काउने विधि २. तौल वा यन्त्रको सहायताले तन्काउने विधि ३. पम्प प्रयोग गर्ने विधि ४. शल्यक्रिया। यौनसुखका लागि लिङ्गको नाप बढाउन लाग्नुभन्दा पहिले केही कुरामा विचार पुऱ्याउनुपर्छ। लिङ्ग बढाउने कुरा गर्दा विज्ञापन वा साथीको दबाबमा लाग्नुपर्छ भन्ने छैन। यस्ता विज्ञापनमा लिङ्गको नाप सामान्यभन्दा कम भयो भने त यौनजीवन नै समाप्त भयो कि जस्तो भान पार्ने सूचना हुन्छन्। लामो लिङ्ग हुँदैमा सबै यौनसुख स्वतः र सहज रूपमा पाइन्छ जस्तो कुरा गरिन्छ। फेरि सजिलै यी अंगको नापमा परिवर्तन गर्न सकिने कुरा पनि त्यसमा हुन्छ। लिङ्ग बढाउने प्रत्येक विधिले कसरी काम गर्ला वा physiology के होला भन्ने कुरा फरक-फरक हुन्छ। विज्ञापनमा कुनै पनि वस्तु वा सेवाका सकारात्मक पक्षलाई विशेष रूपमा चर्चा गरेर सम्भावित ग्राहकलाई आकर्षित गरिएको हुन्छ, तर वस्तु वा सेवाका बारेमा सबै पक्षमा यथार्थ बुझेर मात्र त्यसको प्रयोग गर्नु वेश हुन्छ। विशेष गरेर आफ्नो यौनिकता अनि लिङ्गको नापमा आश्वस्त हुन नसकेका व्यक्तिलाई यस्ता विज्ञापनको भाषाले निकै आकर्षित गर्छ। वास्तविक समस्या आफ्नै मानसिकतामा भए पनि ऊ कुनै प्रसाधनमा केन्द्रित हुन पुग्छ।

लिङ्गमा भएका विशेष तन्तुमा रगत भरिएर नै लिङ्ग उत्तेजित हुन्छ। त्यसलाई अधिकतम रगत राख्न सक्ने बनाउनु यस्ता उपायहरूको ध्येय हुन्छ। बुझ्नुपर्ने कुरा के छ भने यस्ता तन्तुमा पनि अधिकतम रगत राख्न सक्ने क्षमता हुन्छ। लिङ्गको नाप बढाउने धुनमा क्षमताभन्दा बढी राख्न दबाब दिए ती तन्तुमा क्षति पुग्न सक्छ। विज्ञापनको सत्यताका बारेमा कतिपय स्थितिमा सजिलै यसै भन्न सकिँदैन, किनभने त्यहाँ ठग प्रवृत्ति पनि हुनसक्छ। विशेष गरेर FDA वा अन्य औषधी तथा यस्ता उत्पादनका गुणस्तर हेर्ने निकायको अनुमति छ कि छैन हेर्नु नै आफ्नो जोखिम कम गर्ने उपाय हो।हामी हाम्रा साथीभाइहरूभन्दा धेरै कुरामा शारीरिक, मानसिक अनि सामाजिक रूपमा फरक हुन्छौं र त्यसलाई सहजै स्वीकार्छौं, तर लिङ्ग उत्रै हुनुपर्ने किन नि ?

पासहुनेनैगरी पढ्न आउनुहोस्।
SLC पूरक परीक्षा-२०६५
Private-Regular-Exempted
बेलैमा शैक्षिक परामर्शकासाथ अभिभावक-विद्यार्थी-अनुभवी शिक्षकहरुको प्रयासबाट कुनैपनि १/२ विषय पासहुनेनैगरी Capsule कक्षामा पढ्न आउनुहोस्।
कक्षा सञ्चालन समय: बिहान ६:००-१०:०० दिउसो १०:००-२:०० बेलुका २:००-६:००
माध्यम: अंग्रेजी/नेपाली
प्राइभेट एकेडेमी पुतलीसडक, काठमाडौं 01-4422105

जाँड रक्सी ड्रग्सको कुलत छुटाउन साथै विभिन्न रोगको ग्यारेन्टी उपचार
सृष्टि संजिवनी
पुरानो बानेश्वर चोक गणेशस्थानसँगै
फोन: ०१६२०२६२७, ९८४१३२८९३२

सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्नदोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं


कष्मेटिक सर्जरी
- शरीरमा भएका दाग, कोठी, मुसा, ट्याटु, अप्रेसन पछिका दागहरू हटाउन
- शरीरमा पोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- स्तन सम्बन्धि कष्मेटिक उपचार
- Silicon Breast
- Botox Treatment
प्लाष्टिक सर्जरी क्लीनिक
सम्पर्क: मानभवन, ललितपुर ०१६९१०५३२, ९८०३८८३५७७

केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before After
Herbal44 Rs. 750/- → [Soap Free]
बेदाग गोरो मुहारको लागि
रूपअमृत - Rs.1650/-
Anti Pimple
[Rose Sunscream Free]
मुहारको दाग चायापोतो हटाउने Dr. Japan - Rs.350/-
मुहारको चाउरीपना हटाउने Cream - Rs.1250/-
स्तन बढाउने/घटाउने Cream - Rs. 1650/-
ग्याष्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
शरीरको तौल + उचाई बढाउने
सफल आयुर्वेदिक/प्राकृतिक उपचार
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं, गोशाला (दुरिका होटल अगाडि)
Tel.: 4498929, 2110057
9841330144 Cell 9845062538 Chitwan

सौन्दर्यका सामान
○ Height बढाउने (Yoko Japanese) - 1050/-
○ मोटोपन घटाउने (Sauna Belt)
○ अनुहार गोरो बनाउने (Roop Amrit)
○ स्तन बढाउने, घटाउने साथै टाइट गर्ने (Cream)
○ इण्डीफोर, चाया पोतो हटाउने (Cream)
○ धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
○ कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
○ एकमुखे रुद्राक्ष साथै हनुमान कवज
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

सौन्दर्यका सामानहरू
१. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,१९९/-
२. Souna Belt Price -रु.२,४९९/-
३. Breast घटाउने क्रिम -रु.१,२९९/-
४. Breast बढाउने क्रिम -रु.१,२९९/-
५. चुरोट खान छुटाउने Spray -रु.१,४९९/-
६. Roop Amrit -रु.१,३९९/-
७. अनुहारको चाया पोतो हटाउने -रु. २,४९९/-
८. पेट घटाउन Abking pro -रु. ६,९९९/-
९. Home Jogger -रु. ६,९९९/-
१०. कपाल झर्न रोकी नयाँ कपाल पलाउने Herbal HairOil -रु. ७५०/-
११. Breast बढाउने pump -रु. १,४९९/-
१२. जाड रक्सी छुटाउने औषधी -रु. १,४९९/-
Global TV. Product Shop
पुतलीसडक, (शंकरदेव क्याम्पस अगाडि)
कुमारीबैंकपछाडिफोन:४२४२०६१,४२३०८१५

# बाटो पत्ता लगाउनुहोस्



## उखान पूरा गर्नुहोस्


............... .................... नरिवल ।

............ ..... .......... ............ गाई ।

अन्धोको देशमा ........... ........... ।

............. .............. कुभिन्डो ।

## साप्ताहिक कोठेपद



**दायाँ**

१. सर्वोच्च शिखर (५)
२. थकालीहरूको मूल थलो (४)
३. आरोप (३)
५. एक प्रसिद्ध जडिबुटी (५)
६. गति (२)
७. मानवोचित (४)
८. एक नेपाली चलचित्र (५)
९. शुभअवसरमा गाइने एक गीत (३)
११. हिँउले ढाकेको पहाड (४)
१२. पहिलो किराँती राजा (४)
१३. पेरुमा पाइने उँटजस्तो जनावर (२)
१८. काठमाडौंको एक नाका (४)
१९. श्वेत,सेतो (३)
२०. अदालत (४)
२१. राजाको नीति (४)
२२. स्वतन्त्रता (४)
२०. नेवारहरूको एक थर (५)

**तल**

१. एक प्रकारको वनस्पति (४)
२. एउटा हिमाल (४)
३. जग्गाको हकपत्र (४)
४. नामहरूको सूची (४)
५. अरूको भरमा बाँच्ने (४)
६. केटाकेटीको खेल (४)
७. तिब्बतस्थित एक ताल (६)
८. सम्पति (४)
९. हिंस्रक झगडा (४)
१०. आदरवाची, लोग्ने (३)
११. कमजोर छु भन्ने भावना (५)
१३. एक प्रकारको मिठाइँ,रोटी (४)
१४. गौतम बुद्धकी पत्नी (४)
१५. सीताका पिता (३)
१६. मृत्युलाई पराजित गर्ने एक साधक (४)
१७. बोली (३)
१८. प्रारम्भ (३)

१) डा. रामवरण यादव, २) झलनाथ खनाल, ३) गिरिजाप्रसाद कोइराला, ४) माधवकुमार नेपाल, ५) उपेन्द्र यादव, ६) डा. बाबुराम भट्टराई, ७) शेरबहादुर देउवा, ८) पुष्पकमल दाहाल ।

# पत्याउनु हुन्छ ?



कपर हेड जातको विषालु सर्पको शरीरबाट भर्खर काटेको काँक्रोको गन्ध आउँछ ।




क्यालिफोर्नियाका जोए चेस्टनटले हालै सम्पन्न चौथो अन्तर्राष्ट्रिय हट डग प्रतियोगितामा १० मिनेटमा ६८ वटा हट डग खाएर नयाँ विश्व कीर्तिमान बनाएका छन् ।



बेल्जियममा खोलिएको एक संग्रहालयमा स्ट्रबेरी मात्र राखिएको छ ।




अष्ट्रिच चराको आँखा उसको मस्तिष्कभन्दा ठूलो हुन्छ ।

## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## अनुहार चिन्नुहोस्



# स्पिकरमा आईपोडको संगीत





तपाईंको आईपोड / आईफोनमा राम्रा-राम्रा संगीत छन् भनेर इयर फोनबाट कस-कसलाई सुनाउने, यो काम निकै झन्झटिलो हुन्छ। अझ कतिपय संगीत सामूहिक रूपमा सुनेर नाचेर मज्जा लिने किसिमका हुन्छन्। आईपोड/आईफोनमा रहेकै स्पिकरबाट सुनाउँदा अपेक्षा गरेअनुसारको आवाज नआउन सक्छ। आफ्नो आईपोड / आईफोनको संगीत सामूहिक रूपमा सुन्न चाहनेहरूका लागि स्वीस कम्पनी लजिटेकले उत्पादन गरेको प्योर-फी एनिहेवर २ स्पिकर नेपाली बजारमा आएको छ। यो स्पिकर उक्त कम्पनीले निर्माण गरेको प्योर-फी एनिटाइमको यो परिष्कृत संस्करण हो। आईपोड/आईफोनलाई स्पिकरको मध्यभागमा राखेपछि यसमा स्पिकरमार्फत त्यसको गीत बजाउन सकिन्छ। यसको रिमोट कन्ट्रोलबाट संगीत परिवर्तनदेखि बढाउन र घटाउन सकिन्छ। यो सेटमा चारवटा स्पिकर छन्। यसले मझौला आकारको कोठामा पुग्ने आवाज दिन सक्छ। यो स्पिकरमा रिचार्जेबल ब्याट्री प्रयोग हुन्छ। विद्युत् भएको समयमा विद्युत् प्रयोग गर्न सकिन्छ भने विद्युत् नभएको अवस्थामा पनि यसलाई चार्ज नगरी १० घन्टासम्म बजाउन सकिन्छ। इयर फोनमै गीत सुन्न मन लाग्यो भने ज्याकमार्फत उक्त सुविधा लिन सकिन्छ। नियोटेरिकले नेपाली बजारमा बिक्री-वितरण गरिरहेको यो स्पिकरको मूल्य १६ हजार २ सय रुपैयाँ छ।

# पल्सरको नयाँ बाइक

युवाहरूबीच लोकप्रिय पल्सर मोटर बाइकको उत्पादक बजाज अटोले २ सय २० सीसीको नयाँ पल्सर बाइक सार्वजनिक गरेको छ। भारतमा हालै सार्वजनिक भएको यो बाइक नेपालमा पनि चाँडै उपलब्ध हुनेछ। सन् २००७ देखि पल्सर बाइकको उत्पादन थालेको बजाज अटोले यसको पछिल्लो संस्करण तीव्र गतिमा बाइक चलाउनेहरूलाई विशेष ध्यानमा राखेर निर्माण गरेको छ। ५ गियरयुक्त यो बाइकलाई १ सय ३५ किलोमिटर प्रतिघन्टाको गतिमा चलाउन सकिन्छ। फोर स्ट्रोक सिंगल इन्जिन जडान गरिएको यो बाइकमा डीटीएसएफआई सिस्टमसहित एयरकुलर र ओइलकुलर सिस्टम छ, जसले लामो यात्रामा निस्कँदा इन्जिनलाई तातोबाट रोक्छ। ट्युबलेस टायर भएको यो बाइकको अघिल्लो भागको भन्दा पछिल्लो भागको टायर फराकिलो छ। ८० इन्च लम्बाइ, ३० इन्च चौडाइ र ४५ इन्च अग्लो यो बाइक १ सय ५० किलोग्रामको छ। यो बाइकमा पनि डिजिटल मिटर सिस्टम छ भने अघिल्लो र पछिल्लो पाङ्ग्रामा डिस्क ब्रेक छ। यो बाइक भारतमा ७० हजार भा.रु.मा बिक्री गर्ने योजना कम्पनीको छ।



विदेशबाट




## म्युजिकल तकिया

कसै-कसैको सुत्ने बेलामा संगीत सुन्ने बानी हुन्छ। रेडियो वा क्यासेट प्लेयर अन नगरी निन्द्रा नलाग्ने स्वभावका मानिस प्रशस्तै भेटिन्छन्। एउटा कोठामा एक्लै सुत्ने सुविधा छ भने त खासै अप्ठ्यारो हुँदैन, तर एउटै ओछ्यानमा दुई जना सुत्नुपर्ने स्थिति छ भने अर्कोले अप्ठ्यारो स्थितिको सामना गर्नुपर्ने हुन्छ। यही समस्या बुझेर कन्फो क्विल्सले 'संगीत दिने तकिया' निर्माण गरेको छ। साउन्ड एस्लिप पिलो नामकरण गरिएको यो तकियाको भित्री भागमा स-साना स्पिकर राखिएको छ। एक जनालाई हुने यो तकियाको छेउमा रहेको ज्याकमा आईपोड, एमपीथ्री वा रेडियोको ज्याक जोडे तकियामाथि टाउको राख्नेले मात्र संगीत सुन्न सक्छ। यो तकिया बजारमा आएपछि हेडफोन लगाएर झन्झटिलो ढंगले सुत्नुपर्ने आवश्यकताबाट मुक्त भइन्छ। यो म्युजिकल तकियाको अन्तर्राष्ट्रिय बजार मूल्य २ हजार ५ सय रुपैयाँ छ।

# एउटै मोबाइलमा दुई सेवा

जीएसएम मोबाइलका प्रयोगकर्ताको संख्या बढ्दै गएपछि अहिले भनेको बेलामा सम्पर्क गर्न गाह्रो हुने गरेको छ, जसका कारण जीएसएम मोबाइल फोनका प्रयोगकर्ताहरूको आकर्षण सीडीएमए फोनतर्फ बढिरहेको छ। नेपालको परिप्रेक्ष्यमा जीएसएम मोबाइलको भन्दा सीडीएमए फोनको सेवाक्षेत्र बढी छ। यी दुवै सेवा चलाउने ग्राहकलाई मध्यनजर गरेर भारतीय कम्पनीले निर्माण गरेको स्पाइस मोबाइलको डी-१११ मोडल नेपाली बजारमा भित्रिएको छ। टच स्क्रिनका आधारमा सञ्चालन हुने यो सेटमा ६० एमबी क्षमता छ भने यसमा आवश्यकताअनुसार २ जीबीको माइक्रो एसडीकार्ड जडान गर्न सकिन्छ। २ मेगापिक्सेलको क्यामेरा जडान गरिएको यो सेटमा ६ गुणा डिजिटल जुम गर्ने सुविधा छ। यसको भिडियो मोडमा गएर मेमोरी कार्डको क्षमताअनुसार भिडियोसमेत खिच्न सकिन्छ। एमपीथ्री फर्म्याटको म्युजिक सपोर्ट गर्ने यो सेटमा एफएम रेडियो पनि छ। इमेल, इन्टरनेट चलाउन मिल्ने यो सेटमा एमएमएस गर्ने सुविधा पनि छ। यो सेटमा एमपीथ्री फर्म्याटको रिङ टोन राख्न सकिन्छ भने आफूले चाहेको रिङ टोन कम्पोज पनि गर्न सकिन्छ। यसमा आफूले चाहेको व्यक्तिको कलअनुसार रिङ टोन राख्न सकिन्छ। टेली टक प्रा.लि.ले नेपाली बजारमा ल्याएको यो मोबाइल सेटको मूल्य २९ हजार ९ सय ९९ रुपैयाँ छ।



# एसरको सस्तो ल्यापटप

एसरको ल्यापटप तुलनात्मक रूपमा अन्य ब्रान्डका ल्यापटपको दाँजोमा सस्तो नै मानिन्छ। मध्यम आय भएका कामकाजी व्यक्तिहरूबीच लोकप्रिय यो ब्रान्डको ल्यापटपको अर्को मोडल एसर एक्स्टेन्सा ४६३० जेड नेपाली बजारमा भित्रिएको छ। इन्टेल पेन्टियमको डुयल कोरको २ गिगाहर्ज प्रोसेसरयुक्त यो ल्यापटपमा मोबाइल इन्टेल ग्राफिक्स प्रोसेसरसमेत छ। १ जीबी डीडीआर २ र्‍यामको यो ल्यापटपको हार्ड डिस्कको क्षमता १ सय ६० जीबी छ। यो ल्यापटपमा प्रयोगकर्ताले राखेको सूचनालाई सुरक्षित गर्न सुपर मल्टी डीभिडी राइटर पनि छ। ल्यापटपमा बसेर आफन्तसँग कुरा गर्न मनिटरको माथिल्लो भागमा क्रिस्टल आई वेब क्यामेरासमेत छ भने डिजिटल क्यामेराले खिचेका तस्बिरहरू डाउनलोड गर्न पाँच किसिमको कार्ड सपोर्ट गर्ने कार्ड रिडर छ। हाल इन्टरनेट वायरलेस टेक्नोलोजीमा गएकाले यसमा वायरलेस र ब्लुटुथमार्फत चलाउने सुविधा उपलब्ध छ। यसमा लान कार्ड र युएसबी पोर्टबाट पनि इन्टरनेट चलाउने सुविधा छ। क्रिस्टल टेक्टले बजारमा ल्याएको यो ल्यापटपको नेपाली बजार मूल्य ४२ हजार ९ सय ९९ रुपैयाँ छ।




तु-आवश्यकता

American Company को लागी कर्मचारी आवश्यकता

योग्यता: SLC or Above
संख्या : 7/7 (Ladies & Gents)
तलब: 9000 + अन्य

ML International

धुम्बाराहि चोकबाट सुकेधारा तर्फ दायाँ चिनारी खाजा घरको अगाडी

2451770, 9806629773

Note: शनिबार पनि अफिस खुल्ला रहने छ।

तु-आवश्यकता

American Concept को Organization लाई कर्मचारी चाहियो।

योग्यता: SLC or Above
संख्या : 5 Ladies & 10 Gents
तलब: 7500+ संञ्चय कोष

गोंगबु चोक र सामाखुसि चोक बिच रिङरोड बाहिर गोरखा लिगलिग पोलिक्लिनिक भएको घरको तेस्रो तल्ला

01-2297347

नोट: आफ्नो योग्यताको प्रमाणपत्र र २ PP Photo आवश्यकता

निःशुल्क भर्ना
ब्युटिसियन तालिम



- रोजगारीको अवसर
- उत्कृष्ट व्यवसायिक कोर्ष
- नेपाल सरकारबाट मान्यता प्राप्त
- बेलायत तथा अमेरिकाबाट आएका अनुभवी एव दक्ष प्रशिक्षकद्वारा तालिम दिइने
- विदेश जानेहरुका लागि Special Course

कोर्ष: बेसिक, एड्भान्स, स्पेशल आदि

ब्युटि एण्ड कस्मेटोलोजी ट्रेनिङ्ग सेन्टर
पुतलीसडक, कमलादी रोड
फोन: ४२२०७१८, ९८४१२७३६४९
९८०३९५८५४१









# सधैं यसैगरी मिले हुन्थ्यो

## जर्सी बिक्री र सहयोग

नेताहरूको टिमबाट एक गोल फर्काउने युवा नेता गगन थापाको जर्सीलाई उनका प्रशंसक सुवास राईले १० हजार रुपैयाँमा खरिद गरेका थिए। २६ नम्बरको जर्सी लगाएका गगन मैदानबाहिर आउनेबित्तिकै पसिनासहितको जर्सी राईले तत्कालै पैसा दिएर खरिद गरेका छन्। त्यसपछि नेता गगन थापाले पनि जर्सी बिक्रीबाट आएको रकममा १० हजार थपेर मृगौला रोगी दिनेश बानियाँलाइ प्रदान गर्ने घोषणा गरे। 'बिरामी खेलाडी बानियाँलाई ठोस सहयोग गर्ने विचार आएकाले राईजीले दिनुभएकोको रकममा त्यति नै थपेर सहयोग गरेको हुँ,' युवा नेता थापाले भने- 'सहयोगको शैली यस्तो पनि हुन्छ भन्ने राम्रो उदाहरण बन्यो, त्यसैले म खुसी छु।'





**साप्ताहिक समाचार**

काठमाडौं- सरकारमा सहभागी दुई दल नेपाली कांग्रेस र एमाले, अनि प्रमुख विपक्षी दल नेकपा माओवादीका शीर्षस्थ नेताहरू मिलेर देशमा गणतन्त्र ल्याए, संविधानसभाको निर्वाचन गराए, संसद गठन गरे तर त्यसपछि एकपछि अर्को कुरामा निहुँ खोज्न थाले। सरकारमा सहभागी हुन होडबाजी चल्यो। आरोप-प्रत्यारोपको खेल सुरु भयो। यस्ता राजनैतिक खेलले जनता आजित भैरहेका बखत टेलिभिजन कलाकर्मी मञ्चले उनीहरूलाई फुटबल खेलको बहानामा दुई घन्टाका लागि भए पनि एउटै कित्तामा उभ्याएको छ। एकजुट भएर नेपाली कांग्रेस, एमाले र माओवादीका नेताहरू हास्यकलाकारका विरुद्ध रमाइलो खेल खेले।

गत शनिबार दर्शकले खचाखच भरिएको दशरथ रंगशालामा प्रायः दर्शक भनिरहेका थिए- 'यिनीहरू यसैगरी राष्ट्रिय सवालमा पनि एकजुट भए कति राम्रो हुन्थ्यो ?' चर्चित तीन हास्य धारावाहिक 'तीतो सत्य', 'जिरे खुर्सानी' र 'मेरी बास्सै' का कलाकारहरू नीलो जर्सी भिरेर रातो जर्सी लगाएका सभासदहरूसँग भिड्न तयार थिए। प्रधानमन्त्री माधवकुमार नेपालले फुटबल दिएपछि खेल आरम्भ भयो। सुरुदेखि नै आक्रमक मुद्रामा देखिएका नेपाली कांग्रेसका युवा सभासद गगन थापाको रोनाल्डो कट चिन्डे टाउको परैबाट चिनिन्थ्यो। त्यसैले पनि दर्शक बारम्बार 'गगन... गगन' भन्दै कराइरहेका थिए। दर्शकलाई उनले निराश पारेनन् हास्यकलाकार विरुद्ध एक गोल उनैले गरे।

नेकपा माओवादीका सभासद चन्द्रबहादुर 'सागर' र वर्षमान पुन 'अनन्त' को 'डिफेन्स' ले हास्यकलाकारहरूको प्रहार रोकिरहेको थियो। माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली कांग्रेस संसदीय दलका नेता रामचन्द्र पौडेल तथा एमाले अध्यक्ष झलनाथ खनाललाई देखेर दर्शकहरू हुटिङ गरिरहेका थिए। प्रायः औपचारिक पोसाकमा देखिने उनीहरूलाई फुटबलको जर्सीमा देख्दा कतिपय दर्शक पेट मिचीमिची हाँसेका थिए। गोरो शरीरका खनाल टाढैबाट टल्किरहेका थिए। उनको गोरो र अग्लो शरीर देखेर एउटी महिला दर्शक दीर्घाबाट कराइहालिन्- 'हाउ सेक्सी ?'

सिमसिमे पानी परिरहेकाले दर्शक छाता ओढेर र भिजेर भए पनि खेलको मज्जा लिइरहेका थिए। हास्यकलाकारतर्फ महजोडी खेल हेर्न पुगे पनि मैदानमा उपस्थित भएनन् भने दीपकराज गिरी र दीपाश्री निरौला खेल अवधिभर मैदानमा डटिरहे। माओवादी अध्यक्ष प्रचण्डको खुट्टामा १९ पटक बल जाँदा पनि उनले खेल कौशल देखाउन सकेनन्। खुट्टामा बल पुग्नेबित्तिकै कलाकारहरू उनलाई छोप्न पुगिहाल्थे। केदार घिमिरे 'माग्नेबूढा' ले आफ्नो खुकुलो कट्टु फुस्काउँदै दर्शकहरूलाई हँसाइरहे। सीताराम कट्टेल र कुञ्जना घिमिरेको जोडीले पनि मैदानमा हँसाइरहे। जितु नेपाल, शिवहरि पौडेल र किरण केसीसँगै जिरे खुर्सानीका जिरे अर्थात् बालकलाकार इसान राउतलाई जर्सी ठूलो भएकाले दर्शकहरू उनलाई हेरेर रमाइरहेका थिए। हास्यकलाकारका तर्फबाट कुमार कट्टेल र मनराज श्रेष्ठले दुई-दुई गोल गरेर खेल ४-१ को अन्तरले जिताए। दुवै मृगौला बिग्रिएका पूर्व राष्ट्रिय भलिबल खेलाडी दिनेश बानियाँको सहयोगार्थ उक्त फुटबल खेलको आयोजना गरिएको थियो।

# मन जिते न्ह्यूले



**साप्ताहिक समाचार**

काठमाडौं– न्ह्यू बज्राचार्यले सांगीतिक यात्रा प्रारम्भ गरेको ठ्याक्कै २५ वर्ष भयो। अरुणा लामा, बच्चु कैलाशको पुस्तादेखि निमा रुम्बा, सिने गुरुङको पुस्तासम्मका गायक-गायिकाका लागि संगीत तयार पार्ने यी संगीतकार पछिल्लो केही समययता गायनमा पनि जम्दैछन्। गत शनिवार राजधानीमा आयोजित एकल सांगीतिक कार्यक्रम 'एक छिन' मा न्ह्यूको त्यही नयाँ रूपसंग दर्शक/श्रोताले साक्षात्कार गर्ने अवसर पाए।

गायकका रुपमा एकल सांगीतिक कार्यक्रममा पहिलो पटक प्रस्तुत भएका न्ह्यूले कन्सर्टको प्रारम्भमा 'जिन्दगी यो उत्सव हो' गाए। पहिलो गीतबाटै उनलाई दर्शक/श्रोताले ताली बजाएर स्वागत गरे। दर्शकको ताली बजाउने क्रम अठारौं गीतसम्म जारी थियो। आफ्नो सांगीतिक यात्राको रजत दिवस मनाउन न्ह्यूले एकल कार्यक्रम रोजेको कुरा बताए।

कमलादीस्थित प्रज्ञाभवनमा खचाखच भरिएका दर्शकमाझ उनले गीत मात्र प्रस्तुत गरेनन्, सँग-सँगै गीतको पृष्ठभूमिका बारेमा रोचक जानकारी पनि दिइरहे। पाँच सयभन्दा बढी गीतमा संगीत दिइसकेका न्ह्यूले आफ्नै स्वरमा सजिएको एउटा गीतिसंग्रह पनि सार्वजनिक गरिसकेका छन्। कन्सर्टमा उनी गिटारसहित प्रस्तुत भएका थिए। गिटार बजाउँदै विगत सम्झिरहेका बज्राचार्य बेला-बेलामा आफूलाई यो उचाइसम्म ल्याउन सहयोग पुऱ्याउने स्रष्टाप्रति कृतज्ञतासमेत जाहेर गरिरहेका थिए।

कार्यक्रममा उनले ओराली लागेको हरिणको चाल भो, फूलको आँखामा फूलै संसार, ओम माने पेमे, जय होस् तिम्रो आदि रोमान्टिक तथा आध्यात्मिक गीतहरु प्रस्तुत गरे। सांगीतिक कार्यक्रमको क्रममा गायक निमा रुम्बा, सत्यराज-स्वरूपराज आचार्य, गायिका आनि छोइङ डोल्मा, सिने गुरुङले न्ह्यूद्वारा संगीतबद्ध लोकप्रिय गीत प्रस्तुत गरेर दर्शकलाई थप मनोरञ्जन प्रदान गरेका थिए। अमेरिकामै छँदा उनले केही साथीसँग मिलेर 'एकछिन' शीर्षकको गीतिसंग्रह तयार पारेका थिए। मुनलाइट रेकर्डस बन्द भएपछि त्यो संग्रहले खासै चर्चा पाएन। 'त्यही भएर कन्सर्टको नाम नै 'एक छिन' राखेको हुँ कार्यक्रमको अन्त्यमा न्ह्यूले कन्सर्टको शिर्षकका बारेमा जानकारी गराउँदै भने।

# बृहत् सांस्कृतिक कार्यक्रम

**शिव मुखिया**

'नेता पुष्पकमल दाहाल प्रचण्डज्यू' गाउनका लागि मञ्चमा उक्लिएकी रेश्मा सुनुवारले भाषणको शैलीमा भनिन्- 'कुनै पनि पार्टीले कलाकारलाई गहना भनेर नभन्नुहोला। गहना त हुने-खानेले मात्र लगाउने हो। बरु, राज्यकै एउटा अंग मानिदिनुहोला।' प्रचण्डलाई सम्बोधन गरेर आफ्नो कुरा राखिसकेपछि उनले 'मै ठूली भै छु रे' गीत गाइन्।

'नेताहरूको सक्कली अनुहारमा प्रतिशोध र सत्तामोहभन्दा अरू केही पनि देखिँदैन।' यसैलाई केन्द्रमा राखेर केही हास्यकलाकार मञ्चमा आए। उनीहरूको प्रहसनले दर्शकलाई पेट मिची-मिचि हाँस्न बाध्य मात्र बनाएन, झूटो आश्वासनबाट सतर्क रहन सुझावसमेत दिए। आफ्नो कमजोरी ढाकछोप गरेर अरूलाई आरोप-प्रत्यारोप लगाउने नेताहरूको प्रवृत्तिलाई प्रस्तुत गरिसकेपछि उनीहरूले संघीयताको नाममा देश टुक्र्याउने खेल भैरहेको संकेत गरे। प्रभाकरदेव प्रधानसहित चार जनाको यो प्रहसन प्रस्तुत हुँदा पुष्पकमल दाहाल भने त्यहाँवाट हिँडिसकेका थिए।

गएको शनिबार आयोजित 'बृहत सांस्कृतिक कार्यक्रम'लाई कलाकारहरूले विशुद्ध सांगीतिक मात्र बनाएनन्, त्यसमा राजनैतिक रंग पनि मिसाइदिए। कार्यक्रम गीत, नृत्य तथा प्रहसनको सम्मिश्रण थियो। 'इक्कु-द जंगल म्यान' को निर्माता एवं नायक शुलेमान शंकरको प्रस्तुतिले प्रेक्ष्यालयमा उपस्थित बालबालिकाहरूलाई रोमाञ्चित तुल्याएको थियो। कुखुराको भुत्लाको पहिरनमा जंगली मान्छे बनेर मञ्चमा प्रवेश गरेका इक्कुले 'तानी ताका नानी..' गीतमा नृत्य गर्दा दर्शकदीर्घामा हाँसो छाएको थियो।

नेपाल टेलिभिजनले प्रत्यक्ष प्रसारण गरेको यो कार्यक्रममा गायक हिमाल सागर, आगन्तुक खरेल, राजेशपायल राई आदिले आफ्ना चर्चित गीतहरू सुनाएका थिए। मुटु छुने लुम्लेको हावाले गीतमार्फत प्रस्तुत भएका गायक तिलकबम मल्लले दर्शकलाई नचाएका थिए। फरिया र चोलीमा नृत्य गर्न आएकी निरु खड्काले 'माइतीघर' गीतमा ग्लामरस नृत्य प्रस्तुत गरेकी थिइन्।

राष्ट्रिय सांस्कृतिक मञ्च, राष्ट्रिय सरोकार अभियान नेपाल र राइजिङ सर्कल अफ नेपालले संयुक्त रूपमा आयोजना गरेको उक्त कार्यक्रममा उद्यमी, समाजसेवी एवं पत्रकारहरूलाई 'राष्ट्रसेवा स्वर्ण सम्मान' द्वारा सम्मानित गरिएको थियो।

भीषण राई

अध्ययनको व्यस्तता, बाहिर निस्कन पनि कहिल्यै नभ्याइने। अहिले ती सबै कुरा बिर्सेर धरानको बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानस्थित बास्केटबल कोर्टमा धरानका स्थानीय साथै प्रतिष्ठानमा अध्ययनरत छात्राहरूको जमघट हुने गरेको छ। सर्टिफिकेट नर्सिङ तेस्रो वर्षमा अध्ययनरत ललिता आले प्रत्येक साँझ ७ बजेपछि बास्केटबल कोर्टमा हुन्छिन्। खेलाडी पहिरन जर्सी र हाफ पाइन्टमा उनले ड्रिब्लिङ गरेको देख्दा अचम्म नमाने हुन्छ, तर यतिबेला ललिता मात्र होइन, प्रतिष्ठानमा नर्सिङ र दन्त चिकित्सा अध्ययनरत एक दर्जन छात्रासँगै धरानका अरू महिला पनि बास्केटबल खेल्न व्यस्त छन्। प्रत्येक साँझ उनीहरूलाई प्रतिष्ठानको हाताभित्रको बास्केटबल कोर्टमा भेट्न सकिन्छ।

देशका विभिन्न ठाउँबाट नर्सिङ र दन्त चिकित्सा अध्ययन गर्न आएका उनीहरू यसरी साँझमा बास्केटबल कोर्टमा भेटिनुको एउटै अर्थ हुनसक्छ– टिन एजर्सहरूमा लोकप्रिय बास्केटबलप्रति उनीहरू पनि आकर्षित छन्। उनीहरू साँझ ७ बजेदेखि ९ बजेसम्म बास्केटबल प्रशिक्षण लिइरहेका छन्। किन त ? ललिता भन्छिन्- 'स्कुलदेखिकै चाहना हो, त्यसैले स्किल बढाउन प्रशिक्षण लिएको।' खेल्ने चाहना र स्किल बढाउन जवाफ दिए पनि प्रत्येक वर्ष प्रतिष्ठानमा देशभरिका मेडिकल कलेजहरूबीच हुने विभिन्न खेलकुद प्रतियोगिता साइन्याप्स र तेस्रो वर्षले आयोजना गर्ने खेलकुद कार्यक्रममा खेलकौशल देखाउने पाइने भएकाले पनि उनीहरू अहिले बास्केटबल खेल्न व्यस्त छन्। साइन्याप्समा भाग लिने लक्ष्य छ, पोखराकी सोनी गुरुङको। उनी फिजिकल फिटनेस र शरीर स्फूर्त राख्न पनि खेल प्रशिक्षणमा सहभागी भएको बताउँछिन्। 'हामी दिनभर पढाइ र काममा एकोहोरिएका हुन्छौं, त्यसैले शरीर र मस्तिष्क थाकेर बोर हुन्छ। खेलले मस्तिष्क र शरीर चंगा बनाउँछ'-सोनीले भनिन्। शरिर र मस्तिष्क चंगा बनाउन बास्केटबल नै रोज्नुको कारण कोर्टविना जहीं पनि एक्लै खेल्न सकिने हुनु नै भएको सोनी बताउँछिन्। उनले थपिन्– 'दिक्क लागेको बेला कोठामै पनि म्युजिक लगाएर बलसँग खेल्छु।' सोनीकै जस्तो धारणा छ– सोलुखुम्बुबाट आएकी नर्सिङ प्रथम वर्षकी आङमाया शेर्पा, पाँचथरबाट आएकी तेस्रो वर्षकी शिला अधिकारी तथा जनकपुरबाट आएकी बीडीएस (दन्तचिकित्सा) तेस्रो वर्षकी सोनु यादवको।

बास्केटबल खेलप्रतिको मोह नर्सिङ र दन्तचिकित्साका विद्यार्थीहरूमा मात्र होइन, धरानका प्रायः युवामा अझ भनौं टिनएजरमा अत्यधिक छ। त्यही पुस्ताको प्रतिनिधित्व गर्ने धरानकी वृन्दा राई पनि नर्सिङ र दन्तचिकित्साका विद्यार्थीहरूसँगै प्रशिक्षण लिइरहेकी छिन्। बास्केटबलको टुर्नामेन्ट भए भाग लिने लक्ष्य लिएकी वृन्दा खेलकुदमा महिलाहरूको प्रतियोगिता नहुँदा भने खल्लो लाग्ने बताउँछिन्।

# महिला बास्केटबलको क्रेज



तस्बिर : विकास राई

राई भन्छिन्– 'लेडिजहरूका लागि पनि बास्केटबल प्रतियोगिता हुनुपर्‍यो।' यो खेल खेल्न चाहने अरू थुप्रै युवती छन्,' -उनले भनिन्- 'बास्केटबल निरन्तर सिक्छु, प्रतियोगिता भयो भने भाग पनि लिन्छु।' बास्केटबल स्टाइलिस र ग्लामरस खेल भएकाले पनि युवतीहरूको ध्यान यतातिर छ। बास्केटबलप्रति युवायुवतीहरूको ज्यादै आर्कषण रहेको प्रशिक्षक तथा धरान बास्केटबल संघका सचिव विकास राई बताउँछन्। यो खेलको शैली र पहिरन ग्ल्यामरस तथा स्टाइलिस भएकाले टिनएजर्सहरूले अत्यधिक रुचाएको उनको धारणा छ।

'यो खेल फेसन तथा ग्ल्यामरसँग सम्बन्धित भएकाले हेर्ने र खेल्न चाहनेहरू बढिरहेका छन्,' -प्रशिक्षक राई थप्छन्। हुन पनि विश्वप्रसिद्ध बास्केटबल खेलाडीहरूको छड्के टोपी, ह्यान्ड ब्याण्ड, हिपहप जर्सी र हाफ पेन्टका साथै स्टाइलिस हाउभाउबाट अहिलेको युवा पुस्ता अत्यन्तै प्रभावित छ। मैदानमा खेल खेल्दा मात्र होइन, युवाहरू घर र बजारमा समेत बास्केटबल खेलाडीहरूको हिपहप शैली र पहिरनमा देखिन्छन्। 'युरोपतिर त युवाहरू हातमा बास्केटबल लिएर हिंड्ने फेसनै चलेको छ। बास्केटबलका स्टारहरूले के खान्छन्, के लाउँछन्, ती सबै फेसन हुन्छ,' -सुनसरी तथा धरान बास्केटबल संघका अध्यक्ष सुरज लामा भन्छन्- 'त्यसैले यहाँ पनि युवाहरूमा यो खेलको लोकप्रिय छ।' बास्केटबल युवाहरूमाझ लोकप्रिय भएकै कारण धरानका प्रायः निजी बोर्डिङ स्कुलले विद्यार्थीहरूलाई आकर्षण गर्न विद्यालयमा बास्केटबल कोर्ट बनाएको लामा बताउँछन्।

फेसन र फुटबलमा अगाडि रहेको धरानमा होराइजन, हुक्टर्स, बारुलाज, स्वर्णिम, अमर, यलम्बारलगायत करिब दसवटा बास्केटबल क्लबको सक्रियताले पनि यहाँका युवाहरूलाई बास्केटबलप्रति आकर्षित गरिरहेको छ। गत वर्षको असारमा काठमाडौंमा सम्पन्न १७ वर्षमुनिका प्रथम जेभियर्स इन्टरनेसनल अन्तरविद्यालय राष्ट्रिय बास्केटबल प्रतियोगितामा धरानको डिपोट उच्च मा.वि.ले उपाधि जित्नुले पनि धरान यो खेलमा अब्बल रहेको पुष्टि गर्छ। जेभियर्स इन्टरनेसनल राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट खेलाडी हुन सफल डिपोटका खेलाडी भूपाल राई पनि बास्केटबल स्टाइलिस खेल र हिपहप पहिरनका कारण नै युवाहरूले अत्यधिक रुचाएको बताउँछन्। खेल खेल्दा खेलाडीले धेरै अनौठा ट्रिक अथवा कौशल देखाउने भएकाले पनि यो खेल हेर्न दर्शकको घुइँचो हुने उनको धारणा छ। 'अरूभन्दा स्टाइलिस खेल भएकाले दर्शक पनि आकर्षित भएका होलान्, उनले भने।

## • मैदान बाहिर •

# ठूलो स्तनले समस्या





सन् २००८ मा फ्रेन्च ओपनको जुनियर विधाको उपाधि जितेपछि रोमानियाकी सिमोना हालेप महिला टेनिसमा आशाप्रद खेलाडीका रूपमा देखा परेकी थिइन्, तर उनले सिनियर विधामा भने सोचेअनुरूपको सफलता पाउन सकिनन्। रोमानियाकी यी १७ वर्षीया खेलाडी अहिले महिला टेनिसको वरियता क्रममा २ सय ५८ औं स्थानमा छिन्। जुनियर टेनिसमा पाएको सफलता सिनियर वर्गमा हात पार्न नसक्नुको कारण हालेपले आफ्नो ठूलो स्तन मुख्य कारण रहेको महसुस गरेकी छिन्। ग्ल्यामरस खेलाडी हुने धुनमा उनले केही समयअघि आफ्नो स्तन बढाएर ३४ डीडी आकारमा पुर्‍याएकी थिइन्। स्तन बढाएपछि हालेपले पुरुष दर्शकको ध्यान सोचेभन्दा बढी आकर्षित त गरिन् तर यही स्तनले उनलाई कोर्टमा छरितो बन्न दिएन भने स्तनको तौल बढेका कारण उनको ढाडमा समेत समस्या देखा पर्न थाल्यो। खेलमा सफलता हात नपारी सफल हुन सकिंदैन भन्ने कुरा बुझेर अहिले हालेपले आफ्नो स्तनको शल्यक्रिया गरेर घटाउने निर्णय गरेकी छिन्। यो वर्षको फ्रेन्च ओपनको दोस्रो चरणमा प्रवेश गरेकी हालेपले प्रतियोगिता नभएको मौका छोपेर आफ्नो स्तन घटाउने बताइन्छ।



# लाम्पार्डसँग बदला

एलिन रिभ्ससँग पारपाचुके गरेर अर्कै युवतीसँग प्रेम गरिरहेका चेल्सीका फुटबर फ्र्यांक लाम्पार्डसँग उनकी पूर्वपत्नीले बदला लिन थालेकी छिन्। छोरी र आफ्नो न्यूनतम आवश्यकता पूरा हुने रकम नदिई विचल्लीमा पारेको आरोप सार्वजनिक भएलगत्तै उनी अर्कै पुरुषसँग हिंड्डुल गर्न थालेकी छिन्। स्पेनिस मोडल एलिन र लाम्पार्डबीच गत फेब्रुअरी महिनामा पारपाचुके भएको थियो। अहिले एलिन लन्डनको सडकमा अर्कै पुरुषसँग हिडेको समाचार प्रकाशित भएको छ। उनको पछि लागेका पत्रकारहरूका अनुसार उनीहरू क्लबमा गएर ककटेल लिँदै पाँचतारे होटलमा रात बिताउँछन्। एलिनको यस्तो कार्यका बारेमा लाम्पार्डले भने कुनै प्रतिक्रिया जनाएका छैनन्।

साप्ताहिक Classified Advertisement

**रोजगार**

NGO संस्थालाई साधारण SLC +2 + Computer जानेका १३ कर्मचारी तलबः ९५००/-, ग्यारेन्टी, २०७२५४५, ९८४१४९३०२६, ९८०३०७५९८१

**सम्पर्क**

सस्तो, सुबिधा सम्पन्न गर्ल्स होस्टल नयाबानेश्वरमा भर्ना खुल्यो, सम्पर्कः ९८४१३११५५२, ९८४१८७९१३३

**उपचार**

स्तन घटाउन बढाउन, गुप्ताङ्ग टाईट गर्न स्वेतप्रदरबाट मुक्त तथा यौन सन्तुष्टीको बिकास गर्न ४२७६०६८, ९८४९०५११६१

निसन्तान, मधुमेहको सफल उपचार अन्तर्राष्ट्रिय अनुभवी डाक्टरद्वारा Direct: 01-2417717, 9841931976

थाहै नदिई जाँडरक्सी, चुरोटको कुलत छुटाउन ९८०३५०२२५९

सिघ्रस्खलन उत्तेजना नहुने लिङ्गको लम्बाई मोटाई बढाउन साथै यौन क्षमतामा अभिबृद्धि गर्न ४२७६०६८, ९८४१९८१९७६

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका कान्तिपुर बर्गीकृत संकलन काउण्टर तथा सिधा मोवाइल ९८४१-२०५९७७ मा सम्पर्क गर्न अनुरोध गरिन्छ।



# महिला क्रिकेटरको सफलता दोहोरिएन

सुरुमा तेस्रो स्थानसम्म हासिल गर्ने टिमले आगामी वर्ष चीनको ग्वाङजाउमा हुने एसियाली खेलकुद (एसियाड) मा प्रवेश पाउने हल्लाले नेपालको प्रदर्शन सन्तोषजनक नै मानिएको थियो, तर पछि सम्बन्धित राष्ट्रको ओलम्पिक कमिटीबाट जानुपर्ने खुलासा भएपछि नेपालको तेस्रो स्थानलाई सान्त्वनाका रूपमा हेरियो। एसियाडमा आठवटा टिमले प्रवेश पाउनेछन्। चीनले तेस्रो स्थानका लागि भएको प्रतिस्पर्धामा नेपालसँग हारे पनि आयोजकका हैसियतले एसियाडमा खेल्न पाउनेछ। टेस्ट राष्ट्र भारत, पाकिस्तान, बंगालादेश र श्रीलंकाकाले पनि स्वत: प्रतियोगितामा भाग लिन पाउनेछन्।

**नेपालको प्रदर्शन**

**समूह चरण**
इरानविरुद्ध ६२ रनको जित
सिंगापुरविरुद्ध बलआउटमा २-१ को जित
कतारविरुद्ध ८ विकेटको जित
भुटानविरुद्ध ८ विकेटको जित
थाइल्यान्डसँग २३ रनले पराजित

**सेमिफाइनल**
हङकङसँग ७ विकेटले पराजित

**तेस्रो स्थान**
चिनविरुद्ध ७२ रनको जित

**अजय हमाल**

काठमाडौं- नेपाली महिला क्रिकेटसँग छोटो इतिहासमा पनि सफलताको कथा छ। उमेर समूहको प्रतियोगितामा नेपाली क्रिकेटररहरू अब्बल मानिन्छन्। सात महिनाअघि मात्र नेपालले एसीसी यू-१९ च्याम्पियनसिपको उपाधि जितेको थियो।

भर्खरै मलेसियाको भ्रमणमा निस्किएको नेपाली महिला क्रिकेटले आफ्नो सफलतालाई बिर्सिएन। यद्यपि नेपालले एसीसी महिला ट्वान्टी-२० च्याम्पियनसीपमा तेस्रो स्थानमै चित्त बुझायो। नेपालले एसियाली क्रिकेट काउन्सिलको कुनै पनि प्रतियोगिताको फाइनल खेल्न पाएको छैन।

मलेसियामा नेपाली महिला क्रिकेटको प्रदर्शनबाट केही प्रश्न पनि उठेको छ। नेपाली किशोरीहरूले राम्रो खेल्न नसकेका हुन् त ? नतिजालाई प्रशिक्षक र कप्तानले सजह रूपमा स्वीकार गर्दै भने, 'हामीले राम्रो गर्न सकेनौं। खासगरी ब्याटिङमा कमजोरी रह्यो।' पुरुष क्रिकेटको समस्या पनि यही हो।

'नेपाल पछाडि परेको छ,' टिमका प्रशिक्षक प्रदीपराज पाण्डेले भने, यसलाई पाठका रूपमा लिएर महिला क्रिकेटको तयारी राम्रो गर्नु आवश्यक छ।' पहिलोपल्ट कप्तानीको जिम्मेवारीमा उत्रिएकी ऋतु कनौजियाले पनि ब्याटिङमा कमजोरी देखाइन्। आफूले आशा गरेका खेलाडी जम्न नसक्नु हारको कारण रहेको उनको अनुभव रह्यो।

सुरुमा तेस्रो स्थानसम्म हासिल गर्ने टिमले आगामी वर्ष चीनको ग्वाङजाउमा हुने एसियाली खेलकुद (एसियाड) मा प्रवेश पाउने हल्लाले नेपालको प्रदर्शन सन्तोषजनक नै मानिएको थियो, तर पछि सम्बन्धित राष्ट्रको ओलम्पिक कमिटीबाट जानुपर्ने खुलासा भएपछि नेपालको तेस्रो स्थानलाई सान्त्वनाका रूपमा हेरियो। एसियाडमा आठवटा टिमले प्रवेश पाउनेछन्। चीनले तेस्रो स्थानका लागि भएको प्रतिस्पर्धामा नेपालसँग हारे पनि आयोजकका हैसियतले एसियाडमा खेल्न पाउनेछ। टेस्ट राष्ट्र भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकाकाले पनि स्वत: प्रतियोगितामा भाग लिन पाउनेछन्।

बाँकी तीन टिमको छनौट हुन बाँकी छ। स्वदेशी नागरिक सहभागी भएको टिमले मात्र एसियाडमा खेल्न पाउने भएकाले नेपालको सम्भावना बढी छ। हङकङ च्याम्पियनसिपमा पहिलो भए पनि एसियाडमा देखिनेछैन। उसको टिमका धेरै खेलाडी विदेशी छन्। फाइनल खेलेको थाइल्यान्डको टिममा पनि बाहिरका खेलाडी छन्। एसियाडमा खेल्ने तीन टिमको निर्णय पछि नै हुनेछ।

जुलाई ३ देखि ११ सम्म सञ्चालन भएको प्रतियोगितामा नेपालका दुई खेलाडी व्यक्तिगत रूपमा सफल मानिए। रुविना क्षेत्रीले सिंगापुरविरुद्ध एकै ओभरमा हयाट्रिकसहित पाँच विकेट लिएर इतिहास रचिन्। नेरी प्रतियोगिताकै उत्कृष्ट बलर चुनिइन्। उनले चार खेलमा १४ विकेट आफ्नो नाममा लेखाइन्। पूर्वकप्तान नेरीले कुल १६ ओभर बलिङ गरिन्।



# पोखरामा सुटुक्क सुन्दरी प्रतियोगिता



**शिव शर्मा**

पोखरा- सुन्दरी प्रतियोगिता हुँदैछ भनेपछि पोखरामा चार महिनाअघिदेखि नै प्रचार-प्रसार सुरु हुन्छ, तर यसपटक भने एउटा सुन्दरी प्रतियोगिताको आयोजना गुमनाम रूपमा सम्पन्न भयो। प्रतियोगिता थियो- गुलमोहर टेक्निकल फेसन इन्स्टिच्युटद्वारा आयोजित मिस जनजाति-२०६६।

पोखरा सभागृहमा शनिबार सम्पन्न प्रतियोगितामा खासै चहलपहल देखिएन। प्रतियोगिता सुरु हुन लाग्दासमेत कसैले कार्यक्रमको सुइँको पाएनन्। प्रवेशद्वारमा तुल, ब्यानर समेत केही थिएन। प्रचार-प्रसार पनि केही नभएकाले के कार्यक्रम हुँदैछ भनेर कसैलाई पत्तो हुने पनि कुरा पनि भएन।

माओवादी निकट अखिल नेपाल महिला संघ क्रान्तिकारीले कार्यक्रम अवरोध गर्ने त्रासकै कारण विना प्रचारप्रसार कार्यक्रमको चाँजोपाँजो मिलाइएको थियो। विभिन्न नाममा सुन्दरी प्रतियोगिता हुँदै आए पनि यहाँ जनजाति सुन्दरी प्रतियोगिता भने पहिलो पटक भएको हो। अघिल्लो वर्ष नै यो प्रतियोगिताको तयारी गरिए पनि विविध कारणले कार्यक्रम हुन सकेन। प्रतियोगिता हेर्न आउने दर्शक पनि अभिभावक र प्रतिस्पर्धी सुन्दरी तथा आयोजकका आफन्त मात्र थिए। प्रवेशद्वारमा समेत कडाइ गरिएको थियो।

गत वर्ष यहाँ आयोजित मिस पश्चिमाञ्चल प्रतियोगिता क्रान्तिकारी महिलाहरूले नै बिथोलेका थिए। प्रतिस्पर्धी सुन्दरी तथा क्रान्तिकारी महिलाबीच हातहाल र बाझाबाझसमेत भयो। प्रत्येक वर्ष हुँदै आएका मिस टिन, मिस पश्चिमाञ्चलजस्ता प्रतियोगिता यही कारणले हुन सकेका छैनन्।

१६ जना सुन्दरीले प्रतिस्पर्धा गरेको प्रतियोगितामा १९ वर्षीया कोमल रानामगरले मिस जनजाति पोखरा-२०६६ को उपाधि जितिन्, तर विजेता बनेकी रानालाई ताजसमेत पहिराइएन। प्लस टु सकेकी विजेता कोमलको अनुहारमा पनि हर्षको भाव देखिँदैनथ्यो। प्रतियोगितामा स्माइली राना फस्ट रनरअप तथा भूमा थापा सेकेन्ड रनरअप बनिन्।

प्रतियोगितामा बेस्ट भ्वाइस र बेस्ट फिगर प्रमिला गुरुङ, बेस्ट ट्यालेन्ट रीता गुरुङ, फोटोजेनिक निर्मला गुरुङ, बेस्ट हेयर निरु पुन, पर्सानालिटी प्रिकी थापा, ड्रेस पञ्च श्रेष्ठ, बेस्ट स्माइल लक्ष्मी गुरुङ, फ्रेन्डसिप मनशोभा गुरुङ, क्याटवाक अनिता गुरुङ तथा बेस्ट स्किनको उपाधि दुर्गा पुनमगरले पाएका थिए।

दिउँसो दुई बजेदेखि राति १० बजेसम्म चलेको कार्यक्रममा डिजाइन फ्ल्यास पनि समावेश गरिएको थियो। फेसन डिजाइनरहरूले तयार पारेका पहिरनमा मोडलहरूले क्याटवाक गरेका थिए। डिजाइनर कन्टेस्टमा तृप्ति विजेता घोषित भइन् भने ज्ञानेश गुरुङ फस्ट रनरअप तथा रोजी श्रेष्ठ सेकेन्ड रनरअप बने।


के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?
युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
नेपालमा पहिलो
उद्यमशीलता तालिम
महिला तथा विद्यार्थीहरूलाई ४०% छुट
DIGITAL VIDEO-EDITING & ANIMATION
फोटोग्राफी भिडियोग्राफी
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४२३१९, ९८४१-३२२७७७

Study + Work Visa
UK
Under New Rules
USA + H1B Visa, Australia, Canada & Others
High Visa Success Rate
Best Colleges of your choice
Best Documentation Guidance
Shaping Minds Group
Education Department
Putalisadak-2222605, 4233478

होटल तालीम
छुट (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

होटल तालिम
Cook / Bakery
Waiter / ess / Bar Tender
Front office/House keeping
Care Giver
विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ।
Manpower Training Center Pvt Ltd
PACIFIC
Jamal, Kathmandu
4232196

३ महिनामा ४" उचाइ बढाउने
♦केश झर्न तुरन्तै रोकी उमार्ने
♦१ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
♦जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
♦तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
♦१ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
♦प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
♦ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल
पाटन हस्पीटल अगाडी
Tel :01-5004046
01-5550195
Mo:9851112675
शाखा कार्यालय बनेपा

प्राईभेट
Test/SLC
■ भर्खरै 9 तथा Test फेलभएका
■ 8,9,Test पास भएका /जागिरे/उमेर नाघेका र अध्ययन निरन्तर गर्न चाहने सबै विधार्थीहरुलाई समेटने गरी खुल्यो
अन्तिम भर्ना
●जि.शि.का. र EIA बाट सम्बर्धन प्राप्त
●पुस्तकालय र होस्टेलको ब्यबस्था
●अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने
100% Result Since 2004.....
सिमित सिटमा फारम बितरण तथा भर्ना प्रकृया धमाधम भइरहेको छ
सम्पर्क
कोलम्बिया एकेडेमी
नयाँ बानेश्वर, संखमुलझर्ने ओरालोको मुखैमा
(कोलम्बस कलेजको ठिक अगाडी)
फोन नं. 4781061,9841387697


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।